# शिक्षक

www.teacher.org.np

मूल्य रु ३०/-

फागुन २०६६



विशेष सामग्री

असल शिक्षक छान्ने काइदा

शिक्षक विकासका मूल एजेण्डा
- डा. मनप्रसाद वाग्ले

दुई टुक्रा कागजको कमाल
- हेलेन पी

गोदावरी घुम्न जाँदा...
- डा. तीर्थबहादुर श्रेष्ठ

## एसएलसी २०६६

# सुधार्ने कि अरु बिगार्ने

मर्यादित परीक्षाका पक्षधर
प्राचार्य सरोजकुमार पाण्डे

## अंकुर परामर्श केन्द्रका विशिष्ट सेवाहरूको एक झलक




फ्रेण्ड्स अफ निडी चिल्ड्रेन (Friend of Needy Children -FNC) को मनोसामाजिक परामर्श कार्यक्रमअन्तर्गतको अंकुर परामर्श केन्द्र (Ankur Counseling Center -ACC) विगत तीन वर्षदेखि बालबालिका तथा युवायुवतीहरूलाई विभिन्न समस्या तथा अप्ठ्याराहरूका साथीको रूपमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । यसले बालबालिका, युवा, शिक्षक, अभिभावक, परामर्शदाता तथा विद्यार्थीहरूलाई ध्यानमा राखी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ । यदि कुनै संघसंस्था, विद्यालय तथा व्यक्तिहरू हाम्रा सेवा चाहनुहुन्छ भने सम्पर्क ठेगानाः एकान्तकुना, जावलाखेल, ललितपुर, फोनः ५००००७०, ५५४३२५७, इमेलः info@fncnepal.org, laxmic@fncnepal.org, anubha@fncnepal.org, वेबसाइटः www.fncnepal.org

| | सेवा विवरण | विशेष आकर्षण |
|---|---|---|
|  | **परामर्श सेवा**<br>**Counseling Service** | बालबालिका तथा युवाहरूको लागि व्यक्तिगत तथा अन्य परामर्श सेवा  |
|  | **तालिमहरू**<br>**Trainings** | 1) Basic Counseling Training<br>2) Advance Counseling Training<br>3) Cognitive Behavior Therapy(CBT)<br>4) Child parent relationship Therapy(CPRT)<br>5) Basic and Advance Sand Play Therapy<br>6) Positive Discipline<br>7) Effective Communication skills |
|  | **अभिमुखीकरण कार्यक्रमहरू**<br>**Orientation** | 1) Stress Management(Creative Movement Therapy-CMT)<br>2) Grief Management<br>3) Positive Discipline<br>4) Mothers Capacity Building Training<br>5) Sex and Sexuality<br>6) How to identity psychological problems among children<br>7) Effective parenting<br>8) Self esteem improvement<br>9) Life skills<br>10) Adjustment<br>11) Need Based(on demand) packages |
|  | **विद्यालयहरूको लागि कार्यक्रमहरू** | 1) Observation project for children (Behavioral, Emotional, physical and psychosocial aspects)<br>2) How to identify psychological problems as a teacher and staff<br>3) Dealing/or teacher students interpersonal relationship specially children with different challenges<br>4) Stress management program for Teachers and support staff |

## सेवार्थीहरूका केही भनाइहरू

- 'यहाँबाट मैले सकारात्मक सोचको विकास गर्न सकें ।'
- 'द्वन्द्व विचार स्पष्ट भयो ।'
- 'यस्तो संस्था हामी जस्तो बाहिरी (सामुदायिक) सेवार्थीको लागि एकदम आवश्यक छ र यो सेवा अझ बढाउनुपर्छ ।'
- 'मेरो डर यहाँ आएर हरायो ।'
- 'मैले मलाई पाएँ ।'
- 'तपाईंसँग मनको पीर राख्न पाउँदा मन हलुका भयो ।'
- 'मैले ध्यान केन्द्रित गर्न सकें ।'
- 'मेरो डिप्रेशन कम भयो ।'
- 'मैले मेरो जीवनको लक्ष्य निर्धारण गर्न र निर्णय लिनलाई परामर्शले सक्षम बनायो ।'
- 'यहाँ मलाई रमाइलो र आनन्द लाग्छ ।'
- 'मेरो पालो कहिले आउँछ ? मलाई कहिले बोलाउने ?'

# शिक्षक मासिक

जिप्रका लपु दर्ता नं ५३/०६५/०६६

वर्ष २ पूर्णाङ्क २३

फागुन २०६६
Feb–Mar 2010


आवरण तस्विरः किरण पाण्डे




रबिन सायमि

## परीक्षा सुधारौं, पढाइ सुध्रिन्छ

पनिका, परीक्षा समन्वय समिति र सरकारका कुनै अङ्गले चिटिङ रोकिदेला कि भनेर पर्खिनुको सट्टा केन्द्राध्यक्षहरू स्वयं नै चिटिङको विरोधमा सक्रिय हुन जरुरी देखिन्छ किनभने परीक्षालाई मर्यादित तुल्याउने कुरामा सबैभन्दा महत्त्वपूर्ण भूमिका प्रअ र शिक्षकहरू कै हुन्छ ।


आवरण २२-२६
बाबुराम विश्वकर्मा


### गतिविधि


परीक्षार्थी-शिक्षकले देखाए तमासा ■ छानविन जारी ■ योजना बनाउन शैक्षिक संवाद ■ असल शिक्षक छान्न मतदान ■ हत्या अभियोगमा शिक्षक प्रताडित ■ आयोगमा राउत

पृष्ठ १०-१३


### थप सामग्री


| | | |
|---|---|---|
| दुई पाना कागजको चमत्कार | हेलेन पी. म्रोसला | ४ |
| कर्मचारी नहुँदा शिक्षकलाई मर्का | प्रमोद आयाम | १४ |
| एसएलसी दुर्दशा | | २८-३३ |
| चिटिङः कृत्य एक, कारण अनेक | राजकुमार बराल | ३५ |
| एसएलसी परीक्षाः कसले सुधार्ने, कसरी सुधार्ने ? | शिक्षक संवाद | ३८ |
| नेपाली भाषा-संस्कृति जोगाउने बर्मेली जुक्ति | कमल दीक्षित | ४६ |
| व्यक्तित्व | ध्रुव सिम्खडा | ५२ |
| गणितका चिन्ह | उत्तमबहादुर तामाङ | ५४ |
| Act locally, Think globally | Sajan Kumar Karn | ५६ |


### स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, फुर्सद ६०, जम्काभेट ६४


### शिक्षक विकास
किन र कसरी ?

डा. मनप्रसाद वाग्ले





पृष्ठ १६-२१


### गोदावरी घुम्न जाँदा...

डा. तीर्थबहादुर श्रेष्ठ


पृष्ठ ४८-५१


हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा

**कार्यालयः** *शिक्षक* **मासिक**, पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर**, फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# ‘नालायकहरू !’

**माथिको** शीर्षक ती शिक्षकहरूप्रति लक्षित छ, जसले चिट चोर्न नपाएपछि परीक्षा केन्द्रमा तोडफोड गरे; परीक्षाको मर्यादालाई मात्र होइन, आफ्नो पदीय प्रतिष्ठालाई पनि कुल्चिए। तिनले शिक्षाको ज्योति बाँड्न समर्पित असल शिक्षकहरूको समेत शिर निहुऱ्याइदिएका छन्। आफ्ना सन्तानलाई राम्रो शिक्षा दिनका लागि मरिहत्ते गरिरहेका अभिभावकहरूको भावनालाई अपमान गरेका छन्। त्यति मात्र नभएर तिनीहरूले आफूलाई तलबभत्ता उपलब्ध गराउने करदाताहरूको मेहनत र पसिनाको पनि अवमूल्यन गरेका छन्। त्यसभन्दा पनि ठूलो कुरा, योग्य शिक्षकहरूबाट शिक्षा दिलाउनका लागि सरकारले अघि ल्याएको एउटा विधिसम्मत् व्यवस्था भाँड्न खोजेर आफूलाई अराजक भीडका रूपमा प्रस्तुत गरेका छन्।

नालायक भनेको अयोग्य हो; दिइएको दायित्व पूरा गर्न नसक्ने, काम नलाग्ने व्यक्ति हो। सरकारी कोषबाट तलब भत्ता खाने व्यक्तिलाई निर्धारित विधिबाट आफ्नो योग्यता सावित गर भन्नु सरकारको अधिकार र दायित्व दुवै हो। परीक्षाका केही मर्यादाहरू हुन्छन्, त्यसको पालना गर्नु विधिको सम्मान गर्नु हो र त्यसलाई अपमान गर्नु जङ्गली प्रवृत्ति हो।

स्पष्ट पारौँ, यी शब्दहरू आक्रोशवश लेखिएका होइनन्। केही शिक्षकहरूबाट भएको यो अराजक क्रियाकलापबाट संवेदनशील नेपालीहरूलाई रिस उठेको होइन, चित्त दुखेको छ। परीक्षा बहिष्कार गरेर हुलहुज्जत गर्ने काम मुलुकको कुनै एउटा ठाउँमा मात्र भएको भए यो चित्तदुखाइको घनत्त्व कम हुनेथियो तर धेरै ठाउँबाट एकैनासका समाचार आए। त्यति मात्र होइन, उनीहरूले आफ्नो हुल्याहापनको बढाइँ गरेर समाचार नलेखेको भनेर पत्रकारहरूलाई घुस खाएर समाचार लेखेको समेत भने (वीरगञ्जको घटना, जहाँ परीक्षार्थी–शिक्षकहरूले पछि पत्रकारहरूसँग माफी मागे)।

यहाँ, मुलुकभरका शिक्षकहरूले पढ्ने पत्रिकाको पहिलो पानामा केही शिक्षकहरूलाई नै त्यस्तो कठोर विशेषण दिने हाम्रो रहर होइन। शिक्षक र शिक्षकहरूको पारस्परिक सम्बन्ध र व्यवहार हामी दुवैथरीलाई थाहा छ। *शिक्षक* शिक्षकहरूको योग्यता, क्षमता, प्रतिबद्धता र समर्पणको पूर्ण कदर गर्छ भनेर हामीले आफ्ना मुखले भनिरहनै पर्दैन। तर, यसको अर्थ शिक्षकहरूबाट भएको भन्दैमा अराजकता, नालायकी, ठगी, द्वैधचरित्र, भ्रष्टाचार आदिलाई *शिक्षक* ले न सहन गरेको छ, न गर्ने नै छ। हाम्रो उद्देश्य शिक्षक र शिक्षणलाई सघाउने हो। त्यहाँभित्रका विकृतिहरूलाई औंल्याएर र केलाएर नै आफ्नो उद्देश्य हासिल गर्न सक्छौं भन्ने हाम्रो विश्वास छ।

हामीलाई थाहा छ, नालायकहरूलाई गाली गरेर मात्र समस्या समाधान हुँदैन। हामीले सबभन्दा पहिले ‘मुड्ग्रो देखाएर ढुङ्ग्रो खोस्ने’ प्रवृत्ति नेपालमा कसरी हुर्कियो र किन यो व्यापक हुँदैछ भन्ने विषयमा गम्भीरतापूर्वक विचार गर्नु आवश्यक छ।

हड्ताल, सत्याग्रह र नागरिक अवज्ञाको सबभन्दा सशक्त प्रयोग महात्मा गान्धीले गरेका थिए, भारतबाट बेलायतीहरूको आधिपत्य अन्त्य गर्नका लागि। शान्तिपूर्ण आन्दोलन भनेको संस्थापनाले ल्याएका नीति, नियम र व्यवस्थाहरूलाई शान्तिपूर्ण ढङ्गले अवज्ञा गरेर नैतिक दबाब दिने मान्यता प्राप्त विधि हो। कानुनी तवरबाट हासिल हुन नसक्ने महान् उपलब्धिहरूका लागि त्यस्ता विधिहरूको प्रयोग सदैव हुन्छ र त्यसलाई कसैले पनि नकार्दैन। तर त्यस्ता लोकतान्त्रिक विधिको संसारमा सबैभन्दा दुरुपयोग कहीँ भएको छ भने त्यो आजको नेपालमा भएको छ।

नेपालमा पहिले निर्दलीय पञ्चायतको विरोध गर्न अनि पछि राजतन्त्रको अन्त्यका लागि सङ्घर्ष गर्न कानुनी बाटाहरू उपलब्ध थिएनन्। त्यसैले ठूलो राजनीतिक लक्ष्य प्राप्तिका लागि अपनाइएका ‘जस्तासुकै’ उपायहरूलाई पनि समाजले सहेको थियो। तर अहिले सबै किसिमका समस्या समाधान गर्न वैधानिक बाटाहरू खुला भएका बेलामा पनि आफ्नो अयोग्यता ढाकछोप गर्न र आफ्ना अराजक मागहरूलाई पूरा गराउनका लागि त्यस्ता विधिहरू अपनाउने प्रवृत्ति अरू बढेको छ। केही मानिसहरू अहिले संविधान बनाउने काममा लागेका वा सरकार चलाउने दलहरूले नै अराजकता शुरु गरेको भनेर नेपाललाई सधैँ अराजकताको भुमरीमै राख्नुपर्ने विचार पनि व्यक्त गर्छन्। तिनीहरूलाई हाम्रो प्रश्न छ, “कसैलाई क्यान्सर भएकाले ठूलो शल्यक्रिया गरेर जाती पारिएको छ भने, पछि उसलाई रुघा लाग्दा पनि शल्यक्रिया नै गर्नुपर्छ भन्नु बुद्धिमानी हो ?” ठूला राजनीतिक परिवर्तनका लागि अपनाइएका विधि हामी स-साना कुराका लागि अपनाउन थाल्यौं भने हामीले एउटा सभ्य राष्ट्रका रूपमा आफूलाई कहिले स्थापित गर्ने ?

यो प्रवृत्ति केही शिक्षकहरूमा मात्रै रहेको भने होइन। तर यस पटकका घटनाहरूबाट हामीलाई पानीको मुहान धमिलिएको अनुभव भएको छ। भोलि विद्यार्थीहरूले “हाम्रा सरहरू त चिट चोर्न नपाउँदा तोडफोड गरेर स्थायी हुनुभयो भने हामीले पनि सके चोरेर र चोर्न नसके तोडफोड गरेर पास भए भइहाल्यो नि” भन्दैनन् भन्ने कुनै ठाउँ बाँकी छैन।

हाम्रो राय छ, सम्बन्धित सबैले यस्तो प्रवृत्तिको विरोध गर्नुपर्छ। पहिलो विरोध त सम्बन्धित स्कूलका प्रधानाध्यापकहरूले नै गर्नुपर्छ “सर/मिस तपाईंले त हाम्रो स्कूलको र पेशाको नै अपमान गर्नुभयो नि” भनेर। समाजका अरू सदस्यहरूले पनि गर्नुपर्छ “अस्ति चिट चोर्न पाइएन भनेर हुलदङ्गा गर्नेमा सर/मिस पनि हुनुहुन्थ्यो ?” भनेर। राजनीतिक पार्टीको बुईं चढेर पेशालाई बदनाम गर्ने नालायकहरूलाई निरुत्साहित गर्नुपर्छ। 📖

## जितको सूत्र

जूडोको कक्षामा भर्ना मात्र भएको एउटा बालक नराम्रो दुर्घटनामा पऱ्यो । उसको बायाँ हात पाखुरीबाटै काट्नुपऱ्यो । त्यो उसका लागि मात्र नभएर उसको परिवारकै लागि नराम्रो आघात थियो। बालक धेरै दिनसम्म कक्षामा नआएपछि जूडोका गुरु उसलाई भेट्न गए। घाउ ठीक भएपछि फेरि जूडो कक्षामा आउनु भनी बालकको घरबाट फर्किए ।

एउटा हात नभएको बालकलाई जूडो सिक्न बोलाएको सुन्दा धेरैले आश्चर्य माने । जूडोले बालकलाई सन्तुलन कायम गर्न सिकाउँछ र शारीरिक क्षमतालाई पूर्ण उपयोग गर्न मद्दत गर्छ भन्ने गुरुको कथन सुनेपछि मानिसहरू आश्वस्त भए ।

केही महिनापछि बालक फेरि जूडोको कक्षामा जान थाल्यो ।

धेरै दिनसम्म गुरुले त्यो बालकलाई एउटै मात्र दाउ सिकाइरहे । साथीहरूले धेरै दाउ सिकिसक्दा पनि आफू एउटै दाउमा सीमित हुनुपरेकोमा बालकको चित्त दुख्यो र उसले एकदिन गुरुसित गुनासो गऱ्यो, "गुरु, अरूले कत्ति जानिसके मैले चाहिँ अरू केही जान्नुपर्दैन ?"

गुरुले मुसुक्क हाँसेर भने, "तिमीले जान्नुपर्ने यत्ति हो। अरू नजाने पनि हुन्छ। तर तिमीलाई रहर लाग्यो भने पहिलो प्रतिस्पर्धापछि अरू दाउ पनि सिकाउँला नि !"

बालकले राम्ररी कुरा त बुझेन तर पनि गुरुको भनाइ मान्यो र आफ्नो अभ्यासमा तल्लीन भयो ।

एकदिन उसले एउटा ठूलो प्रतिस्पर्धामा भाग लिने मौका पायो । आफूले धेरै दाउ (ट्रिक) नजानेकाले ऊ डराएको थियो । तर गुरु भने ढुक्क देखिन्थे ।



नभन्दै, उसैलाई विश्वास नलाग्ने गरी उसले खेल जित्यो ।

फर्कंदा उसले गुरुलाई सोध्यो, "गुरु, मलाई नै थाहा छैन, मैले कसरी जितेँ ?"

गुरुले भने, "तिमी एउटा मात्र दाउ जान्दछौ तर त्यो जूडोका सबभन्दा कठिन दाउहरूमध्येको हो। त्योभन्दा पनि ठूलो कुरा चाहिँ यो दाउ खेल्ने खेलाडीलाई बायाँ हात समातेर मात्र लडाउन सकिन्छ। तिम्रा प्रतिस्पर्धीहरूले तिम्रो बायाँ हात नै भेटेनन् र तिमीलाई जित्न सकेनन् ।"

***शिक्षाः असल गुरुले विद्यार्थीका कमजोरीलाई क्षमतामा परिणत गरिदिन सक्छन् ।***

*http://www.moralstories.org/ बाट साभार*


## नियमित रूपमा शिक्षक प्राप्त गर्ने ४ काइदा

१. आफूलाई पायक पर्ने/नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर । (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ । शिक्षक मासिकको व्यवस्थापनले कुनै दायित्व वहन गर्दैन ।)

२. ग्राहकले इच्छाएको पत्रपत्रिका बिक्रेता/पसल वा एजेन्टमार्फत पत्रिका प्राप्त गर्ने गरी सीधै शिक्षक मासिकको कार्यालयमा ग्राहक बनेर । (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व शिक्षक मासिकको व्यवस्थापनले वहन गर्छ । बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ ।) वार्षिक शुल्क रू.३२०/-

३. साधारण हुलाकबाट पाउने गरी शिक्षक मासिकको कार्यालयमै ग्राहक बनेर । शिक्षक मासिकको कार्यालयले नयाँ अंक प्रकाशित गरेको दुई दिनभित्र सम्बद्ध ग्राहकको नाम-ठेगाना टाँसी शिक्षक मासिक हुलाकमा बुझाउँछ । (यसरी हुलाकमा बुझाएको पत्रिका सम्बद्ध ग्राहकले नपाएको खण्डमा त्यसको जिम्मेवारी प्रकाशनले लिने छैन ।) वार्षिक शुल्क रू.३२०/-

४. रजिष्ट्री हुलाक ग्राहकः विशेषगरी शहर-बजारबाट टाढा रहेर पनि नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हुनसक्छ । पत्रिकाको नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइने छ । रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ । यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा प्रकाशनले सम्बद्ध हुलाक वा कुरियर सेवालाई जिम्मेवार तुल्याई कारबाही गर्नेछ ।) वार्षिक शुल्क रू.४५०/- रजिष्ट्री खर्च समेत ।

प्रेरक प्रसङ्ग

हेलेन पी. म्रोसला

# दुई पाना कागज

त्यो कक्षाकोठामा विद्यार्थीहरूको अल्छ्याइँ हटाउनका लागि मैले प्रयोग गरेको 'खेलपत्र' भनिदिए हुने कागज मात्र थियो। तर, त्यो कागज मार्कको मृत्युसंस्कारका दिन महत्त्वपूर्ण भइरहेको थियो। मार्कका बुबा त्यही कागज देखाउँदै सबै विद्यार्थीका अघिल्तिर मेरो प्रशंसा गरिरहनुभएको थियो।

मानिसहरूले अनौठा र कठिन कामहरू फत्ते गरेको देख्दा मलाई कहिलेकाहीं बडो अचम्म लाग्छ। सोच्छु, के हामी सबैले त्यसरी नै आफ्नो बुताभन्दा बाहिरका काम पार लगाउन सक्छौं त? सबै मानिसमा त्यस्तो शक्ति हुन्छ र? तर सक्दारहेछौं। कहिलेकाहीं हामीबाट पनि त्यस्तो काम हुँदोरहेछ, मबाटै पनि अन्जान अन्जानमै त्यस्तो काम भएको छ। हुनत त्यो त्यति महत्त्वपूर्ण काम थियो भन्ने मलाई न त्यो काम गर्दा लागेको थियो, न त त्यसपछि नै मैले त्यो कुरा कहिल्यै सम्झिएँ।

म एउटा स्कूलमा पढाउँथे। स्कूलमा हरेक वर्ष नयाँ-नयाँ विद्यार्थी थपिइरहन्थे र पुराना जान्थे। सबै विद्यार्थीको त सम्झना हुँदैन भने उनीहरूसित गरिएका कुराकानी वा कक्षाकोठामा खेलिएका खेलको सम्झना भइरहने त कुरै भएन।

एक दिन म स्कूलको लामो बिदा मनाउन बुबाआमा भएका ठाउँमा जाँदै थिएँ। मलाई लिन विमानस्थलमा बुबा-आमा आउनुभएको थियो। कारमा घरतिर जाँदै गर्दा उहाँहरूले सोध्नुभयो, "तिम्रो मार्क भन्ने विद्यार्थीलाई सम्झन्छौ?" आमाले उसको थर पनि भनेपछि मैले सम्झिएँ। मैले उसलाई त्यसरी सम्झिनुको कारण थियो उसको प्यारप्यारे बानी। ऊ कक्षामा साह्रै धेरै बोल्ने भएकाले ऊ मेरो गाली खाइरहन्थ्यो। अनि ऊ मुस्काउँदै माफी माग्थ्यो।

मैले बुबालाई सोधें, "मार्कका बारेमा किन सोध्नुभएको?"

बुबाले गला सफा गर्नुभयो, मानौं गम्भीर कुरा गर्न आफूलाई तयार पार्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, "मार्कका बाबुआमा हामीलाई भेट्न आएका थिए।"

"अनि?" मेरो मनमा नमीठो आशङ्का जन्मियो।

बुबाले विस्तारै भन्नुभयो, "मार्क सैनिक सेवामा थियो। भियतनामको एउटा गोली हानाहानमा उसको मृत्यु भयो। भोलि उसको अन्तिम संस्कार छ। मार्कका बुबा-आमा तिमीलाई त्यहाँ बोलाउन आएका थिए।"

बुबाको कुरा सुनेर म हतप्रभ भएकी थिएँ। मार्क मारियो? त्यो पनि भियतनाममा? त्यति नमीठो समाचार मैले त्यसबेलासम्म सुनेकी थिइनँ। बुबाले मलाई सुनाउनुभएको यो समाचार कति नमीठो थियो भने अझै पनि सडकको त्यो ठाउँमा पुग्दा म 'मार्क अब यो संसारमा छैन' भन्ने सम्झिहाल्छु।

म मार्कको अन्तिम संस्कारमा गएँ। त्यहाँ आएका अधिकांश व्यक्तिहरू मार्ककै स्कूले साथीहरू थिए। ती सबैलाई म चिन्थेँ। चर्चको विधिअनुसार चककी बहिनीले एउटा भावुक खालको गीत गाइन्। मार्कलाई स्नेह गर्नेहरू लासको वरिपरि अन्तिमपटक घुमे र त्यसमा पवित्र जल छर्किए। त्यसपछि चिहानमा लगेर मार्कको अन्तिम बिदाई गर्नुपर्ने थियो।

मार्कको शवलाई चर्चबाट केही पाइला पर रहेको चिहानसम्म उसका सैनिक साथीहरूले बोकेर पुऱ्याए। उसलाई सलामी दिइयो। म श्रद्धाञ्जलि दिन सबैभन्दा पछि गएँ। मैले मार्कको लासलाई अन्तिम पटक हेर्दै आशीर्वाद दिएँ।

म त्यहाँबाट निस्कनै लागेकी थिएँ, मार्कका सैनिक साथीमध्ये एउटाले सोध्यो- "के तपाईं मार्कलाई गणित पढाउनुहुन्थ्यो?" मैले स्वीकृतिमा मुन्टो हल्लाएँ। उसले थप्यो, "हामी सँगै थियौँ र ऊ प्रायः तपाईंको कुरा गरिरहन्थ्यो।"

मृत्यु संस्कार सकिएपछि खाना खाने चलन छ। खानाको व्यवस्था मार्ककै साथी चकको फार्म हाउसमा गरिएको थियो। जब सबैजना भेला भए, मार्कका बुबा आफू बसेको ठाउँबाट उठ्नुभयो। त्यहाँ उनीहरूका नजिकका व्यक्ति मात्र थिए र शिक्षकमा म मात्रै। मार्कका बुबाले मलाई त्यहाँसम्म आइदिएकोमा धन्यवाद दिनुभयो र उहाँले गोजीबाट दुई वटा कागजका पन्ना निकाल्दै भन्नुभयो, "यो कागज हामीले मार्कको गोजीमा पाएका थियौँ। मलाई लाग्छ, यो कागज तपाईंले चिन्नुहुन्छ होला।"

त्यो कागजलाई सुरक्षित राख्नका लागि यसरी पट्याइएको थियो कि पट्याइएका कुनाहरू च्यात्तिइसकेका थिए। च्यातिएको ठाउँमा टेप टाँसिएको थियो।

खोलेर हेरेपछि थाहा भयो; त्यो त्यस्तो विशेष कागजात वा अभिलेख केही थिएन। बरु एक दिन कक्षाकोठामा विद्यार्थीहरूको अल्छ्याइँ हटाउनका लागि मैले प्रयोग गरेको 'खेलपत्र' भनिदिए हुने कागज मात्र थियो। तर, त्यो कागज मार्कको मृत्युसंस्कारका दिन महत्त्वपूर्ण भइरहेको थियो। मार्कका बुबा त्यही कागज देखाउँदै सबै विद्यार्थीका अघिल्तिर मेरो प्रशंसा गरिरहनुभएको थियो।

रविन सायमि



अब म तपाईंलाई त्यो कागज तयार भएको दिनको कुरा सुनाउन चाहन्छु ।

त्यसै पनि गणितको कक्षा निकै निरस हुने गर्छ । अनि, त्यस्तो कक्षामा बढी हल्ला हुनु स्वाभाविक पनि हुन्छ । मार्क पनि गणितमा औसत विद्यार्थी मात्र थियो । ऊ कक्षामा साह्रै धेरै बोल्थ्यो र कहिलेकाहीं म उसलाई कडा स्वरमा हप्काउँथें । अनि ऊ मुसुक्क हाँस्दै मसँग माफी माग्थ्यो । ऊ भन्थ्यो, "यो मुख अलि बढी नै चल्छ मिस, मलाई यसैगरी सम्झाइदिइरहनुस् है !" यसो भनेको केहीबेरमा फेरि बोल्न थालिहाल्थ्यो र म आँखा तरेर उसलाई हेर्थें । अनि उसलाई आफ्नो मुख चल्यो भन्ने थाहा हुन्थ्यो र भन्थ्यो- "सम्झाइदिनुभएकोमा धन्यवाद !" यसो भनिसकेपछि उसका आँखा चञ्चल हुन्थे र गालामा सानो खोपिल्टो बस्थ्यो, जुन मलाई असाध्य मन पर्थ्यो ।

बाँकी सबै कुराहरू गर्न चुके पनि ऊ हल्ला गर्न भने चुक्दैनथ्यो । एकदिन त मैले उसलाई तर्साउन "अब पनि तिमी बोल्यौ भने तिम्रो मुखमा टेप टाँसिदिन्छु" भनें । ऊ एकछिन त चुप लाग्यो तर फेरि उसको प्यारप्यार शुरु भइहाल्यो । विद्यार्थीको मुखमा टेप टाँस्नु एउटा सभ्य शिक्षकलाई सुहाउने कुरा थिएन । तर बोलेपछि त पूरा पनि गर्नै पर्‍यो ! मैले टेप ल्याएर उसको मुखमा टाँसिदिएँ । र; टेपमा कलमले गुणा -कट्टी) को चिह्न बनाइदिएँ । क्लास सकिएपछि मैले उसको मुखबाट टेप निकालिदिएँ । टेप निकालेपछि उसले फेरि भन्यो, "मलाई सम्झाइदिनुभएकोमा धन्यवाद !"

एकपटक स्थिति निकै नै जटिल भयो । नयाँ पाठ अलि कठिन थियो । एक सातामा सक्न पनि हम्मे-हम्मे भयो । स्थिति कस्तोसम्म भइदियो भने, मेरो कक्षा शुरु भएपछि सबैजना च्याँट्ठिन थाले । विद्यार्थीहरू आफैँसँग रिसाइरहेको देखिरहेकी थिएँ । उनीहरू कुण्ठित र रुर्कोफर्को गर्ने भएका थिए । त्यसपछि मैले कक्षालाई अलि रमाइलो पार्न एउटा काम गरेकी थिएँ ।

मैले सबै विद्यार्थीहरूलाई आफ्नो कापीबाट दुई वटा पन्ना च्यात्न अह्राएँ । अनि भनें, "अब यी पानामा कक्षामा भएका सबै साथीहरूको आफूलाई मनपर्ने बानी र व्यवहारको सूची बनाऊ ।"

त्यस दिन गणित पढ्नुको सट्टा सजिलो अनि रमाइलो काम पाएकाले उनीहरू एकाएक खुसी देखिए, सबैले मन लगाएर दुई पाना भरे । ती पाना मैले जम्मा पारेर बोकें ।

भोलिपल्ट बिदाको दिन, घरमै बसेर मैले ती सबै सूची केलाएँ । अनि हरेक विद्यार्थीको नाउँको एउटा बेग्लै पन्नामा सूची बनाउन थालें, जुन उनीहरूकै साथीले उनीहरूको प्रशंसामा लेखेका थिए ।

पर्सिपल्ट कक्षामा छिर्नेबित्तिकै मैले आफूले तयार पारेको सूची हरेक विद्यार्थीलाई एक-एक गरेर बोलाउँदै दिएँ । उनीहरूमा देखिएको रुर्कोफर्को गर्ने बानी कम होला भन्ने मेरो आशा थियो । नभन्दै उनीहरू आफैं त्यो पन्ना पढेर हाँस्न थाले । पूरा कक्षा मुस्कानमय भएको थियो । मैले कक्षाभरि गुन्गुन सुनिरहें– "फलानोले मेरो यो बानी मन पराउँदो रै'छ; मलाई त थाहै थिएन ।"

त्यसपछि त्यो कागजको कुनै चर्चा भएन । म आफ्नो विषय पढाउन थालें । तर कक्षा पहिले जस्तो बोझिलो थिएन ।

अहिले मार्कका बुबाले मार्कको गोजीबाट निस्किएको त्यो कागजको पन्ना देखाइरहँदा म एकैपटक 'फ्ल्यासब्याक'मा पुगेकी थिएँ र त्यो दृश्य अहिल्यै घटित भइरहेको जस्तो लागिरहेको थियो । मार्ककी आमाले भन्नुभयो, "शिक्षक पथप्रदर्शक हुन् भन्ने थाहा थियो तर यति प्रभावशाली हुन्छन् भन्ने पहिलो पटक महसुस गरें । जब-जब मार्क दुःखी हुन्थ्यो, निराश बन्थ्यो तब-तब ऊ यो पन्ना पल्टाउँथ्यो र आफूमा यति धेरै गुण त छँदै छ नि भनेर आश्वस्त हुन्थ्यो । र, आज तपाईं यहाँ आइदिनुभएकोमा हामीलाई साह्रै खुसी लागेको छ । उसको मृत्युसंस्कारमा उसले धेरै नै मन पराएको शिक्षकको उपस्थितिले पनि उसको आत्मालाई शान्ति पाउन सजिलो भएको छ ।"

मार्ककी आमाको आँखामा छचल्किएको आँसु देखेर मेरा आँखा पनि रसाउन थाले । मार्ककी आमाले यति भनुन्जेल हाम्रो वरिपरि मार्कका साथीहरू भेला भइसकेका थिए । चकले म नजिकै आएर भन्यो, "मसँग पनि त्यो सूची जस्ताको त्यस्तै छ । त्यसलाई मैले घरको टेबुलमा सुरक्षित राखेको छु । आफूमा भएका गुणहरूको सूचीले मलाई सधैँभरि ऊर्जावान् बनाउँछ ।"

मेरा अर्का विद्यार्थी जोनकी श्रीमतीले भनिन्, "जोनले त्यो सूची हाम्रो बिहेको फोटो एल्बममा राखेको छ ।"

मेर्लिनले भनिन्, "मैले चाहिँ मेरा सबै साथीहरूको अटोग्राफ लिएको डायरीमा टाँसेर राखेकी छु ।"

बिकीले पर्स निकाल्यो र सबैलाई देखाउँदै भन्यो, "मैले त पर्समा नै राखेको छु । र, मलाई लाग्छ- सबैले यसलाई सुरक्षित राखेका छन् । जसले कागजलाई सुरक्षित राख्न सकेन, उसले चाहिँ पक्कै पनि मनमा सजाएर राखेको हुनुपर्छ । किनभने, हरेकको जीवनमा त्यस दिनको कक्षाले ठूलो प्रभाव पारेको छ ।"

विद्यार्थीका यस्ता कुरा सुन्दासुन्दै म थचक्क बसें । आँखाबाट अविरल वर्षा भइरह्यो । मैले त कक्षाको चिढ्चिढाहट हटाउन र रमाइलो गर्नका लागि एउटा सानो काम गरेकी थिएँ । यति सानो कामको पनि यति ठूलो प्रभाव हुँदोरहेछ ? तर हुँदोरहेछ । मलाई चाहिँ त्यतिबेला त्यस्तो अपेक्षा र विश्वास दुवै थिएन ।

*चिकेन सोप फर सोल* पुस्तकबाट अनुदित ।

प्रस्तुतिः **अच्युत कोइराला**

# प्रतिक्रिया र सुझाव



## गणित ले निरन्तरता पाओस्

*शिक्षक* मा प्रकाशन हुने सबै लेख, रचना हाम्रा लागि उत्तिकै सान्दर्भिक छन्। त्यसमध्ये पनि गत मङ्सिर अङ्कको 'कक्षाकोठामा गणित' लेख मलाई विशेष राम्रो लाग्यो। हरिनारायण उपाध्यायले सुझाउनुभएको उपाय नयाँ गणित शिक्षकहरूको लागि अति उपयोगी छ। यस्ता सामग्री निरन्तर रूपमा प्रकाशित गरिएमा शिक्षकलाई सहयोग पुग्नेछ। अत: विद्यार्थीहरूलाई सजिलै गणितीय धारणा बुझाउन सहयोग गर्ने गणितसम्बन्धी सामग्रीले आगामी दिनमा पनि निरन्तरता पाऊन्।

उमा गुरुङ
चौडेल निमावि, घाङ्ल, डोटी

## ग्रामीणमुखी होस्

*शिक्षक* मासिकमा शिक्षकहरूका खुसी र दु:ख तथा पीडा एवं राम्रा र यथार्थपरक समाचारहरू छापिएको देख्दा साह्रै खुसी लाग्छ। पत्रिकाले देशको हर क्षेत्रमा रहेको शिक्षाको स्थितिको पनि मूल्याङ्कन गर्ने अवसर प्रदान गरेको छ। शिक्षक ले चाँडै खोल्ने भनिएको शिक्षक सेवा आयोगको बारेमा थप जानकारी उपलब्ध गराइदिए म जस्ता शिक्षक सेवा आयोगका लागि तयारीमा बसेका लाखौं मानिसहरूलाई सहयोग पुग्ने थियो। साथै शिक्षक मासिक बजारमुखी मात्र नभई ग्रामीण क्षेत्रमा रहेका गरिब तथा विपन्न विद्यालयहरूको पनि यथार्थ जानकारी दिन सक्षम होस् भन्ने आशाका साथ पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

प्रकाश भट्टराई (अङ्ग्रेजी शिक्षक)
श्री खस्थोक निम्न माध्यमिक विद्यालय,
मुसीकोट-३, गुल्मी

## सुन्ने कोही छ ?

मुलुकका अधिकांश जिल्लाहरूमा सञ्चालित एस्एल्सी परीक्षा केन्द्रहरूमा हुने गरेको खुलमखुल्ला 'चिटिङ'का बारेमा विगतमा शिक्षक पत्रिकामा छापिएका सामग्री मात्रै पढे पनि काफी हुन्छ। सम्झँदा साह्रै चिन्ता लाग्छ; बहुदलले मात्र नपुगेर ल्याएको गणतन्त्रले यो मुलुकमा के-के उपहार ल्याइसक्यो! वास्तवमा अनुशासनहीन, उद्दण्ड र अराजक जनशक्ति उत्पादन गर्न यहाँका विद्यालयहरू बाध्य भइरहेका छन्। एस्एल्सी परीक्षा मात्र होइन +२ र स्नातक तहका परीक्षाहरूसमेत हदैसम्मको अमर्यादित ढङ्गले सञ्चालन हुनुलाई यहाँका कतिपय राजनीतिक दलहरू आफ्नो प्रतिष्ठाको विषय ठान्दछन्। र, परीक्षालाई मर्यादित ढङ्गले चलाउनुपर्छ भन्ने एकाध 'वृहस्पति'हरूले साङ्घातिक भौतिक आक्रमणको सामना गर्नुपर्दछ।

प्रश्नहरूले टाउको दुखाउँछन्– के अब यसरी नै देश चलाउने हो? विद्यार्थीहरूले पढ्ने र शिक्षकले पढाउने कामको दु:ख गर्नै परेन? शैक्षिक क्षेत्रलाई अस्तव्यस्त पारिराख्दा मात्रै आफूहरूको दीर्घकालीन अस्तित्व रहिरहन्छ भन्ने निष्कर्ष निस्किएकै कारण राजनीतिक दलहरू यसप्रति मौन रहेका हुन्? पाठ्यपुस्तकबाट प्राप्त हुने ज्ञान बेकम्मा भएकै कारण, त्यसप्रति बेवास्ता गरिएको हो? के अब शिक्षकहरूले विद्यार्थीहरूको चाकर हुनुपर्ने भयो?

उपर्युक्त प्रश्नका उत्तरहरू, 'होइन' भनेर कारणसहित आउला। तर त्यो देखाउने दाँत मात्र हुनेछ।

पेशाले म पनि शिक्षक हुँ। मैले, मुलुकका जिम्मेवार शैक्षिक निकायको मानहानि गरेको हुँदैन र पेशागत आचारसंहिताको उल्लङ्घन गरेको पनि ठहरिँदैन भने ठूलो स्वरमा कराउँछु– मुलुकमा सबै प्रकारको अनुशासन कायम गर्नका लागि प्रथमत: शैक्षिक क्षेत्र अनुशासित हुनुपर्छ। कोही कसैलाई दोष लगाएर नपन्छिऔं, हाम्रा परीक्षाहरूलाई मर्यादित बनाऔं।

इन्द्रकुमार श्रेष्ठ, सरस्वती उमावि,
खानीभन्ज्याङ, ओखलढुङ्गा

## सुदूरपश्चिमले ठाउँ पाएन

हामी *शिक्षक* मासिकको नियमित पाठक हौं। यतिका अङ्कहरूमा सुदूरपश्चिमका शिक्षकहरूको कथाव्यथा कमै उठान गरेको पाइएको छ। यसको साथै अन्तिम पृष्ठको 'जम्काभेट' शीर्षकमा त राजधानी नजिकका शहरबजारका शिक्षकहरू मात्र समेटिएको देखिन्छ। यसप्रति पनि शिक्षक को ध्यान पुगोस्।

लोकेन्द्र सिंह घटाल र लालबहादुर धामी
श्री सिद्धनाथ बहुमुखी क्याम्पस, कञ्चनपुर

## स्तम्भ थपियोस्

*शिक्षक* मासिक धेरै शिक्षक र विद्यार्थीलाई उत्कृष्ट खुराक सावित भएको छ। तर, एउटा पक्षमा केही कमजोरी देखिन्छ, त्यो हो– साहित्यिक पाटो। साहित्य त जीवनकै अभिन्न अङ्ग हो र साहित्य-कलाविहीन मान्छे पुच्छरविनाको पशुसरह हुन्छ भन्ने कुरा शायद सम्झनुभएन कि? अर्को कुरा; 'पुस्तक परिचय' जस्तो स्तम्भ राख्नु पनि जरुरी छ।

राजेन्द्रप्रसाद पन्त (बहिरा)
न्वादेउ-६, नाकाली, बैतडी

## मेरो नाम खै ?

यस पत्रिकामा छापिएका सुडोकु, अन्ताक्षरी र शब्दखेल सधैं भरेर पठाउने गर्छु। तर भाग्य नै त्यस्तै हो वा पक्षपात हुन्छ, थाहा भएन। उत्तर मिलाउनेको सूचीमा मेरो नाम अहिलेसम्म प्रकाशित भएको छैन।

इन्द्रबहादुर मगर (निजी शिक्षक)
श्री कालीदेवी प्रावि, प्रीति-७, हुगां

## मनोबल बढाउन समवेदना !

मानव मरणशील प्राणी भएकाले जन्मपश्चात् सबैको मृत्यु अवश्यम्भावी हुन्छ। शिक्षक पनि अजम्बरी हुँदैन। तसर्थ शिक्षकहरूको निधनलाई सम्मानित रूपमा अभिव्यक्त गर्नका खातिर यस पत्रिकाले मुलुकभरमा

विविध दुर्घटनामा परेर, भवितव्य अथवा कालगतिले मृत्यु भएका शिक्षकहरूको नि:शुल्क समवेदना प्रकाशन गरिदिए शिक्षकहरूको मनोबल अझ उच्च बनाउन मद्दत गर्थ्यो कि !

अङ्ग्रेजी विषयका हाम्रा आदारणीय गुरु श्री मनोकामना जनकल्याण मावि, निर्मलीडाँडा, खोटाङका श्री पदमबहादुर राईको ५७ वर्षको उमेरमा हालै असामयिक निधन भएकाले शोकसन्तप्त परिवारप्रति समवेदना र मृतात्माप्रति श्रद्धासुमन अर्पण गर्दछु ।

**लक्ष्मीप्रसाद सुवेदी**
**हालः बाँके च्यानडाँडा-४, खोटाङ**

## जिम्मेवार को ?

हाम्रो देशमा अहिले परीक्षा र मूल्याङ्कनको हालत चौपट नै छ । पढेर ज्ञान आर्जनका लागि प्रकाशित गरिएका पाठ्यपुस्तक, गेसपेपर, गाइडलगायतका किताबहरूलाई हामी परीक्षामा लगेर उत्तरपुस्तिकामा सार्नका निम्ति प्रयोग गरिरहेका छौं । विद्यालय-विश्वविद्यालयहरू दक्ष जनशक्ति उत्पादन गर्न खोलिएका भए पनि तिनले अदक्षको भीड मात्र पैदा गरिरहेका छन् । अनि विद्यालयमा शिक्षा दिन पठाइएका शिक्षकहरू चिट चोर्नेका सहयोगी भइरहेका छन् ।

यसरी शिक्षामा गरिएको लगानी बालुवामा पानी हालेसरी भइरहेको वास्तविकतालाई कसले हेर्ने ? शिक्षामा भएको मनपरीतन्त्र र घुसखोरीतन्त्र कुन वादले नियन्त्रण गर्ने ? आखिर नेपाल, नेपाली र सम्पूर्ण अभिभावकले चाहेको यस्तै शिक्षा हो त ? शिक्षा योजनामा, २०१५ सम्ममा निरक्षरता हटाउने छ, हो शिक्षा सबैले पाउनुपर्छ; ज्ञान सीप र दक्षता बढाउनुपर्छ भनिएको छ । तर, यस्तो शिक्षा प्रणालीले जन्माएको वल्लोघाट न पल्लो तीरको जनशक्तिलाई कहाँ लगेर कसरी व्यवस्थापन गर्ने ?

आजको शैक्षिक अवस्थालाई नियाल्ने कुनै जिम्मेवार निकाय नेपालमा कहीं छ भने भनिदेऊ भगवान !

**उषा नेपाल**
**सिन्धुपाल्चोक**

## मेरो पीडा कसले सुनिदिने ?

राज्यबाट सबैभन्दा अपहेलित बनाइएका शिक्षकहरूका बारेमा *शिक्षक* मासिक प्रकाशित भएको र यसले शिक्षकहरूका दर्दनाक पक्षबारे खरो वकालत गरेकोमा म जस्ता बीसौं वर्षदेखि शिक्षण गर्दै आएका शिक्षकहरूको मन हर्षित हुनु स्वाभाविक हो । आगामी अङ्कदेखि शिक्षक पढ्न नछुटाउने सङ्कल्प गरेको छु ।

द्वन्द्वकालमा विद्रोहीले जबरजस्ती उसको चारो बनाउन खोज्दा विस्थापित भएर अति पीडाजन्य तवरले अन्यत्र काजमा बसेको थिएँ । पछि भाग बाँडेर खाने शर्तमा विद्रोही र राज्यपक्षको सहमति भएपछि कार्यरत विद्यालयमा फर्काउने कार्य भयो । तर, त्यस विद्यालयमा विद्रोहीले आफ्ना आसेपासेहरूलाई विद्यालय व्यवस्थापन समितिमा भर्ती गरिसकेको थियो र मलाई हाजिर हुन दिइएन । म देशकै सबैभन्दा भ्रष्ट जिशिका खोटाङमा फर्कें । तर, ६ महिनासम्म न पायक ठाउँमा सरुवा, न काज न त शिक्षामा नै हाजिर गराइयो । ६ महिनासम्म शिक्षा कार्यालयको ढोका कठोर यातनाका साथ कुरेपछि बल्ल अति विकट स्थलमा रहेको विद्यालयमा मेरो मञ्जुरीबेगर सरुवा गरियो । एक वर्षदेखि तलब भत्ता खाएको थिइनँ । सरुवा भएको विद्यालयमा पनि तलब अधुरो निकासा भयो । सो अधुरो तलब पनि वि.व्य.स. अध्यक्ष अरुणप्रसाद राईले ५००० (पाँच हजार रुपैयाँ) खाई

## कलम

सत्य कुरा लेख्नलाई बनायो कलम ।
ज्ञानको ज्योति फैलाउन बनायो कलम ॥
झूटो कुरा मेटाउनलाई बनायो कलम ।
इतिहास कोर्नलाई बनायो कलम ॥

साहित्य सिर्जना गर्न चलाउँ अब कलम ।
ज्ञान-विज्ञानको खोजी गर्न चलाउँ अब कलम ॥
शिक्षाको प्रकाश छर्न चलाउँ अब कलम ।
सत्यको उजागर गर्न चलाउँ अब कलम ॥

झूटो कुरा लेख्नलाई नचलाउँ है कलम ।
इतिहास मेटाउनलाई नचलाउँ है कलम ॥
अहित हुने अक्षर लेख्नलाई नचलाउँ है कलम ।
शिक्षाको दीप निभाउनलाई नचलाउँ है कलम ॥

ज्ञानीको हातमा परे हितका कुरा लेख्ला कलम ।
मूर्खको हातमा परे विकृति फैलाउला कलम ॥
वैज्ञानिकको हातमा परे आविष्कार गर्ला कलम ।
कलाकारको हातमा परे सृजना गर्ला कलम ॥

**ईश्वरदत्त कलौनी**
**महाकाली-७, पुडिल, बैतडी**


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।

- ✓ १००% सम्म मासिक शुल्कमा विशेष छुट तथा छात्रवृत्तिको व्यवस्था ।
- ✓ Internal Assement को लागि फागुन मसान्तभित्र विषय शिक्षकसँग सम्पर्क गर्नुहोला ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत् सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म

पहिलो सामुदायिक शिक्षा क्याम्पस

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१) उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।
E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p

# प्रतिक्रिया र सुझाव

दिए। सोबारे उजुरी र छुट तलबको मागसहित हजारौं निवेदन गर्दा पनि जि.शि.का. खोटाङले हालसम्म कुनै पहल गरेको छैन। मेरो मञ्जुरीबेगर जबरजस्ती अपायक ठाउँमा सरुवा गरेको तीन वर्ष बितिसक्दा पनि मेरो पीडाबारे कतैबाट सुनुवाई भइरहेको छैन। अब म के गरुँ?

रामु बस्नेत (स्थायी शिक्षक)
श्री तोमाने प्रावि, फेदी-२, खोटाङ

## हाम्रो विद्यालय र हामी शिक्षक

**विद्यालय**

बालबालिकाको सामाजिक, शारीरिक, शैक्षिक, मानसिक तथा सम्पूर्ण व्यक्तित्व विकासको लागि पूर्ण जिम्मेवार निकाय नै विद्यालय हो। विद्यालय (School) लाई यसरी परिभाषित गर्न सकिन्छ:

S = Social सामाजिक
C = Character राम्रो स्वभाव, बानीव्यहोरा सिकाउने
H = Honest इमानदार बनाउने
O = Obedience आज्ञाकारी बनाउने
O = Organize सङ्गठित गर्न सक्ने, मिलेर बस्न सिकाउने
L = Latest नवीनतम ज्ञान दिने

**शिक्षक**

शिक्षक एक त्यस्तो व्यक्ति हो जसले कलिला बालबालिकालाई असल बानीव्यहोरा सिकाउँदछ। नेपालको सन्दर्भमा इमानदार, मेहनती, लगनशील शिक्षक (Teacher) लाई यसरी पनि परिभाषित गर्न सकिन्छ:

T = Truth सत्यवादी, इमानदार
E = Efficient दक्ष, विषयवस्तुमा निपुण
A =Affection स्नेही, विद्यार्थीलाई माया गर्ने
C = Command Over teaching शिक्षणमा निपुणता
H = Healthy स्वस्थ
E = Eagerness उत्सुकता (नयाँ वियषयवस्तु जान्न बुझ्न सक्ने)
R=Resourcefull सबै कुरा बुझाउन सक्ने

देवेन्द्र पराजुली
शिक्षक, पृथ्वीनारायण उमावि, काठमाडौं

## गजल र कविता चाहियो

म आई.एड. दोस्रो वर्षमा अध्ययनरत् छात्र हुँ। भन्नै पर्दा भविष्यको शिक्षक। शिक्षक मासिक पत्रिका म पनि नियमित पढ्छु। पत्रिका ज्यादै उपयोगी छ। अत: यसमा वस्तुगत प्रश्नोत्तरलगायत कविता, गजल समेत समावेश गर्दा कसो होला?

खेमराज साउँद 'निर्मल'
बेत्तामाण्डौ उमावि, अछाम

## यसरी उकास्न सकिन्छ गुणस्तर

पेशाले म संस्थागत (सार्वजनिक शैक्षिक गुठी) विद्यालयको शिक्षक भए पनि सौभाग्यवश सत्यवादी मावि, वनगाउँको वि.व्य.स. अध्यक्ष पनि बनेको छु।

विद्यालयको शैक्षिक वातावरण कायम राख्न त्यहाँ कार्यरत शिक्षक वर्गले महत्त्वपूर्ण भूमिका खेल्नुपर्दछ भने भौतिक तथा आर्थिक पूर्वाधारको व्यवस्था गर्नमा वि.व्य.स. र समुदायले ठूलो भूमिका निर्वाह गर्नुपर्दछ। समुदायको सहयोगविना सामुदायिक विद्यालयहरू सञ्चालन गर्न सकिँदैन। विद्यालयमा पर्याप्त पूर्वाधार भए मात्रै शिक्षक वर्गले आफ्नो ज्ञान विद्यार्थीमा सजिलैसँग सञ्चार गर्न सक्छन्।

कतिपय सामुदायिक विद्यालयहरूमा पढाइको गुणस्तर कमजोर देखिनुमा त्यहाँभित्रको राजनीति र गैरजिम्मेवारी भन्ने आरोप लागे पनि यथार्थ फरक छ। त्यसका जिम्मेवार पक्ष भनेका विद्यार्थीको लगनशीलता, पारिवारिक अवस्था, सामाजिक परिवेश, फितलो व्यवस्थापन आदि हुन्। अधिकांश शिक्षक आफ्नो पेशाप्रति इमानदार नै रहेको कुरामा दुईमत छैन।

पेशागत हकहितको नाममा पार्टीका झण्डा बोक्दै हिँड्नु, पार्टी र नेताका पुच्छर बन्ने प्रवृत्ति असल शिक्षकका लागि सुहाउँदैन। राजनीतिक गतिविधिबाट टाढै रही तटस्थ रूपमा सेवा गरे मात्र शिक्षकको व्यक्तित्व चम्किन्छ। निचोडमा भन्नुपर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्न सम्पूर्ण शिक्षक-अभिभावक मेहनतका साथ लाग्नुपर्ने आजको टड्कारो खाँचो हो।

लालबहादुर साउद, अध्यक्ष, वि.व्य.स.,
सत्यवादी मावि, वनगाउँ, कञ्चनपुर

## गजल

स्कूल पढ्दा दाउरा र घाँस काटेर पढेको
बिहान-बेलुका आफैं दाम्ला बाटेर पढेको

आँधी, हुरी, वर्षा, झरीसँग डराइनँ
किताब-कापी, घाँसको भारी साटेर पढेको

गोरू जोतें, आली खनें, गरें रोपाइँ पनि
मङ्सिरमा खलाभरी धान झाँटेर पढेको

घरमा पढ्ने-लेख्ने गर्न धेरै नपाउँदा
धेरैपल्ट स्कूलमा गुरूलाई ढाँटेर पढेको

जिन्दगी यो भोगाइ रै'छ, भोग्दैभोग्दै आएँ
एक न एकदिन सफल हुन्छु भन्दै आँटेर पढेको

ध्रुवप्रसाद ढकाल, फुजेल-५, गोरखा

## राहत शिक्षकको भविष्य के?

विश्व ब्याङ्कको सहयोगमा नियुक्त गरिएका राहत शिक्षक अरू दरबन्दीका स्थायी र अस्थायी शिक्षक झैं विद्यालयमा नियमित अध्यापन गराउँदै आइरहेका छन्। दरबन्दीका शिक्षकहरूले बेलामै तलब खाने गरेका छन्। राहत शिक्षकहरूले भने हालसम्म पनि बढ तलब खान पाएका छैनन्। शिक्षकहरूबीच भेदभाव गराएर सरकार महाभारतका धृतराष्ट्रको पात्र बन्न पुगेको छ।

सरकारले ३८ हजार २२१ जना राहत शिक्षकहरूलाई दरबन्दीमा परिणत गर्न नसकिने भनेपछि यिनलाई कहिलेसम्म अल्झाएर राख्ने हो? विश्व ब्याङ्कले सहयोग गर्न छोडेपछि राहत शिक्षकहरूको हालत के हुन्छ? मलगायत हजारौं राहत शिक्षकहरूको मनमा उब्जेका यस्ता प्रश्नहरूको सम्बन्धित निकायबाट चित्तबुझ्दो जवाफ प्राप्त गरी शिक्षक मासिकमा प्रकाशित गरियोस्। हाम्रा निम्ति त्यो ठूलो सहयोग हुनेछ।

रवीन्द्रकुमार दास
श्री मावि, जिनाखु, सिन्धुली

# जिज्ञासा र जवाफ

**जिज्ञासाः** म २०४४ सालदेखि प्रावि तहको स्थायी शिक्षकको रूपमा कार्यरत छु । २०५३ सालको शिक्षा दिवसको अवसरमा मलाई जिशिका जाजरकोटले दुई ग्रेड थपेर पुरस्कृत गरेको थियो । अहिलेसम्म पनि मैले थप ग्रेड बापतको रकम पाइरहेको छु । ८ भदौ २०६५ देखि लागू हुने गरी १ असोज २०६५ मा प्रावि द्वितीय श्रेणीमा बढुवा भएपछि मैले ग्रेड थपको रकम नपाउने भन्ने सुनेको छु । सत्य के हो ?

टङ्कबहादुर भण्डारी, प्रअ, प्रावि, कटाहा, उरहरी-७, दाङ

**जवाफः** प्रावि तृतीय श्रेणीमा कार्यरत शिक्षक द्वितीय श्रेणीमा बढुवा हुँदा साविकको पदमा रहँदा पाएको ग्रेड बापतको रकम बढुवा भएको पदको तलबमा मिलान गरिएको हुन्छ । त्यसैकारण अघिल्लो तहमा पुरस्कारस्वरुप पाइरहेको ग्रेड बापतको रकम बढुवा भएको पदमा गएपछि पाइँदैन ।

न्हुछेबहादुर महर्जन, उपसचिव (लेखा), शिक्षा विभाग

**जिज्ञासाः** शिक्षा नियमावली २०५९ को नियम १०६ को उपनियम १ (५) अनुसार सामुदायिक विद्यालयका स्थायी शिक्षकले अध्ययन बिदा पाउँछन् । कस्ता-कस्ता शिक्षकलाई अध्ययन बिदामा पठाउने हो नियमावलीमा स्पष्ट व्याख्या छैन । त्यसकारण अध्ययन बिदा भन्नाले कस्तो बिदालाई मान्ने र यस्तो बिदाका हकदार कस्ता शिक्षक हुन्छन् भन्ने जानकारी चाहियो ।

बद्रीप्रसाद घिमिरे,
श्री कालिका उमावि टेकानपुर, सिन्धुपाल्चोक

**जवाफः** शिक्षक नियमावलीले निर्धारण गरेको मापदण्ड पूरा गरेका स्थायी शिक्षकले आफूले थप अध्ययन गर्दा स्कूल 'अपग्रेड' गर्न सहयोग पुग्ने देखिएमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई आफ्नो तलबबाट सट्टा शिक्षक नियुक्त गरेर अध्ययन बिदामा बस्न पाउँछन् । यसो गर्दा शिक्षकले अध्ययन बिदाको सुविधा पनि पाउँछन्, सट्टा शिक्षकबाट विद्यालयको पठनपाठन पनि नियमित हुन्छ ।

पदमसिंह विष्ट, शाखा अधिकृत, शिक्षा विभाग

**जिज्ञासाः** म २०६१ मा आन्तरिक प्रतिस्पर्धाबाट उत्तीर्ण स्थायी शिक्षक हुँ । शिक्षा नियमावली २०५९ मा '२०६१ पछि नियुक्त हुने शिक्षकले निवृत्तिभरण पाउने छैन र त्यस प्रयोजनको लागि एउटा कोष स्थापना गरिने छ' भनिएको छ । यस्तो कोष स्थापना भएको छ वा छैन ? यदि छ भने कोषमा रकम जम्मा गर्ने प्रक्रिया के छ? एउटै पेशामा काम गर्ने शिक्षकहरूमध्ये कसैले निवृत्तिभरण पाउने र कसैले नपाउने व्यवस्था कत्तिको न्यायोचित होला ?

शान्तबहादुर थापा
ज्ञानज्योति प्रावि, बारड्डी, मोरङ

**जवाफः** शिक्षा नियमावलीको यो व्यवस्था अहिलेसम्म कार्यान्वयनमा आएको छैन ।

दिवाकर अवस्थी
निमित्त महानिर्देशक, विद्यालय शिक्षक किताबखाना

**जिज्ञासाः** शिक्षक सेवा आयोगको विज्ञापन नं. ००९, २०६६/०६७ अनुसार निम्नमाध्यमिक तह द्वितीय श्रेणीको आन्तरिक प्रतियोगिता बढुवा परीक्षाको परीक्षार्थी भएको र सदरमुकामदेखि टाढाको विद्यालयमा शिक्षण गर्ने भएकाले २५ कात्तिक २०६६ देखि १९ पुस २०६६ सम्म शिक्षा कार्यालय, पाल्पाका सम्बन्धित फाँटका कर्मचारीहरूलाई बारम्बार परीक्षा तालिकाको बारेमा सम्पर्क गरिरहेको थिएँ । तर कार्यालयमा त्यस सम्बन्धमा कुनै जानकारी नभएको जानकारी पाइयो । २४ पुस २०६६ को गोरखापत्र मा उक्त परीक्षा ७ माघ २०६६ हुने भनिएकोमा २२ फागुन २०६६ मा हुने सूचना गोरखापत्र मा पढेपछि केही ढुक्क त भइयो, तर; परीक्षा कार्यक्रम परिवर्तन नभइदिएको भए मैले परीक्षा दिन नपाउने रहेछु । यस्तो त्रुटिमा कसलाई जिम्मेवार मान्ने ?

ध्रुवप्रसाद पँगेनी
शिक्षक, बुद्ध विकास निमावि, कोलडाँडा, पाल्पा

**जवाफः** शिक्षक सेवा आयोगबाट सञ्चालन भइरहने परीक्षाहरूको कार्यक्रम निर्णय हुनासाथ सम्बन्धित सबैलाई छिटो जानकारी हुनसकोस् भन्ने अभिप्रायले क्षेत्रीय शिक्षा निर्देशनालय र सबै जिशिकामा जानकारी पठाउने गरिएको छ । गोरखापत्र, रेडियो नेपाल, एफ.एम. कार्यक्रमहरूका साथै शैक्षिक कार्यक्रममार्फत प्रचारप्रसार गरिँदै आएको छ । यसै सन्दर्भमा विज्ञापन नं. ००९/२०६६/०६७ अनुसार निम्नमाध्यमिक तह द्वितीय श्रेणीको लागि २०६६/१०/७ मा हुने भनिएको आन्तरिक प्रतियोगितात्मक बढुवा परीक्षाको लिखित परीक्षाको सूचना विभिन्न सञ्चारमाध्यममा दिइएको र पछि विशेष कारणवश २०६६/११/२२ गते गर्ने निर्णय भई सो समेतको सूचनाको जानकारी तत्काल सञ्चारमाध्यमबाट पनि प्रचारप्रसार गराइएको हो । त्यसबाट सम्बन्धित परीक्षार्थीलाई पनि जानकारी हुनुपर्ने हो ।

बैकुण्ठप्रसाद काफ्ले, उपसचिव, शिक्षक सेवा आयोग

**(अनुरोधः यस स्तम्भमा शिक्षक मित्रहरूले सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ प्राप्त गरी प्रकाशित गर्न प्रयास गरिने छ । आफ्ना प्रश्न वा जिज्ञासासँगै सम्भव भएसम्म कुन निकाय वा व्यक्तिबाट जवाफ खोजिएको हो भन्ने समेत उल्लेख गरी पठाउनुहोला । – सम्पादक)**

# परीक्षार्थी–शिक्षकले देखाए तमासा

**उच्च** माध्यमिक तहको विशेष परीक्षा 'कडा' भएको भन्दै काभ्रेको बनेपास्थित चैतन्य बहुमुखी क्याम्पसका परीक्षार्थी-शिक्षकले २४ माघमा परीक्षा केन्द्र तोडफोड गरे। चिट चोर्न नदिएको भन्दै उनीहरूले उच्च माध्यमिक शिक्षा परिषद्का परीक्षा निरीक्षक वरुण घिमिरे र हेमनाथ पौडेललाई क्याम्पसको कम्प्युटर कोठामा थुने।

वीरगञ्जस्थित हरिखेतान क्याम्पसमा पनि परीक्षा कडा भएको भनेर शिक्षकहरूले परीक्षा बहिष्कार गरे। नेपालगञ्जस्थित मङ्गलप्रसाद उमावि परीक्षा केन्द्रमा परेका बर्दियाका शिक्षकहरूले पनि परीक्षा बहिष्कार गरेका छन्। चिट चोर्न नदिएको झोंकमा उनीहरूले उत्तरपुस्तिका समेत जलाएका छन्।

डोटी, डडेल्धुरा र दार्चुलाका परीक्षार्थी-शिक्षकहरू जाँच कडा हुने थाहा पाएपछि शुरुदेखि नै परीक्षामा सामेल भएनन्। त्यहाँ करिब ४०० परीक्षार्थी थिए। नवलपरासी, पाल्पा, कपिलवस्तुलगायतका जिल्लामा पनि परीक्षार्थी-शिक्षक र परीक्षा सञ्चालकबीच विवादका घटना भएका छन्।

नेपालगञ्ज केन्द्रको परीक्षा बहिष्कार गरेका बर्दियाका शिक्षकहरूले आफ्नै जिल्लामा परीक्षा सञ्चालन नभएसम्म परीक्षामा सामेल नहुने जनाएका छन्। सुहेलवा प्रावि, गुलरियाका शिक्षक राजेन्द्र मण्डलले भने, "निरीक्षकले अपशब्द बोलेर परीक्षा हलबाट निकालेर हामीलाई अपमान गरे। अब बर्दियामा केन्द्र नतोकिएसम्म हामी परीक्षा दिँदैनौं।" अन्य जिल्लाका


कल्पना पौडेल



शिक्षण लाइसेन्सका निम्ति २८ मङ्सिरमा जिशिका, काठमाडौंमा पुगेका आवेदकहरू।

# छानबिन जारी

**जिशिका** काठमाडौंले शिक्षण लाइसेन्स लिनका लागि नक्कली कागजात पेश गरी दरखास्त दिएका जम्मा २४८ जनाको दरखास्त रद्द गरेको छ। दरखास्त छानबिन समितिका सदस्यसचिव नारायणकाजी काशिछवाका अनुसार १५ माघ २०६६ सम्म छानबिन गर्दा फेला परेका प्रावि तहका ८८, निमाविका ४८ र माविका ५१ वटा दरखास्त रद्द गरिएको छ भने निमावि तहका १८५ र माविका ४३ जनाको दरखास्त रद्द हुने सूचीमा परेका छन्।

दरखास्त रद्द गरिएकामध्ये केहीले शिक्षण लाइसेन्सको परीक्षामा सहभागी हुन प्रवेशपत्र लिइसके पनि उनीहरूलाई लाइसेन्सको परीक्षामा सहभागी हुन नदिने जिशिकाले जनाएको छ। शिक्षक-सरकारबीच ११ कात्तिक २०६६ मा भएको सहमतिअनुसार सरकारले ५ मङ्सिर २०६३ अघिदेखि कार्यरत शिक्षकलाई एकपटकका निम्ति शिक्षाशास्त्र अध्ययन नगरेको वा १० महिने शिक्षक तालिम नलिएको भए पनि लाइसेन्स परीक्षामा सहभागी हुने मौका दिने व्यवस्था गरेको थियो। उक्त व्यवस्थाको दुरुपयोग गर्दै शिक्षक कार्यमै नरहेकाहरूले पनि झूठो विवरण पेश गरी शिक्षण लाइसेन्सका लागि दरखास्त दिएको पाइएको छ। त्यस्ता नक्कली दरखास्तवाला धेरै भएको गुनासो बढेपछि शिक्षक सेवा आयोगले पुसको दोस्रो सातादेखि देशव्यापी छानबिन शुरु गरेको हो।

दरखास्त छानबिनका क्रममा काठमाडौंमा निजी स्कूलले ठूलो सङ्ख्यामा नक्कली कागजात बनाएको पाइएको छानबिन समितिका

शिक्षकहरूले नेपालगञ्जमा गरेको विरोध प्रदर्शन ।



शिक्षकहरूले पनि अर्को जिल्लामा पुगेर परीक्षा दिन गाह्रो भएको भन्दै आफ्नै जिल्लामा केन्द्र राख्न माग गर्दै आएका छन् । तर उच्च माध्यमिक शिक्षा परिषद्का उप-नियन्त्रक कृष्णप्रसाद शर्मा भन्छन्, “एउटा केन्द्रमा तीनदेखि पाँच सयसम्म परीक्षार्थी हुनैपर्छ । त्यसैले ‘होम सेन्टर’ दिन सक्ने अवस्था छैन ।”

उमावि शिक्षा परिषद्ले परीक्षार्थी-शिक्षकहरूले परीक्षाको मर्यादा विपरीत केन्द्रमा तोडफोड र केन्द्राध्यक्ष, निरीक्षक र सुरक्षाकर्मीलाई समेत गालीगलौज गरेको जनाएको छ । परिषद्द्वारा जारी विज्ञप्तिमा भनिएको छ, “शिक्षकहरूले मर्यादित परीक्षा दिनुपर्नेमा आफैंद्वारा यस्ता काम हुनु दुःखद् छ । यस्ता क्रियाकलापले समग्र शिक्षा पद्धतिमा नै आघात पुऱ्याउने कुरामा दुईमत छैन ।”

सरकारले लागू गरेको विद्यालय क्षेत्र सुधार कार्यक्रममा प्रावि तह अर्थात् कक्षा १ देखि ५ सम्म पढाउनका लागि प्रमाणपत्र तह उत्तीर्ण गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । शिक्षा मन्त्रालयले एसएलसी उत्तीर्ण गरेर शैक्षिक जनशक्ति विकास केन्द्रको १० महिने तालिम लिएका प्रावि शिक्षकका लागि प्रमाणपत्र तहको मान्यता दिने गरी एकवर्षे विशेष पठनपाठन सञ्चालन गरेको थियो । विशेष कक्षामा भर्ना भएका देशभरिका १४ हजारभन्दा बढी प्रावि शिक्षकहरूले यो परीक्षाको आवेदन फर्म भरेका थिए । उमावि शिक्षा परिषद्ले २२ देखि २८ माघसम्म विशेष त्यस्ता शिक्षकहरूका निम्ति परीक्षा सञ्चालन गरेको थियो । तर, चिट चोर्न नपाएको भन्दै शिक्षकहरूले धेरै स्थानमा ताण्डव प्रदर्शन गरेका छन् । नमुना बन्नुपर्ने शिक्षकहरू नै चिट चोर्न मरिहत्ते गर्ने र परीक्षा नै विथोल्नतिर लागेपछि त्यस्ता शिक्षकले छात्रछात्रालाई के सिकाउलान् भन्ने प्रश्न खडा भएको छ । 📖

**प्रमोद आयाम/कल्पना पौडेल**

सदस्यसचिव काशिछवा बताउँछन् । उनका अनुसार कतिपय आवेदकले स्कूलको लेटरप्याड चोरेर पनि नक्कली नियुक्तिपत्र र अविछिन्न सेवामा रहेको सिफारिस पत्र बनाएको भेटिएको छ । केहीले चाहिँ प्रअको नक्कली हस्ताक्षर गरेर कागजात बनाएको छानबिनमा संलग्न अधिकारीले बताएका छन् ।

पुस अन्तिमसम्ममा छानबिन सक्ने भनिए पनि दरखास्तको सङ्ख्या धेरै भएकाले छानबिनको म्याद बढाउन जिशिकाले आयोगलाई आग्रह गरेका छन् । आयोगका सहसचिव अशोककुमार अर्यालले भने, “नक्कली कागजात फेला परुञ्जेल छानबिन जारी रहन्छ, देशभरि नै छानबिनको काम प्रभावकारी ढङ्गले अघि बढेकाले किर्ते धन्दाविरुद्ध जागरण पैदा भएको छ, यसबाट भविष्यमा नक्कली कागजात बनाउन चाहनेहरू निरुत्साहित हुन्छन् ।”

नक्कली कागजात बनाउने केही निजी स्कूललाई जिशिकाले कारबाहीको सूचीमा राखेको छ । स्कूल खोल्ने अनुमति पाएको भन्दा अघिको मितिका फर्जी नियुक्तिपत्र बनाएको ठहर गरी जिशिका काठमाडौंले नयाँबानेश्वरको पाठशाला फाउण्डेशन, गुर्जुधारास्थित रिकास्ट इन्टरनेशनल स्कूल, कालीमाटीको एभन गार्ड, नयाँबानेश्वरको भद्राघले इन्टरनेशनल स्कूल, स्युचाटारको मण्डला इन्टरनेशनल स्कूल, धापासीको स्वर्णिम इन्टरनेशनल स्कूललाई कारबाहीको सूचीमा राखेको छ ।

सदस्यसचिव काशिछवा भन्छन्, “यी स्कूल २०६३ पछि खुलेका हुन् । तर यिनले २०६३ कात्तिक ५ अघि आफ्नो स्कूलमा नियुक्ति लिई कार्यरत रहेको भन्दै धेरैलाई लाइसेन्सका लागि सिफारिस गरेका छन् । यस्ता स्कूलाई कारबाही हुन्छ ।” 📖

# योजना बनाउन शैक्षिक संवाद



शिक्षा क्षेत्रका समस्याको पहिचान र समाधानको कार्यदिशा तय गर्ने उद्देश्यले शिक्षा मन्त्रालयले २२ देखि २७ माघसम्म ‘शैक्षिक सुशासनका लागि भावी शिक्षा नीति’ विषयक संवाद कार्यक्रम आयोजना गऱ्यो । राजधानीका विभिन्न स्थानमा भएको कार्यक्रममा शिक्षाका विभिन्न आठ वटा नीतिगत विषयका छुट्टाछुट्टै बहसपत्रमा शिक्षाका सरोकारवालाले छलफल गरेका थिए । प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा दूर शिक्षा र शिक्षामा सरकारी-निजी साझेदारीसम्बन्धी नीतिगत विषयमा छलफल भएको थियो ।

छलफलबाट मन्त्रालयले भावी शैक्षिक नीतिसम्बन्धी आधारपत्र तयार पार्न मद्दत पुग्ने अपेक्षा राखेको छ । कार्यक्रममा शिक्षा मन्त्रालयका अधिकारी, विश्वविद्यालयका विज्ञ, शिक्षक सङ्गठन, विद्यार्थी सङ्गठनका प्रतिनिधि, शैक्षिक संस्थाका सञ्चालकहरूको सहभागिता थियो । 📖

# असल शिक्षक छान्न मतदान




आशा शर्मा

मतदान गर्नका लागि लाइनमा बस्दै विद्यार्थीहरू ।

**सामान्यतया** मतदान कसैलाई चुनाव जिताउन गरिन्छ । तर, बाग्लुङको जनप्रेम मावि अमरभूमिमा चाहिँ असल शिक्षक छान्नका निम्ति मतदान गरिएको छ । उक्त माविका प्रअ नइन्द्र गुरुङले आफ्नो स्कूलका शिक्षकहरूको मूल्याङ्कन गर्नका निम्ति मतदान विधि अपनाएका हुन् । उनी भन्छन्, "विद्यार्थी र विद्यालयप्रति कुन शिक्षक कति उत्तरदायी छ भनेर थाहा पाउन यस्तो गरिएको हो ।"

यस विधिअनुरुप सर्वप्रथम विद्यालयमा कार्यरत शिक्षकहरूलाई स्वमूल्याङ्कन फारम भर्न लगाए । २० वटा प्रश्न समावेश गरिएको उक्त फारममा शिक्षकलाई "विद्यालयमा उपस्थित भएर आफ्नो पिरियडमा ४५ मिनेट नै बिताउनुहुन्छ ? तपाइँको आफ्नो पिरियडमा विद्यार्थीहरू कत्तिको हल्ला गर्छन् ? कक्षाकोठामा जानुभन्दा पहिले तपाइँले अध्यापन गर्ने विषय र पाठको बारेमा कहाँ र कसरी तयारी गर्नुहुन्छ ? विद्यार्थीका कुरा कति सुन्नुहुन्छ तथा कक्षामा कत्तिको शिष्ट भाषाको प्रयोग गर्नुहुन्छ ? नियमित रूपमा विद्यालयको पोशाकमा विद्यालय आउनुभएको छ ? तपाइँले आफूलाई 'शैक्षिक सत्र २०६६ को असल गुरु दाबी गर्नुको कारण के हो ? तपाइँले यो 'शैक्षिक सत्रमा गरेका पाँच वटा उल्लेखनीय कार्यहरू लेख्नुहोस्" जस्ता प्रश्न सोधिएका थिए । उक्त फर्म विद्यालयका १४ जना शिक्षकले भरेका थिए ।

शिक्षकहरूले स्वमूल्याङ्कन फारम भरेपछि असल शिक्षक छनोटको लागि छात्रछात्रालाई मतदान गर्न लगाइएको थियो । शिक्षकको विद्यालयमा नियमितता, अध्यापन क्षमता, विद्यार्थीका कुरा सुन्ने र नियमित पोशाकमा स्कूल आउने, अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता जनाउने, समयको पालना, अनुशासन र शिष्ट भाषाको प्रयोग आदि प्रश्नका आधारमा छात्रछात्राले आ-आफूलाई मन परेका शिक्षकलाई मतदान गरेका थिए । प्रअ गुरुङका अनुसार कक्षा ४ देखि १० सम्मका विद्यार्थीको मतदानबाट यस वर्ष प्रावि शिक्षक ध्वजबहादुर गुरुङ 'असल शिक्षक' छानिएका छन् । 'असल शिक्षक' गुरुङलाई विद्यालयको वार्षिकोत्सव समारोहमा सम्मान गर्ने कार्यक्रम छ । असल शिक्षक छनोटको

लागि खसेका २३४ मतमध्ये ५ मत बदर भएका थिए भने विजयी उम्मेदवारले ८४ मत पाएका थिए। प्रअ गुरुङ स्वयं भने प्रतिस्पर्धामा सहभागी थिएनन्।

गोप्य मतदानबाट आफूलाई पढाउनेमध्ये सबैभन्दा राम्रा शिक्षक छान्न पाएकोमा विद्यार्थीहरू दङ्ग परेका छन्। कक्षा १० का छात्र विष्णुप्रसाद कँडेल भन्छन्, "विद्यालयले सकारात्मक प्रयासको थालनी गरेको छ, यसबाट शिक्षकहरूमा विद्यार्थीप्रतिको जिम्मेवारीबोध अझै बढाउने छ।' स्तरीय शिक्षा दिन शिक्षकहरूबीच प्रतिस्पर्धा होस् भनेर यस्तो तरिका अपनाइएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगबहादुर छन्त्याल बताउँछन्। स्रोतव्यक्ति दिनेश पन्त चाहिँ अरू स्कूलले पनि यस्तो अभ्यास गरेमा शिक्षकहरूमा आफ्नो पेशाप्रति जागरुकता पैदा हुने ठान्छन्। असल शिक्षकको छनोटसँग छात्रछात्राले 'विद्यालयको प्रशासन ठीक कि बेठीक' भन्ने विषयमा पनि मतदान गरेका थिए। विद्यालय प्रशासन ठीक भन्ने पक्षमा १८८ जना विद्यार्थीहरूको मत खसेको थियो भने बेठीक भन्नेमा १५ जना विद्यार्थीको मत परेको थियो। 📖

**भाषा शर्मा,** बाग्लुङ

# हत्या अभियोगमा शिक्षक प्रताडित



भुषण यादव

"**मलाई** बाँच्छु भन्ने लागेको थिएन, मृत्युको भयले दिमागले काम गर्न छोडेपछि उनीहरूले मलाई छोडे" प्रहरीको पन्जाबाट मुक्त भएपछि पर्सा, वीरगञ्जको नेपाल रेल्वे माविका शिक्षक महन्थ यादवले बताए। ४ माघ अपरान्ह ४:३० बजे उनलाई स्कूलबाट घर फर्किंदा रेडक्रस भवन अगाडिबाट प्रहरीले पक्राउ गरेको थियो। पक्राउपछि आफूलाई प्रहरीले चरम यातना दिएको उनको कथन छ।

प्रहरीले पक्राउ गर्दा यादवसँग उक्त स्कूलका प्रअ हरिहर यादव, शिक्षकद्वय हरि महर्जन र दिना रौनियार सँगै थिए। एसपी सा'बले सोधपुछको लागि बोलाएको भन्दै यादवलाई प्रहरीले जबर्जस्ती उठाएर भ्यानमा हालेको प्रअ यादव बताउँछन्। १७ घण्टाको प्रहरी हिरासत र यातनापछि उनलाई भोलिपल्ट बिहान छाडिएको थियो। प्रहरी हिरासतबाट मुक्त भएपछि शिक्षक महन्थ यादवले पत्रकारलाई आफ्नो शरीरका नीलडाम देखाएका थिए। उनलाई पर्साका सहायक सिडियोको हत्या गर्न खोजेको आरोपमा पक्राउ गरी यातना दिइएको बुझिएको छ। जिल्ला प्रहरी कार्यालयका एसपी राजेन्द्र श्रेष्ठले शिक्षक यादवलाई सोधपुछका लागि जिप्रकामा ल्याइए पनि यातना नदिएको बताए।


घटनापछि नेपाल शिक्षक युनियनले पर्साका प्रमुख जिल्ला अधिकारी यादवप्रसाद कोइरालालाई भेटेर घटनाप्रति आपत्ति प्रकट गर्दै दोषीलाई कारबाही गरिनुपर्ने माग गरेको थियो। प्रजिअ कोइरालाले घटनाको छानबिन गर्ने आश्वासन दिए पनि अहिलेसम्म कसैलाई कारबाही भएको छैन। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी बलबहादुर मल्लमाथि २७ पुसमा गोली प्रहार हुँदा उनका अङ्गरक्षक प्रहरी जवान अनन्तराज खड्काको मृत्यु भएको थियो। उक्त घटनाको जिम्मेवा री संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले लिए पनि सो घटनामा शिक्षक यादवको संलग्नता रहेको प्रहरीको आशङ्का छ। 📖

**रितेश त्रिपाठी,** वीरगंज

# आयोगमा राउत

**सरकारले** शिक्षक सेवा आयोगको रिक्त सदस्य पदमा बाराका शिक्षक योगेन्द्रप्रसाद राउतलाई नियुक्त गरेको छ। मन्त्रिपरिषद्को ६ माघको बैठकले राउतलाई नियुक्त गरेको हो। यसअघि उनी बाराको दोहरी मञ्जौलियास्थित अमर उच्चमाविका प्राचार्य थिए।

राउतको नियुक्तिसँगै शिक्षक सेवा आयोगले पूर्णता पाएको छ। २०६६ जेठमा आयोगका सदस्य रामवृक्ष साहको पदावधि सकिएपछि आयोगमा एउटा सदस्य पद रिक्त



थियो। आयोगमा अध्यक्ष र दुईजना सदस्य रहने व्यवस्था छ। उनको पदावधि पाँच वर्षको हुनेछ। राउतले ३३ वर्ष शिक्षण सेवामा बिताएका थिए। आयोग सदस्य भएपछि शिक्षक सँग कुरा गर्दै राउतले भने, "शिक्षकको नियुक्ति, बढुवा र सेवा/सुविधाका लागि निष्पक्ष भूमिका खेल्नेछु।" उदयराज सोती अध्यक्ष रहेको शिक्षक सेवा आयोगमा योगेन्द्रप्रसाद राउत र प्रेमराज उपाध्याय सदस्य छन्। 📖

रिपोर्ट

प्रमोद आयाम

# कर्मचारी नहुँदा शिक्षकलाई मर्का



जिशिका सप्तरीमा सेवाग्राहीको चाप ।

**तराईका जिशिकाहरूमा कर्मचारी नहुँदा शिक्षकको तलब भुक्तानीलगायत स्कूल निरीक्षणका काम प्रभावित भएका छन् ।**

जिल्ला शिक्षा कार्यालय, पर्साको प्रशासन, तालिम, परीक्षा र कम्प्युटर सञ्चालन समेतको जिम्मा खरिदार ध्रुव पौडेलको काँधमा छ । उनको खास जिम्मेवारी कर्मचारी प्रशासन शाखा मात्रै हो । तर, कार्यालयमा अरू कर्मचारी नभएका कारण पौडेलले नै सबै काम भ्याउनु परेको हो । पौडेल भन्छन्, "दरबन्दीअनुरुप कर्मचारी नभएकाले शिक्षक र अन्य सेवाग्राहीलाई समयमै सेवा दिन सकिएको छैन ।" शिक्षा मन्त्रालयले पर्साका तीन जना विनिलाई कामु जिशिअ बनाएर अन्यत्र जिल्लामा काजमा खटाएकाले पनि कर्मचारीको अभाव भएको हो ।

१० माघमा जिशिका, सप्तरीमा तीन जना कर्मचारी मात्रै थिए । लेखा अधिकृत कामेश्वर साह, प्रास वीरेन्द्र चौधरी र खरिदार अमरकान्त झालाई कार्यालयमा आएका सेवाग्राहीका गुनासो सुन्न भ्याईनभ्याई थियो । दुई शाखा अधिकृतको दरबन्दी रिक्त छ ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहटलगायत तराईका अरू जिशिकाहरूको अवस्था पनि योभन्दा फरक छैन । जिल्लाका सरकारी कार्यालयमध्ये सबैभन्दा बढी अधिकृतको दरबन्दी रहने निकायमा पर्छ, जिशिका । दरबन्दीअनुसार कर्मचारी नहुँदा जिशिकाका कर्मचारीहरूमा कामको बोझ र दबाव मात्र परेको छैन, जिशिकाबाट सम्पादन हुने शिक्षक र स्कूल प्रशासनसँग सम्बन्धित कामहरूमा समेत असर परेको छ ।

तराईमा असुरक्षा बढ्दै गएकाले जिशिकाहरूमा रिक्त दरबन्दी पूर्ति हुन नसकेको बताइन्छ । तर त्योभन्दा पनि ठूलो कारण चाहिँ राजनीतिक दलहरूको जथाभावी हस्तक्षेप र दबदबाले गर्दा कर्मचारी त्यहाँ जान नमान्ने गरेको पाइएको छ । कार्यरत कर्मचारीहरू पनि असुरक्षा र चन्दा आतङ्कबाट मुक्त देखिँदैनन् । जिशिका, पर्साका एक कर्मचारी भन्छन्, "मलाई पनि धेरै धम्की आए । तर, यहीं घर भएकाले सरुवाको प्रयास गरिनँ ।" शैक्षिक तालिम केन्द्र, बाराका प्रशिक्षक वासुदेव पौडेललाई ३ वैशाख २०६४ मा जनतान्त्रिक तराई मुक्तिमोर्चा (गोइत समूह) ले मारेको थियो । त्यस्तै सप्तरीका जिशिअ मोहम्मद हसरद अलीको माओवादीको भ्रातृ सङ्गठन वाईसीएलको यातनापछि उपचारक्रममा २०६५ वैशाखमा मृत्यु भएको थियो ।

राजनीतिक अस्थिरताका कारण तराईका कर्मचारीलाई काम गर्न सजिलो छैन । जिल्लामा क्रियाशील राजनीतिक दलका आडमा समेत कर्मचारीमाथि अनुचित दबाब पर्ने गरेको छ । शिक्षक अनुदान वितरण, नियुक्तिमा समेत सबैभन्दा बढी राजनीतिक दबाब आउने गरेको कर्मचारीहरूको गुनासो छ । "मन्त्री र सभासद्को काम हो हुनैपर्छ भन्ने दबाब आउँछ ।" जिशिका रौतहटका प्रास उपेन्द्र सिंह भन्छन्, "कर्मचारीले जागिर बचाओस् कि दबाबमा काम गरोस् ?"

एकजना निलम्बित शिक्षकको पुनर्वहाली गर्न नमान्दा फोरम र तमलोपाका कार्यकर्ताले २०६६ वैशाखमा सप्तरीका तत्कालीन कामु जिशिअ केदार तिवारीलाई कालोमोसो दले । त्यसपछि उनी कार्यालयमा प्रायः बसेनन् । असुरक्षाको कारण देखाउँदै १ पुसदेखि सप्तरीमा अनुपस्थित रहेका तिवारी २४ माघदेखि जिशिका बारामा सरुवा भएका छन् । जिशिका, सप्तरीका खरिदार अमरकान्त झा भन्छन्, "जबरजस्ती काम गराउन खोज्ने प्रवृत्तिका कारण जिशिअ यहाँ बस्नै चाहँदैनन् ।" तिवारीको ठाउँमा महोत्तरीका शाखा अधिकृत शत्रुधन यादवलाई पठाइएको छ ।

## कर्मचारी नहुँदाको असर

बाराका विनि मन्जुर आलमको मुख्य जिम्मेवारी उनलाई तोकिएका स्कूलको निरीक्षण र सुपरीवेक्षण गर्नु हो । तर, उनी स्कूल निरीक्षणमा नगएको धेरै भइसक्यो । जिशिकामा अरू अधिकृत नभएकाले उनी विद्यालय प्रशासनको काममा बढी व्यस्त हुन्छन् । आलमको

कथन छ, "कार्यालयमा कर्मचारी नै हुँदैनन्। त्यसैले म बाहिर निस्कनै पाउँदिनँ।"

सप्तरीका स्रोतव्यक्ति रामप्रसाद चौधरीलाई विद्यालय प्रशासन शाखाको जिम्मेवारी दिइएको छ। जनशक्ति अभावमा जिशिकाका आन्तरिक प्रशासनिक कामहरू पनि लथालिङ्ग छन्। जिशिअको अनुपस्थितिले ६० भन्दा बढी शिक्षकको नियुक्ति सदर हुन नसकेको जानकारी सप्तरीका स्रोतव्यक्ति चौधरीले दिए। जिशिअको अनुपस्थितिकै कारण माघको तेस्रो सातासम्म सप्तरीका शिक्षकको मङ्सिरदेखिको तलब निकासा भएको छैन भने चार सय बाल विकास सहयोगी कार्यकर्ताले साउनदेखिको तलब नपाएको जानकारी शिक्षक युनियन सप्तरीका अध्यक्ष भवेन्द्र यादवले दिए। जिशिअ नहुँदा शिक्षक र स्कूलसम्बन्धी काममा गम्भीर व्यवधान पुगेको भन्दै शिक्षक युनियन, सप्तरीले २० माघदेखि चारदिनसम्म जिशिकामा तालाबन्दी गरेको थियो।



### अयोग्य हटाइए

कार्यालयमा अनुपस्थित भई जिम्मेवारीप्रति बेवास्ता गरेको भन्दै शिक्षकहरूबाट गुनासो आएपछि बाराका कामु जिशिअ अलविन्दलाल कर्ण शिक्षा मन्त्रालयमा झिकाइएका छन्। बाराका प्रमुख जिल्ला अधिकारी तारानाथ गौतमले कर्णलाई कारबाहीका लागि पटकपटक ताकेता गरेपछि मन्त्रालयले उनलाई जिशिअको जिम्मेवारीबाट मुक्त गरेर सोधपुछका लागि काठमाडौं बोलाएको हो। प्रजिअ गौतमको भनाइमा शिक्षक राहत र पीसीएफ कोटाका शिक्षक नियुक्तिमा कर्णले प्रक्रिया पुऱ्याएका थिएनन्। कार्यालय प्रमुखको नियमित

**तालिका कर्मचारी सङ्ख्या र रिक्त पद**

| जिल्ला | कुल दरबन्दी | रिक्त पद |
|---|---|---|
| बारा | २४ | १२ |
| पर्सा | २१ | १२ |
| रौतहट | २४ | १३ |
| सर्लाही | २३ | १० |
| धनुषा | २३ | ७ |
| महोत्तरी | २३ | ८ |
| सिरहा | २२ | ७ |
| सप्तरी | २३ | १२ |


स्रोतः सम्बन्धित जिशिका

बैठकमा समेत कर्ण उपस्थित हुँदैनथे। प्रजिअ गौतम भन्छन्, "एउटा जिम्मेवार अधिकृतको अकर्मण्य, निकृष्ट र लाजमर्दो चरित्र हो यो।" शिक्षण अनुमतिपत्रको आवेदन छानबिन कार्यदलको संयोजक तोकिए पनि त्यसप्रति समेत कर्णले बेवास्ता गरेका थिए।

शिक्षकका पेशागत सङ्गठनबाट जिशिअ कर्णका विषयमा धेरै गुनासाहरू आएपछि प्रजिअ गौतमले शिक्षा मन्त्रालय, शिक्षा विभागसँगै गृह मन्त्रालयमा उनलाई कारबाहीको माग गर्दै कडा व्यहोराको पत्र पठाएका थिए। पत्रमा गौतमले लेखेका छन्, "म धेरै जिल्लामा बसेँ। तर, यस्तो जिशिअ कहीँ पनि देखेको थिइनँ। यो व्यक्ति यहाँ मात्र होइन, अन्यत्र पनि जिशिअ हुन योग्य छैन।"


## तपाईंलाई शिक्षक कस्तो लाग्छ ?

यदि राम्रो/उपयोगी लाग्छ भने आफ्ले चिनेजानेका शिक्षक, अभिभावक र विद्यार्थीलाई पढ्न भनिदिनुहोला। हामीलाई केही सुझाव भए शिक्षकको ठेगानामा खबर दिनुहोला।




शिक्षक मासिक, पाटनढोका
पो.ब.नं. १६६, ललितपुर
फोनः ५५४३२५२, ५५४८१४२
फ्याक्सः ५५४११९६

शिक्षक तपाईंको गाउँ-शहर-बजारका पत्रपत्रिका पसलमा हरेक महिनाको पहिलो साताभित्र पुगिसक्छ। तैपनि शिक्षक पाउन कठिनाई भएमा तपाईंको नजिकको पत्रपत्रिका पसल वा हामीलाई भन्नुहोला।

इमेलः mail@teacher.org.np
वेबः www.teacher.org.np

विश्लेषण

डा. मनप्रसाद वाग्ले



# शिक्षक विकास किन र कसरी ?


**शिक्षकहरूमाथि जिम्मेवारी दिनु एउटा कुरा हो तर त्यो जिम्मेवारी अथवा भार वहन क्षमता शिक्षकमा विकास गराउनु शिक्षक-विकासको मूल एजेण्डा हो । शिक्षकलाई सुम्पिएको भार उनीहरूले वहन गर्ने अपेक्षा गर्ने हो भने उनीहरूको भार-वहन क्षमतामा अभिवृद्धि गर्नैपर्दछ अनि मात्र गुणस्तरीय शिक्षा सम्भव हुन सक्दछ ।**

करिब ६ दशक लामो नेपालको शिक्षाको परिदृश्यमा शिक्षकहरूको योगदानलाई आकलन गर्ने हो भने यही अवधिभित्र उत्पादित जनशक्तिको भरमा नै नेपालको सामाजिक, आर्थिक र राजनीतिक विकास सम्भव भएको हो भन्न हिचकिचाउनुपर्ने अवस्था छैन । बदलिँदो परिस्थितिअनुरुप शिक्षकको न्यूनतम योग्यतामा गरिएका परिवर्तनले आजका दिनसम्म आइपुग्दा गुणस्तरयुक्त शिक्षाका लागि शिक्षकको महत्त्व सबैले बुझ्दै गएको अनुभव हुन्छ । शिक्षकको आवश्यकताभित्र लुकेको उनीहरूको क्षमता बेलाबेलामा खण्डित गर्ने काम पनि नभएका होइनन् । तर पनि शिक्षकसँग सम्बन्धित युनियन, सङ्घ र सङ्गठनका पदाधिकारीहरूले पनि यो कुरा महसुस गरेका कारण ट्रेड युनियन बाध्यताको रूपमा शिक्षक सङ्गठनहरूभित्र प्रवेश गरेको देखिन्छ । ट्रेड युनियन र शिक्षक युनियनहरू एकै सङ्गठनका दुई पाटा हुन् । विद्वत् शिक्षकहरूले यी दुई नितान्त अन्तरविरोधी शक्तिहरूलाई समयमै पहिचान गरी दुई धारबाट शिक्षक-आन्दोलन गर्ने र साझा सवालमा मात्र मिश्रित हुने आँट देखाउने हो भने अझै पनि गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षकको आपूर्तिमा खलल पर्ने देखिँदैन ।

शिक्षकको सम्मान अरूले गरिदिने होइन । सम्मान जुटाउने र जनताको मन जित्ने काम शिक्षक स्वयं वा तिनका सङ्गठनहरूको क्रियाकलापमा निर्भर रहन्छ । राम्रो पढाउने शिक्षकको सम्मान हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहने छ । यो सवालमा शिक्षकको इमानदारी, शिक्षकको विकासका लागि सरकारी प्रतिबद्धता र समसामयिक ज्ञान विकासका आधारमा शिक्षकको स्तरवृद्धिमा सम्बन्धित सरोकारवालाहरूको योगदान नै मुख्य चुरो हो । शिक्षकको इमानदारीमा औंलो ठड्याइहाल्ने अवस्थालाई सामान्यीकरण गर्न सकिँदैन । कहीं कतै भएका त्यस्ता घटनाहरू सच्याउन सकिन्छन् तर त्यसका लागि 'एउटा शिक्षकको गल्तीले सारा शिक्षकको शिर निहुरिन्छ' भन्ने सोचाइका साथ शिक्षकका हक, हित र विकासको जिम्मा लिन शिक्षक सङ्गठनहरू अग्रसर भने हुनै पर्छ ।

शिक्षक विकासका लागि हाम्रो सरकारी प्रतिबद्धता पनि आफ्नो ठाउँमा ठीकै देखिन्छ । तथापि सरकारी नीतिनियमप्रति शिक्षकका सङ्घ सङ्गठनहरू सधैं सशङ्कित हुने र सङ्गठनहरूले अगाडि सारेका प्रस्तावहरूमा सरकारले आन्दोलन मात्रै देख्ने प्रवृत्ति समस्याको जरो बनेको छ । अहिलेसम्म सरकारले शिक्षक विकासका लागि अगाडि सारेका प्रावधान र ती प्रावधानहरूमा शिक्षक सङ्गठनहरूले उठाएका आशङ्का र विवादका कारण बेलाबेलामा ऐन संशोधन हुने गरेको छ । तर यसमा न त सरकारी सोच कामयावी हुनसकेको छ न सङ्गठनहरूको सोचले नै गति लिन सकेको छ । फेरि पनि अन्तरविरोधभित्रको अन्तरविरोध कायमै रहने गरेको छ ।

कुरो रह्यो समसामयिक ज्ञान विकासका आधारमा शिक्षकको स्तरवृद्धिमा सरोकारवालाहरूको योगदान । चाहे शिक्षक-शिक्षाका लागि जिम्मेवारी पाएका सरकारी शिक्षक तालिम केन्द्र होऊन् वा विश्वविद्यालयअन्तर्गत चलेका शिक्षाका संस्थाहरू होऊन्- तिनको पाठ्यक्रमले यो खाँचो पूरा गर्न सकेको छैन । पाठ्यक्रम मात्र होइन, त्यसको कार्यान्वयन प्रक्रिया र त्यसमा शिक्षक विकासका प्रयासहरू खोतल्ने हो भने सायद 'शिक्षक-शिक्षा'




**अहिले प्रायः सबै जिल्लामा विद्युत् सुविधा उपलब्ध छ । आउँदो वर्षभित्र प्रत्येक जिल्लालाई 'फाइवर अप्टिक्स' मा जोड्ने सरकारी प्रतिबद्धता यहाँनेर काम लाग्ने देखिन्छ । यस्ता सुविधाको उचित उपयोग गर्दै 'एक शिक्षक एक कम्प्युटर' को व्यवस्था तुरुन्तै लागू गरिनुपर्दछ ।**

कक्षा-शिक्षाभित्रै रूमल्लिरहेको तीतो यथार्थ हात लाग्छ ।

शिक्षक विकासका दुई धार देखिन्छन् । एउटा; मागका आधारमा उत्पादन गर्ने र अर्को सरकारको नियमित प्रक्रियाअनुसार शिक्षक उत्पादन गर्ने । हाम्रो देशको शिक्षक विकासको इतिहासदेखि आजसम्मको परिप्रेक्ष्यलाई मूल्याङ्कन गर्ने हो भने प्रति वर्ष कति सङ्ख्यामा शिक्षक तालिम गर्ने भन्ने आवधिक योजनाभित्रका सङ्ख्यालाई यथार्थमा उतार्ने नियमित क्रियाबाहेक अरू केही भेट्न सकिन्न । त्यसैले त सरकारी तथ्याङ्कमा विद्यालय शिक्षक सबै तालिम प्राप्त भन्ने प्रतिवेदन आउँदा पनि न शिक्षक-विकासको झल्को पाइन्छ न त विद्यार्थीका लागि गुणस्तरीय शिक्षाको आभास नै ।

यी सब कुराबाट के पुष्टि हुन्छ भने हामी योजना बनाउँछौं, जबरजस्ती कार्यान्वयन पनि गर्छौं तर प्रतिफलको वास्ता गर्दैनौं र त्यही चक्र प्रत्येक वर्ष दोहोऱ्याउँछौं । न पृष्ठभूमिको ख्याल गर्छौं न त समाजमा उत्पादित नयाँ ज्ञानको वास्ता गर्छौं । सामाजिक परिवेश त परैजावोस्; विद्यालय परिवेशको समेत बेवास्ता गर्छौं र गलत निष्कर्ष निकाल्छौं: शिक्षक-तालिम पाएकाहरूबाट नै गुणस्तरीय शिक्षा उपलब्ध गराउन सकिएन ।

सन् २००८ मा शिक्षा विभागका लागि चिराग, सिल्ट र फूलब्राइट कन्सल्टेन्सीले ३१ हजार ७०१ घरधुरीमा गरेको अध्ययनले के देखायो भने २० प्रतिशत अभिभावकहरू आफ्ना सन्तानलाई शिक्षक र प्राध्यापक बनाउन चाहन्छन् । योभन्दा बढी शिक्षकका लागि अर्को सम्मान के हुन सक्छ?यी अभिभावकहरूले आफ्नो आम्दानीको अधिकतम प्रतिफल शिक्षामा लगानी गर्ने गरेको पनि पाइयो जबकि राज्यले १६ प्रतिशत भन्दा बढी लगानी गर्न सकेको छैन । उनीहरूले शिक्षाका निम्ति गर्ने गरेको खर्चको बाँडफाँड यस्तो रहेछ:

| | | |
|---|---|---|
| **विद्यालयको शुल्क** | : | **२९ प्रतिशत** |
| **पुस्तक, कापी, कलम** | : | **२८ प्रतिशत** |
| **विद्यालय पोशाक** | : | **२२ प्रतिशत** |
| **खाजा खर्च** | : | **१७ प्रतिशत** |
| **ट्युसन (प्राइभेट)** | : | **४ प्रतिशत** |

अभिभावकहरूले खानापछिको दोस्रो खर्च आफ्ना छोराछोरीको शिक्षामा गर्ने गरेको यो यथार्थलाई शिक्षक र तिनका सङ्गठनहरूले चासोको रूपमा हेरिदिने परम्परा बसाल्न सके अभिभावकहरूप्रति न्याय गरेको ठहर्दछ ।


यी सब गन्थनको निचोड के हो भने शिक्षकको क्षमतामा वृद्धि नहुने हो भने न अभिभावकका सपना पूरा हुन्छन् न त राज्यले कल्पना गरेको विकासका लागि आवश्यक जनशक्ति नै तयार हुन्छ । 'विद्यालयस्तरको शिक्षा जस्तो छ; त्यो देशको विकासको स्तर पनि त्यस्तै हुने' तथ्य विश्वका विकसित मुलुकहरूले शिक्षामा गर्ने गरेको लगानीबाट स्पष्ट भइसकेको छ । यहाँ शिक्षक-विकासको मूलभूत कुराका बारेमा अबको चर्चा केन्द्रित रहने छ । शिक्षक-विकासका मूल एजेन्डालाई तलको चित्रबाट हेरौं:

**शैक्षिक विकास:** शिक्षक शिक्षित प्राणी भएकाले उसमा हुनुपर्ने न्यूनतम शैक्षिक विकासलाई शिक्षक-विकासकै प्रमुख एजेण्डाको रूपमा लिइनुपर्छ। 'आवश्यक न्यूनतम

योग्यता' एउटा मापदण्ड मात्र हो। त्यसैले सम्भव भएसम्म शिक्षकको शैक्षिक उन्नतिमा राज्यले ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। बेलाबेलामा हुने नियम परिवर्तनमार्फत शिक्षकको योग्यता वृद्धिको लागि बाध्यात्मक स्थिति पैदा गर्नु एउटा कुरा हो तर निरन्तर रूपमा शिक्षकको शैक्षिक विकासमा ध्यान पुऱ्याउनु गुणस्तरीय शिक्षाको एउटा अभिन्न पाटो हो। यसअन्तर्गत शिक्षकको योग्यता अभिवृद्धि, उचित तालिमको अवसर र उच्च अध्ययनका अवसरहरू खोजिनु पर्दछ। प्राथमिक तहमा काम गर्ने एउटा शिक्षकको न्यूनतम योग्यता दश वा बाह्र कक्षा उत्तीर्ण हुनु न्यूनतम मापदण्ड हो। यसको अर्थ यो होइन कि उक्त तहमा अध्यापन गर्ने शिक्षकको योग्यता त्योभन्दा माथिल्लो हुनुहुँदैन। जतिजति योग्यता वृद्धि हुँदै गयो त्यतित्यति क्षमता बढ्दै जान्छ र अन्ततः त्यसको प्रतिफल कक्षाकोठाको शिक्षणमार्फत विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिमा देखिन थाल्छ। त्यस्तै उच्च अध्ययनका लागि पाउने बिदाले शिक्षकलाई पढ्नका निम्ति प्रोत्साहित गर्दछ। तालिमका अवसरहरू उपलब्ध गराउनु र राम्रा तालिमका क्रेडिट जम्मा गरी शैक्षिक योग्यता अभिवृद्धिको लागि पूरक बनाउनु शिक्षकका लागि योग्यता अभिवृद्धिका थप अवसर हुन सक्छन्।

**आत्मोन्नतिको प्रयासः** खासगरी राज्यले गर्ने शिक्षक-विकासका व्यवस्थाहरू सीमित हुन्छन्। फेरि, सबै शिक्षक त्यस व्यवस्थाभित्र भनेकै समयमा अवसर पाउन सक्षम नै हुन्छन् भन्ने 'ग्यारेन्टी' पनि हुँदैन। तर पनि न्यायपूर्ण प्रक्रियाको अभ्यासबाट यस्ता अवसरलाई सम्भव तुल्याउन सकिन्छ। यसका अतिरिक्त शिक्षक-विकासको अर्को एजेण्डाको रूपमा 'आत्मोन्नति' लाई लिन सकिन्छ। जबसम्म शिक्षक आफैं चनाखो हुँदैन र नयाँ-नयाँ ज्ञानको खोजी गर्दैन तबसम्म राज्यले व्यवस्था गरिदिएको सामान्य तालिमबाट पाउने ज्ञानबाहेक उसले अरू उन्नति गर्न सक्दैन।

प्रविधि विकासको आजको युगमा टालटुले ज्ञानले



सफल शिक्षक हुन असम्भवप्राय: छ । त्यसैले नयाँ ज्ञानको खोजी गरी आफूलाई त्यसै अनुरूप ढाल्न शिक्षकले ढिलाइ गर्नुहुन्न । त्यस्तै अहिलेको विश्वव्यापी प्रतिस्पर्धी समाजको संरचनामा थुप्रै नवीनतम मोडेलहरू भेट्न सकिन्छ । अथवा शिक्षक आफैंले यस्ता नवीनतम चिन्तनको आविष्कार गर्न सक्छन् जसबाट आत्मोन्नति र त्यसका आधारमा सर्व-शिक्षा सम्भव हुन्छ । यी सब कार्यका लागि प्रत्येक शिक्षकमा नियमित अध्ययनको बानी अवश्य हुनुपर्छ । आफूले पढाउने विषयको पाठ्यपुस्तक मात्र पढाउन जान्ने शिक्षक विद्यार्थीकै ज्ञानको हाराहारीमा हुन्छ । उसले त त्योभन्दा माथिको ज्ञान र सीप थाहा पाउनुपर्दछ, जान्नुपर्दछ र उपयोग गर्नुपर्दछ । बजारमा निस्केका के कस्ता पुस्तकहरूबाट सो ज्ञान हासिल गर्न सकिने हो, पुस्तकालयमा के कस्ता पुस्तक व्यवस्था गर्नुपर्ने हो र त्यस्ता ज्ञान भएका को कस्ता विज्ञहरूसँग सङ्गत गर्नुपर्ने हो भन्ने जस्ता कुरा सबै शिक्षकका लागि अपरिहार्य मानिन्छ । यसका लागि अध्ययनको बानी जरूरी छ र यस्ता अध्ययनबाट मात्र शिक्षकले आफ्नो उन्नतिमा गर्व गर्न सक्छ ।

**पेशागत विकास:** शिक्षण शिक्षकको पेशा हो । पेशागत धर्म निर्वाह गर्नका लागि उसको पेशागत विकास आवश्यक हुन्छ । शिक्षण-पेशासँग सम्बन्धित अनौपचारिक, औपचारिक र अर्ध-औपचारिक पद्धतिबाट उपलब्ध हुने र गराइने विभिन्न कार्यक्रमहरू पेशागत विकासका अङ्ग मानिन्छन् । एउटा शिक्षकलाई सफल र सबल बनाउन गरिने हरसम्भव प्रयासहरू पेशागत विकासका आधार हुन् । यसमा राज्य, विद्यालय, शिक्षक सङ्गठन, समुदाय र शिक्षक स्वयं जिम्मेवार हुन्छन् ।

के हामीले शिक्षकहरूलाई स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सभा-सेमिनारमा सहभागी हुने अवसर प्रदान गरेका छौं ?के हामीले उपयुक्त मूल्याङ्कनका आधारमा समयमै शिक्षक पदोन्नतिको व्यवस्था गरेका छौं ?के हामीले शिक्षकहरूलाई सामूहिक छलफल र चिन्तनका लागि मार्गप्रशस्त गरिदिएका छौं ?यी र यस्ता अन्य सवालहरू शिक्षकको पेशागत विकाससँग सम्बन्धित मामलाहरू हुन् । न्यूनतम योग्यता पुग्दैमा वा योग्यता बढी हुँदैमा वा विद्यालयमा दरबन्दी हुँदैमा शिक्षकको पेशागत विकास सम्भव हुँदैन । शिक्षकको पेशागत विकास हुनु भनेको उसको पेशालाई बलियो, सम्मानजनक र अनुशासित बनाउने अनि त्यसैको आधारमा शिक्षकको वैयक्तिक, सामाजिक, शैक्षिक, आर्थिक र अन्य विकासहरू सम्भव तुल्याउनु हो । जबसम्म उसको पेशागत विकास हुँदैन तबसम्म शिक्षक, शिक्षा र त्यसका लागि गरिएका प्रयासहरू निरर्थक सावित हुन्छन् ।

**४. परिवारको भरणपोषण:** एउटा शिक्षक त्यसबेला ढुक्कसँग ध्यानकेन्द्रित गरेर शिक्षण कार्यमा लाग्न सक्छ जब उसका गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा जस्ता आधारभूत आवश्यकता पूरा हुन्छन् ।

> **शिक्षकको विकासका लागि बनाइने योजना वा नीतिनिर्माणसँग सम्बन्धित क्रियाकलापमा शिक्षकहरूको संलग्नता छैन भने; त्यस्ता योजना र नीति एकातिर र व्यवहार अर्कोतर्फ पर्ने खतरा रहिरहन्छ । नेपालको सन्दर्भमा सबभन्दा बढी खाडल यसैमा परेको पाइन्छ ।**

राज्यका भविष्यका कर्णधार तयार पार्ने जिम्मा बोकेको शिक्षकले आफ्नो परिवारको भरणपोषण गर्न नसक्ने हो भने उसले राम्ररी पढाउँछ भनेर कल्पना नगरे पनि हुन्छ । यो उसको आर्थिक पक्षसँग सम्बन्धित एजेण्डा हो । आधारभूत आवश्यकताअन्तर्गत अर्को थप विषय हो मनोरञ्जन । देख्दा यी नितान्त व्यक्तिगत एजेण्डा लाग्न सक्छन् तर राष्ट्रिय परिप्रेक्ष्यमा शिक्षकको योगदानको कुरा गर्ने र शिक्षक नै सबै थोक हो भन्ने आधारलाई मूर्तरूप दिन उसको परिवारको भोजन, आवास, कपडा र सामान्य मनोरञ्जनसम्म पुग्ने आर्थिक पक्ष त्यत्तिकै महत्त्वपूर्ण हुन्छ ।

**स्रोत-साधनको उपलब्धता:** हामी सूचना र ज्ञानको युगमा छौं । शिक्षकलाई यो युग अनुकूलको सीप दिन सकिएन भने उसबाट राज्यले कुनै अपेक्षा राख्न सक्दैन । विद्युत्का वैकल्पिक उपायविना देशका सबै विद्यालयमा आधुनिक प्रविधिको पहुँच सम्भव छैन । तर पनि अहिले प्राय: सबै जिल्लामा विद्युत् सुविधा उपलब्ध छ चाहे त्यो जलविद्युत् होस् वा सौर्य विद्युत् । त्यसको लागि गरिने प्रयासलाई थप द्रुतगति प्रदान गरिनुपर्दछ। आउँदो वर्षभित्र प्रत्येक जिल्लालाई 'फाइवर अप्टिक्स' मा जोड्ने सरकारी प्रतिबद्धता यहाँनेर काम लाग्ने देखिन्छ । यस्ता सुविधाको उचित उपयोग गर्दै 'एक शिक्षक एक कम्प्युटर' को व्यवस्था तुरुन्तै लागू गरिनुपर्दछ। युरोप र अमेरिकामा भर्खरै गरिएको अध्ययनबाट के पुष्टि भएको छ भने जुन शैक्षिक संस्थाका शिक्षकसँग व्यक्तिगत कम्प्युटर र इन्टरनेट सुविधा उपलब्ध छ; त्यस्ता शिक्षकले गरेको अध्यापन सापेक्षत: स्तरीय हुन्छ। हाम्रो देशमा पनि यो अधिकांश स्थानमा सम्भव देखिन्छ । शिक्षक-शिक्षा परियोजनाको नाममा आउने करोडौं डलरलाई यसतर्फ पनि उपयोग गर्नु बुद्धिमानी ठहर्छ ।

साथसाथै कक्षाकोठाको भौतिक पूर्वाधार प्रविधिपरक साधनहरूको उपयोग गर्न सक्ने किसिमले तयार पारिनुपर्दछ। कक्षाकोठामा सामान्य प्रविधिपरक साधन एल.सी.डी., मल्टिमिडिया प्रोजेक्टर र ल्यापटपको उपयोग गरिहाल्नुपर्ने अवस्था छ । विकसित मुलुकहरूमा त 'अन्तरक्रियात्मक बोर्ड' ले यसको समेत प्रतिस्थापन गर्न थालिसकेको छ । स्रोतसाधनभित्र पर्ने अर्को पूर्वाधार हो- सुविधासम्पन्न पुस्तकालय जहाँ ई-पुस्तकालयको अवधारणाले छपाइमाध्यमलाई प्रतिस्थापन गर्दैछ ।


**निरन्तर विकास:** कुनै पनि विकास निरन्तर नहुने

**प्राथमिक तहका शिक्षकको न्यूनतम योग्यता दश वा बाह्र कक्षा उत्तीर्ण हुनु न्यूनतम मापदण्ड हो। यसको अर्थ यो होइन कि उक्त तहमा अध्यापन गर्ने शिक्षकको योग्यता त्योभन्दा माथिल्लो हुनुहुँदैन। योग्यता बढ्दै जाँदा शिक्षकको क्षमता पनि बढ्दै जान्छ र अन्ततः त्यसको प्रतिफल विद्यार्थीले पाउँछन्।**

हो भने त्यसमा गरिएको लगानी र प्रयास व्यर्थ हुन्छ। शिक्षक-विकासका लागि गरिएका प्रयासहरू पनि त्यस्तै हुन्। कतिपय पुराना प्रयासहरूलाई निरन्तरता दिन नसक्दा शिक्षक-शिक्षामा आज देखिएको भद्रगोललाई स्वाभाविक मान्नुपर्ने भएको छ। निरन्तर विकासका लागि सुधारात्मक पद्धतिको खाँचो पर्दछ। शिक्षकमा रहेका कमि-कमजोरी पहिचान गरी समयमै त्यसको निराकरण गर्न निरन्तर लागिरहनुपर्ने हुन्छ। विद्यालयको मागका आधारमा तालिम सञ्चालन गर्न सके शिक्षकको निरन्तर विकास सम्भव हुन्छ। यसको लागि शिक्षक-विकास योजनाको नियमित कार्यक्रम जरुरी हुन्छ। निरन्तर विकासलाई पेशागत विकासभित्रै पनि राख्न सकिन्छ। एउटै संस्थाभित्र काम गर्ने शिक्षक-शिक्षकबीचको अन्तरक्रिया र अनुभव आदानप्रदान शैक्षिक गुणस्तरको कारक बन्न सक्दछ। त्यस्तै अन्तर-विद्यालय शिक्षक अन्तरक्रिया कम महत्त्वको हुँदैन। एउटाले पाएको नवीनतम ज्ञान अर्कोमा साटेर, शिक्षकहरूबीच सामूहिक ई-मेल सृजना गरेर, शिक्षकहरूको अध्ययन वृत्त बनाएर, एउटा विषय शिक्षकको कक्षा सोही विषय वा अन्य विषयकाले अवलोकन गर्ने जस्ता उपायबाट निरन्तर विकास सम्भव हुन्छ।

**शिक्षा विकासमा संलग्नता:** शिक्षा विकासका मेरुदण्ड अन्ततः शिक्षक हुन्। जे जस्ता शैक्षिक योजना अगाडि ल्याइए पनि तिनलाई आत्मसात् गरी शिक्षणमार्फत कक्षाकोठामा ती योजना सफलीभूत पार्ने काम शिक्षककै काँधमा रहन्छ। यस परिप्रेक्ष्यमा शिक्षा-विकासका कुनै पनि प्रयासमा शिक्षकको संलग्नताको अपरिहार्यता पुष्टि हुन्छ। राष्ट्रिय, क्षेत्रीय वा स्थानीयस्तरको योजना निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकको विकास; विद्यार्थीको मूल्याङ्कन, शिक्षकको विकासका लागि बनाइने योजना वा नीतिनिर्माणसँग सम्बन्धित क्रियाकलापमा शिक्षकहरूको संलग्नता छैन भने त्यस्ता योजना र नीति एकातिर र व्यवहार अर्कोतर्फ पर्ने खतरा रहिरहन्छ। नेपालको सन्दर्भमा सबभन्दा बढी खाडल यसैमा परेको पाइन्छ। तसर्थ राज्यले गर्ने कुनै पनि शैक्षिक निर्णयको सवालमा शिक्षकको संलग्नतामा कन्जुस्याइँ गर्नुहुँदैन।

**अनुगमन र मूल्याङ्कन:** शिक्षक-विकासका लागि जतिसुकै प्रयास गरे पनि ती सबैमा वैयक्तिक भिन्नता रहन्छ नै। साथै, सबै शिक्षकको न्यूनतम क्षमता समान

ठानिए पनि प्रत्येकको अधिकतम क्षमता फरकफरक हुन्छ । यो अवस्थामा कसले कति क्षमता प्रदर्शन गऱ्यो ?को सफल रूपमा शिक्षण गर्न सफल भयो ?कुन शिक्षकलाई अरू बढी प्रोत्साहनको खाँचो छ ?के गर्दा अरू शिक्षकले पनि प्रेरणा प्राप्त गर्न र आफूलाई सुधारोन्मुख बनाउन सक्छन् ?यस्ता प्रश्न शिक्षक-विकासभित्र सधैं जन्मिरहन्छन् । तसर्थ मापदण्डका आधारमा उपयुक्त अनुगमन (सुधारात्मक) र मूल्याङ्कन (निर्णयात्मक) तरिकाहरूको विकास अत्यन्तै आवश्यक पर्दछ । न्यूनतम मापदण्ड वा सूचकहरू छैनन् भने जस्तोसुकै मूल्याङ्कन र अनुगमन पनि हचुवापूर्ण ठहर्दछ र त्यो वस्तुगत हुन सक्दैन । अनुगमनका आधारमा देखिएका कमि-कमजोरी सुधार्न उपचारात्मक पद्धतिको विकास र विशेष क्षमतालाई उजागर गर्ने प्रोत्साहन प्रणालीको कार्यान्वयन त्यतिकै महत्त्वपूर्ण हुन्छ । त्यस्तै मूल्याङ्कनका आधारमा प्रोत्साहन र दण्डको परिपाटी बसाली शिक्षक-विकासलाई सफल प्रणालीभित्र लैजानु आजको अर्को आवश्यकता हो ।

**मागका आधारमा शिक्षक-सीप विकास:** राज्यले योजना बनाएर आफ्नो तर्फबाट वार्षिक रूपमा गर्ने तालिम वा सीप विकास कार्यक्रम भन्दा विद्यालयस्तरबाट माग भई आएको शिक्षक-सीप विकास कार्यक्रम विद्यार्थीका लागि बढी लाभ पुऱ्याउने खालका हुन्छन् । राज्यले सबै शिक्षकलाई सामान्यीकरण गरेर दिएको अवसरले एउटा पाटोमा शिक्षकहरू सबल त हुन्छन् तर उनीहरूको व्यक्तिगत शिक्षण सीपमा भएका कमि-कमजोरी हटाउन भने यस्तो प्रयास खासै सहायक हुँदैन । खासगरी मागका आधारमा गरिने शिक्षक-शिक्षाको व्यवस्था सेवाकालीन शिक्षकहरूमा लागू हुन्छ ।

**विविध:** यहाँ प्रस्तुत गरिएका एजेण्डाहरू आफैंमा पूर्ण छैनन् । यसमा विद्वत्वर्गबाट अन्य एजेण्डाहरू पनि थप हुन सक्दछन् र गर्नु पनि पर्दछ । अरू अगाडि भन्नुपर्दा के हामीले शिक्षक-विद्यार्थी अनुपातको आधारमा शिक्षक, विद्यार्थी र कक्षाकोठाको व्यवस्था गर्न सकेका छौं ?के हामीले विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि शिक्षकलाई तयार पार्न सकेका छौं ?के हामीले निरन्तर मूल्याङ्कनका आधारमा कमजोर विद्यार्थीलाई उपचारात्मक पद्धति अनुसार सहयोग पुऱ्याएका छौं ?यी प्रत्यक्षत: शिक्षक-विकासका एजेण्डाभित्र पर्ने कुरा हुन् । यी र यस्तै अन्य एजेण्डाहरूको सम्बोधन गर्न नसकेसम्म शिक्षक-विकास सम्भव नहुने कुरामा दुईमत छैन ।

शिक्षकहरूमाथि जिम्मेवारी दिनु एउटा कुरा हो तर त्यो जिम्मेवारी अथवा भार वहन क्षमता शिक्षकमा विकास गराउनु शिक्षक-विकासको मूल एजेण्डा हो । शिक्षकलाई सुम्पिएको भार उनीहरूले वहन गर्ने अपेक्षा राज्यले गर्ने हो भने उनीहरूको भार-वहन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ अनि मात्र उनीहरूबाट हामीले खोजेको गुणस्तरीय शिक्षा सम्भव हुन सक्दछ ।



बाबुराम विश्वकर्मा

# परीक्षा सुधारौं

"

- परीक्षा हलमा एकले अर्को परीक्षार्थीको उत्तरपुस्तिकाबाट सार्ने वा आफ्नो उत्तरपुस्तिका अरूलाई सार्न लगाउने प्रयास गर्नेको सो दिनको परीक्षा रद्द गर्ने ।
- अनियमित कार्य गरेकोमा चेतावनी दिँदादिँदै पनि फेरि त्यस्तो कार्यमा संलग्न भएको पाइएमा त्यस्ता परीक्षार्थीको पूरै विषयको परीक्षा रद्द गर्ने ।
- परीक्षा केन्द्रको वातावरणलाई खलल पार्ने गरी अवाञ्छनीय एवं उच्छृङ्खल कार्य गरेमा सो वर्षको परीक्षा रद्द गरी अर्को वर्षसमेत परीक्षा दिन नपाउने गरी कारबाही गर्ने ।
- परीक्षा भवनभित्र अरू परीक्षार्थीलाई समेत बाधा पर्ने गरी अवाञ्छित व्यवहार गर्ने, केन्द्राध्यक्ष र निरीक्षकहरूले परीक्षा सुसञ्चालनका सन्दर्भमा दिएका निर्देशन बेवास्ता गरेमा पूरै परीक्षा रद्द गर्ने ।
- जोखिमपूर्ण हातहतियार साथ लिई परीक्षा केन्द्रमा प्रवेश गर्ने, मादकपदार्थ सेवन गरी अनावश्यक होहल्ला गर्ने, हातपात गर्ने, परीक्षाको कारण परीक्षा सञ्चालन अवधिभर वा त्यसपछि पनि रिसईवी साध्ने जस्ता कार्य गर्नेहरूको पूरै परीक्षा रद्द गरी अर्को एक वर्षसमेत परीक्षा दिनबाट बञ्चित गर्ने र त्यस्ताउपर स्थानीय जिल्ला प्रशासन कार्यालयमार्फत प्रचलित कानुनबमोजिम कारबाही चलाउन सिफारिस गर्ने ।
- परीक्षा हलभित्र नक्कल गराउन सहयोग गर्ने कार्यरत निरीक्षक र कर्मचारीहरूको हकमा विभागीय कारबाहीका लागि सिफारिस गर्ने तथा बाहिरबाट आई उक्त कार्य गर्ने/गराउने व्यक्तिहरूलाई स्थानीय जिल्ला प्रशासन कार्यालयमार्फत प्रचलित कानुनबमोजिम कारबाही चलाउन सिफारिस गर्ने । "

*माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी)*
*परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६५ बाट*




रविन सायमि्

# पढाइ सुध्रिन्छ

विगत सात दशकदेखि एसएलसी परीक्षा सञ्चालनको जिम्मेवारी निर्वाह गर्दै आएको शिक्षा मन्त्रालयअन्तर्गतको परीक्षा नियन्त्रण कार्यालय (पनिका)ले उक्त परीक्षालाई शुद्ध र मर्यादित तुल्याइराख्न सिद्धान्त त कुनै कसर बाँकी राखेको छैन भन्ने कुरा माथिका निर्देशात्मक बुँदाले स्पष्ट पार्छन् । यो निर्देशिकाले एसएलसी परीक्षामा चिट चोर्ने र चोराउने कृत्यमा संलग्नलाई ठेगान लगाउन केन्द्राध्यक्षहरूलाई लिखित रूपमै थुप्रै अधिकार प्रत्यायोजन गरेको छ । निर्देशिकाले प्रदान गरेको अधिकार केन्द्राध्यक्षहरूले शब्दश: प्रयोग गर्ने हो भने आज पनि एसएलसीको जाँच 'फलामे ढोका' साबित हुन सक्दछ। तर, त्यति टाढाको अपेक्षा अहिले कसैले राखेको छैन। जाँच जाँच जस्तो मात्रै भइदिए पनि धेरैको चित्त बुझ्न सक्छ । किनभने देशको सङ्क्रमणकालीन राजनीति, अस्तव्यस्त राज्य व्यवस्था र चरम असुरक्षा एवं दण्डहीनताको परिवेशमा कुनै पनि केन्द्राध्यक्ष निर्देशिकाको मर्मअनुरुप कठोर हुन सम्भव छैन ।

पनिकाले एसएलसीमा चिटिङ गर्नेहरूलाई कारबाही गर्ने अधिकार केन्द्राध्यक्षलाई प्रदान गरेकै कारण उसले सोझै माथि उल्लिखित अधिकारको अभ्यास गरेको पाइँदैन । परीक्षा केन्द्रमा केन्द्राध्यक्षको जिम्मेवारी पाएका हेडमास्टर वा शिक्षकले बद्मास गर्नेलाई 'तह लगाउने' अपेक्षा धेरैको हुन्छ । केन्द्राध्यक्षले नै परीक्षामा अनियमितता गरेमा चाहिँ जिल्लास्तरीय माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिसँग त्यस्ता केन्द्राध्यक्षलाई कारबाही गर्ने अधिकार छ । तर, केन्द्राध्यक्षको अग्रसर नभएका कारण गत वर्षको एसएलसीमा सप्तरीको राजदेवी जोगेन्द्र भगत माविमा भएको 'चिटिङ' मा संलग्नहरूका बारेमा मिडियाले प्रश्न उठाउँदा पनि कुनै कारबाही भएको छैन, न त उक्त केन्द्रको परीक्षा नै रद्द गरिएको छ । उक्त घटना सार्वजनिक भएपछि परीक्षा नियन्त्रण कार्यालयका कर्मचारीले परीक्षा समन्वय समितिका पदाधिकारीलाई फोन गरेर परीक्षा रद्द गर्न र चिटिङ गर्नेहरूलाई कारबाही गर्न आग्रह गरेका थिए । तर, पनिकाको उक्त आग्रहको सुनुवाई नभएको उपनियन्त्रक अम्बिका रेग्मी बताउँछन् । उनको कथन छ, "परीक्षालाई चुस्त र मर्यादित बनाउने जिम्मा जिल्लास्तरीय परीक्षा समन्वय समितिको हो । चिट चोर्ने र चोराउनेलाई निष्कासन तथा कापी रद्द गर्ने र कारबाही गर्ने



उत्तम खड्गी

२०६५ को एसएलसीमा त्रिजुद्ध मावि वीरगञ्जमा चिट चोराउँदै ।

अधिकार केन्द्राध्यक्ष (प्रअ/शिक्षक) सँगै छ, तर, केन्द्राध्यक्षले आफ्नो अधिकार प्रयोग नगर्दा सप्तरीको घटनाका दोषीलाई समेत कारबाही गर्न सकिएन । " सप्तरी चिटिङ प्रकरणमा केन्द्राध्यक्षले या त आफूले पाएको अधिकार थाहा नपाएर हो वा चिट चोर्ने/चोराउनेलाई कारबाही गर्दा आफू असुरक्षित हुने ठानेर हो, चिटिङप्रति बेवास्ता गरेको भान हुन्छ ।

शिक्षा नियमावलीले जिल्लास्तरीय परीक्षा समन्वय समितिमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख र जिल्ला शिक्षा अधिकारी रहने व्यवस्था गरेको छ । परीक्षामा जथाभावी गर्नेलाई दण्डित गर्न सहयोग पुगोस् भनेर उक्त समितिमा सिडियो र डीएसपी रहने व्यवस्था गरिएको हो ।

### तालिकाः रद्द र निष्कासनको आँकडा

| वर्ष | परीक्षा रद्द | निष्कासन |
|---|---|---|
| २०५९ | ० | ४ |
| २०६० | ५६ | ४ |
| २०६१ | २७६ | ९० |
| २०६२ | ११२ | - |
| २०६३ | २५ | १० |
| २०६४ | ४८ | - |
| २०६५ | ३७ | - |

स्रोतः परीक्षा नियन्त्रण कार्यालय



समितिले परीक्षा मर्यादित र व्यवस्थित पार्न परीक्षाको निरीक्षण तथा अनुगमन गर्ने तथा परीक्षा सकिएपछि त्यसको समीक्षा गरी अर्को वर्ष सुधार गर्ने रणनीति तय गर्नुपर्छ। तर, जिल्लाका 'बिग थ्री' रहेको उक्त संयन्त्रले समेत परीक्षालाई चुस्त र मर्यादित तुल्याउन प्रभावकारी काम गर्न नसकेको गुनासो बढ्दै गएको छ।

गत वर्षको एसएलसीलगत्तै बसेको पनिकाको बोर्ड बैठकले केन्द्राध्यक्ष र परीक्षा समन्वय समितिको भूमिका कमजोर हुँदै गएका कारण जाँचमा निकै बेथिति बढेको ठहर गरेको थियो। उक्त बैठकले आफ्नो बुताले मात्र परीक्षा सुधार गर्न नसकिने निचोड पनि निकालेको थियो। एसएलसीमा हुने चिटिङलाई रोकेर परीक्षालाई 'साँच्चै परीक्षा' बनाउने रणनीति तर्जुमा नगरी १२ चैत २०६६ देखि एसएलसी परीक्षा सञ्चालन गर्ने रुटिन प्रकाशित भइसकेको छ।

एसएलसीको प्रश्नपत्र छपाइका निम्ति पनिकाका नियन्त्रक चित्रप्रसाद देवकोटा दुई जना सहयोगी कर्मचारी लिएर ५० दिनको काजमा भारत गएका छन्। १५ फागुन २०६६ सम्ममा भारतबाट एसएलसीका प्रश्नपत्र छापिएर पनिकामा आउने छ भने त्यसपछि पनिकाले प्रश्नपत्र जिल्ला पठाउने छ। परीक्षाका प्राविधिक पक्षको तयारी द्रूत तुल्याइए पनि जाँच मर्यादित तुल्याउने बारे स्पष्ट कार्ययोजना नहुँदा आसन्न एसएलसी चिटिङरहित हुन्छ भनेर ढुक्क हुने अवस्था चाहिँ छैन्। स्थानीयस्तरमा परीक्षा सञ्चालनको जिम्मा पाएका परीक्षा समन्वय समितिहरू पनि परीक्षामा हुने अनियमितता रोक्ने उपाय तर्जुमा गर्ने कुरामा बेखबर जस्तै देखिएका छन्। यस्तो अवस्थामा स्वयं शिक्षक नै अग्रसर नभई परीक्षा चुस्त हुन्छ भन्ने आशा गर्न सकिँदैन।

### चिटिङः मधेशबाट हिमालसम्म

केही वर्षअघिसम्म तराईका केही जिल्ला मात्र एसएलसी परीक्षामा बढी मात्रामा चोरी हुने ठानिन्थ्यो। तर, पछिल्ला वर्षहरूमा एसएलसीमा हुने चिटिङ तराई मात्र सीमित छैन, सुर्खेत, बझाङमाहुँदै यो मुगुसम्म फैलिइसकेको छ। १८ माघमा *शिक्षक* मासिक र *एलाइन्स फर सोसियल डाइलग* ले ललितपुरमा आयोजना गरेको सम्वादमा जनकपुरका सह-प्राध्यापक डा. सुरेन्द्र लाभले भनेका थिए, "एसएलसी परीक्षामा हुने चिटिङ एड्स जस्तै भएको छ, एक ठाउँमा लागेपछि अर्को ठाउँमा सरी हाल्छ।" *(हे. शिक्षक सम्वाद)* शिक्षक को यो अङ्कमा समेटिएका फरक फरक ठाउँका दृष्टान्तहरूले पनि एसएलसी जाँचमा हुने चिटिङ तीव्र रफ्तारमा फैलिइरहेका देखाउँछन्। पछिल्लो समयमा बझाङ जस्ता विकट पहाडी जिल्लामा चिटिङको प्रकोप बढेकै कारण 'न्याय नपाए गोरखा जानु एसएलसी पास नभए बझाङ जानु' भन्ने नयाँ उखान चल्तीमा आएको छ। परीक्षा नियन्त्रण कार्यालयले समेत एसएलसीमा चिट चोर्ने प्रवृत्तिलाई एक्लै रोक्न सकिन्छ भन्ने आत्मविश्वास गुमाइसकेको छ। उपनियन्त्रक अम्बिका रेग्मी आफूहरूको प्रयासमा मात्र चिटिङ रोक्न नसकिने ठान्छन्। उनी भन्छन्, "अब हामीले चाहेर मात्र चिटिङ रोक्न सकिँदैन, चिटिङ निरुत्साहित गर्न जिल्लाको संयन्त्रसँगै शिक्षक, छात्रछात्रा र अभिभावक नै अग्रसर हुनुको विकल्प छैन।"

एसएलसी परीक्षामा चिटिङ बढ्दै जाँदा कति जिल्लामा कति प्रतिशत परीक्षा शुद्ध होला भन्ने जिज्ञासा उत्पन्न हुनु स्वाभाविक हो। तर यस्तो जिज्ञासा शान्त पार्न पनिका वा शिक्षासम्बद्ध सरकारी निकायले एसएलसीमा कहाँ कुन अनुपातमा चिटिङ हुन्छ भन्ने बारेमा कुनै अध्ययन गरेका छैनन्। पनिकाका कर्मचारीको निजी अनुमानमा उपत्यकालगायत बहुसङ्ख्यक जिल्लामा एसएलसी परीक्षा मर्यादित र चुस्त हुन्छ भने केही जिल्लामा परीक्षा 'लुज' हुन्छ। कहाँ कुन अनुपातमा चिट चोरिन्छ भन्ने बारेका कुनै अध्ययन नभएकाले यसको यथार्थ खोजबिन जरुरी देखिएको छ। पनिकाले हरेक वर्ष केन्द्राध्यक्षले पठाएको विवरणका आधारमा जथाभावी गर्ने परीक्षार्थीलाई

# २०६६ को एसएलसी परीक्षा तालिका

**परीक्षा सञ्चालन समय: बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| मिति | विषय |
|---|---|
| १२ चैत २०६६ बिहीबार | अनिवार्य अङ्ग्रेजी। वेद विद्याश्रमतर्फ- अनिवार्य संस्कृत व्याकरण र अनुवाद |
| १३ चैत २०६६ शुक्रबार | अनिवार्य नेपाली। गैरनेपाली परीक्षार्थीहरूको लागि अङ्ग्रेजी (Elective English) |
| १५ चैत २०६६ आइतबार | अनिवार्य गणित। |
| १६ चैत २०६६ सोमबार | अनिवार्य सामाजिक शिक्षा। |
| १७ चैत २०६६ मङ्गलबार | अनिवार्य विज्ञान। |
| १८ चैत २०६६ बुधबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा। |
| | वेदविद्याश्रमतर्फ: अनिवार्य कर्मकाण्ड। संस्कृततर्फ: अनिवार्य संस्कृत भाषा। |
| १९ चैत २०६६ बिहीबार | ऐच्छिक प्रथमपत्रका सबै विषय। वेदविद्याश्रमतर्फ: शुक्लयजुर्वेद, नीतिशास्त्र, सामवेद आदि |
| २० चैत २०६६ शुक्रबार | ऐच्छिक द्वितीयपत्रका सबै विषय। |

निष्कासन गरेको तथा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरेको विवरण एसएलसीको नतिजासँगै प्रकाशित गर्ने गरेको छ। पनिकाको आँकडा अनुसार २०५८ सालदेखि ०६५ सम्म जाँचमा चिटिङ गरेका कारण परीक्षा रद्द गरिएका र परीक्षा हलबाटै निष्कासन गरिएकाहरूको आँकडा ठूलो छैन। २०५८ मा नियमित, एक्जाम्टेड र पूरक परीक्षा दिने छात्रछात्रामध्ये देशभरिबाट चार जना मात्र निष्कासनमा परेको देखिन्छ भने त्यस वर्ष पनिकाद्वारा कुनै पनि परीक्षार्थीको परीक्षा रद्द गरिएको देखिँदैन। *(हे. तालिका)*

तैपनि काठमाडौंका स्कूलहरूमा हुने गरेको एसएलसी जाँचले चाहिँ परीक्षा बर्बाद भएको मात्र छैन, मर्यादित रूपमा सञ्चालन भइरहेका सङ्केत पनि गरेका छन्। काठमाडौंको कलङ्कीस्थित एलआरआई स्कूलमा राखिएका सीसी टिभीका कारण उक्त सेन्टरको परीक्षा स्तरीय हुने गरेको छ। लोडसेडिङका कारण उक्त स्कूलले सीसी टिभी चलाउनका निम्ति १० लाख मूल्य पर्ने जेनेरेटर जडान गरेको छ। स्कूल भवन निर्माण गर्दा नै छात्रछात्राले बद्मासी नगरुन् भन्ने हेतुले एलआरआईमा सीसी टिभी जडान गरिएको उक्त स्कूलले जनाइएको छ। सीसी टिभीकै कारण एसएलसी बाहेक एमबीबीएस र क्याम्पसस्तरीय परीक्षा सञ्चालन गर्न समेत एलआरआईमाथि दबाब पर्ने गरेको छ। सीसी टिभीका कारण चिटिङ नहुने भएकाले परीक्षा नियन्त्रण कार्यालयले उक्त स्कूललाई 'काठमाडौंको राम्रो परीक्षा केन्द्र' मानेको छ। चिटिङ रोक्न सीसी टिभीको व्यवस्था भरपर्दो उपाय भए पनि तत्कालका निम्ति नेपालका अधिकांश परीक्षा केन्द्रले सीसी टिभी जडान गर्ने सम्भावना भने छैन।

### समाधान: गतिला केन्द्राध्यक्ष

एसएलसीमा हुने अनियमितताले परीक्षाको औचित्यमा गम्भीर प्रश्न खडा गरेकाले यसको सुधार हुनुपर्छ भन्ने धेरैको भनाइ छ। तथापि सुधार कहाँबाट कसरी थाल्ने भन्ने बारेमा परीक्षाका सरोकारवालाबीचमै मतैक्य छैन। तथापि अहिलेका निम्ति कम्तीमा राम्रोसँग एसएलसी सञ्चालन गरिरहेका केन्द्राध्यक्ष र स्कूलहरूको अनुभवले एसएलसी जाँच सुधार गर्ने बाटो देखाउन सक्छ। उदाहरणका निम्ति, काठमाडौंको तेलिङ्टार उमाविका प्रअ सरोजकुमार पाण्डेको परीक्षा सञ्चालन गर्ने शैली र अनुभव एसएलसीमा चिटिङ रोक्न नसक्ने केन्द्राध्यक्ष र परीक्षा सञ्चालकहरूका निम्ति उपयोगी हुनसक्छ, किनभने उनको परीक्षाप्रतिको बुझाइ र निष्ठाकै कारण उक्त परीक्षा केन्द्रमा मर्यादित तवरले परीक्षा हुने गरेको छ। चिटिङ हुन नदिएर जाँचलाई जाँचकै रूपमा सञ्चालन गरेकाले जिशिका काठमाडौंले पाण्डेलाई 'राम्रो केन्द्राध्यक्ष' को सूचीमा राखेको छ। पाण्डेले परीक्षामा दायाँ-बायाँ गर्न नदिने भएकाले तेलिङ्टार उमावि वरपरका स्कूलहरू उक्त परीक्षा केन्द्रमा आफ्नो स्कूल नपरे हुन्थ्यो भन्ने कामनामा हुन्छन्।

पाण्डेले परीक्षामा परिचालन हुने निरीक्षक तथा सहयोगीलाई कुनै पनि हालतमा चिटिङ हुन नदिन आग्रह गर्ने गरेका छन् भने कसैले चिट चोरे र चोराएको भेटिएमा त्यस्तालाई तत्काल कारबाही गर्ने गरेका छन्। उनी परीक्षा हेर्ने बहानामा परीक्षा हलमा छिर्न खोज्नेलाई परीक्षा केन्द्रमा पस्ने अनुमति दिँदैनन्। भन्छन्, "धेरैतिरबाट दबाब र धम्की आउँछ तर म परीक्षालाई परीक्षाको रूपमा सञ्चालन गर्छु, अनियमितता भए परीक्षा रद्द गर्छु, नसके केन्द्राध्यक्षको जिम्मेवारी नै लिन्नँ।" *(हे. पाण्डेको अनुभव)* पाण्डेको जस्तै अनुभव काठमाडौंको गीतामाता उमाविका प्रअ विद्यादेवी महर्जन र रत्नराज्य स्कूलका प्रअ गीतादेवी खरेलको पनि छ। खरेलले त परीक्षा 'लुज' भयो भनेर चिन्ता गर्नुभन्दा आफूबाट सुधार थाल्न केन्द्राध्यक्षको जिम्मेवारी पाउने

प्रअ तथा शिक्षकलाई सल्लाह दिएकी छन् ।

जसरी शरीरको एउटा अङ्गमा लागेको क्यान्सरले पूरै शरीरलाई नकारात्मक असर गरेको हुन्छ, ठीक त्यसरी नै थोरै जिल्लामा चिटिङ भए पनि पूरै परीक्षा दिन प्रतिदिन बद्नाम हुँदै गएको छ । एसएलसीमा बढिरहेको चिटिङले केन्द्राध्यक्षहरूको नैतिकतामा प्रश्न मात्र उठाएको छैन, राम्रोसँग जाँच चलाउनेहरूलाई समेत निराश तुल्याउन थालेको छ । त्यसैले पनिका, परीक्षा समन्वय समिति र सरकारका कुनै अङ्गले चिटिङ रोकिदेला कि भनेर पर्खिनुको सट्टा केन्द्राध्यक्षहरू (प्रअ/शिक्षक) स्वयं नै चिटिङको विरोधमा सक्रिय हुन जरुरी देखिन्छ किनभने परीक्षालाई मर्यादित तुल्याउने कुरामा सबैभन्दा महत्त्वपूर्ण भूमिका प्रअ र शिक्षकहरूकै हुन्छ । परीक्षा केन्द्रमा परीक्षा चलाउने जिम्मा पाएका केन्द्राध्यक्ष, निरीक्षक र परीक्षा गार्डहरू सक्रिय हुनेबित्तिकै चिटिङको प्रकोप स्वत: कम हुन्छ ।

परीक्षाको शुद्धता कायम राख्न केन्द्राध्यक्षले मुख्यत: दुई वटा काम तत्काल गर्नु आवश्यक छ । पहिलो एसएलसी परीक्षामा कुनै पनि हालतमा चिटिङ हुन नदिने । दोस्रो: आफ्नो अथक प्रयासका बाबजुद पनि परीक्षामा चिटिङ भएको खण्डमा त्यस्तो परीक्षा रद्द गर्ने । केन्द्राध्यक्षले यी दुई काम गर्नेबित्तिकै चिट चोर्ने र चोराउनेहरू स्वत: पाखा लाग्ने छन् ।


एसएलसी जाँचमा हुने चिटिङ रोकिँदाका फाइदा चाहिँ धेरै छन् । जाँचमा हुने चोरी रोकिनेबित्तिकै परीक्षा मर्यादित र चुस्त हुने मात्र होइन, यसले एलएलसी जाँचको गिर्दो गरिमा उकास्छ । परीक्षामा चिटिङ गर्न नपाइने भएपछि छात्रछात्राहरू चिट कसरी लुकाएर लैजाने भन्ने कुरामा भन्दा बढी पढाइप्रति चिन्तित र जागरुक हुन थाल्छन् । यसले विद्यार्थी र स्कूलमा पठनपाठनको संस्कृति बढाउन ठूलो सहयोग पुग्छ । अन्तत: चिट चोर्ने र चोराउने कृत्य बन्द हुँदा देशले मेहनती, अध्ययनशील र योग्य जनशक्ति पाउने आशा गर्न सकिन्छ ।

परीक्षामा सुधार आउँदो एसएलसीबाटै गरिनुपर्छ । यसको अर्थ एसएलसीमा धेरै छात्रछात्रा फेल गर्नुपर्छ भन्ने होइन । चिटिङ गराउनुको सट्टा प्रश्नपत्र र मूल्याङ्कन प्रणालीलाई विगतको तुलनामा केही सजिलो र खुकुलो पार्न नयाँ मापदण्ड निर्धारण गर्नु उचित हुन्छ । तसर्थ आसन्न एसएलसीबाट सामूहिक चिटिङ रोक्नै पर्छ । किनकि जाँचमा हुने चोरीले सामाजिक नैतिकतालाई धरासायी तुल्याइसकेको छ ।




# ‘ज्यान गए पनि चोर्न दिन्नँ’

**सरोजकुमार पाण्डे**
केन्द्राध्यक्ष, तेलिङ्टार उमावि, काठमाडौं



परीक्षा केन्द्र स्वाभाविक रूपमै शान्त हुनुपर्छ । तर धेरै स्थानमा परीक्षार्थीले शान्त वातावरणमा जाँच दिन पाइरहेका छैनन् । विद्यार्थीले परीक्षा दिइरहेको ठाउँमा तिनका शिक्षकहरू समूह-समूहमा मिलेर आउने र चिट चोराउने गरेका छन् । मेरो स्कूल यसको अपवाद हो । मैले चिट वर्जित गरेका कारण वरपरका स्कूलहरू मेरो स्कूलमा केन्द्र पार्न चाहँदैनन् । कतिपय टाढाका स्कूलहरू एक वर्ष आए भने अर्को वर्ष केन्द्र परिवर्तन गरिहाल्छन् । उनीहरू चिट चोराउँछ, कडाइ गर्छ वा अभ्यास परीक्षामा कम अङ्क दिन्छ भनेर केन्द्र परिवर्तन गर्ने बहाना खोज्छन् । एसएलसीपछि सोलुखुम्बुदेखि तराईका धेरै ठाउँबाट कक्षा ११ मा भर्ना हुन विद्यार्थीहरू मेरो स्कूलमा आउँछन् । तर, उनीहरू शुद्ध अक्षर लेख्न सक्दैनन् । यसबाट ती स्थानमा कसरी परीक्षा चलेको छ भन्ने स्पष्ट हुन्छ ।



बैद्यनाथ यादव

परीक्षा हलमा म कुनै स्कूलका प्रअहरूलाई पनि प्रवेश गर्न दिन्नँ । परीक्षालाई मर्यादित तुल्याउन जोसुकैलाई प्रवेश निषेधको प्रणाली लागू गरिनुपर्छ । शिक्षकले हल्ला गर्ने तथा चिट चोराउने काम गर्छन् भने त्यसमा केन्द्राध्यक्ष जिम्मेवार बन्नुपर्छ । चिट चोर्न नदिँदा पनि कतिपय केन्द्राध्यक्ष वा जिशिअमाथि कारबाही हुने प्रवृत्ति छ । ‘सिस्टम’ ले नचलेको देशमा यस्तै हुन्छ । जसले गल्ती गर्छ, उसले दण्ड पाउँदैन । जो गल्ती गर्दैन, ऊ चाहिँ दण्डित हुने परम्परा छ ।

मैले धेरैपटक सीटीईभीटीको परीक्षा चलाएँ । धेरै परीक्षा राम्रैसँग चले । दुई वर्षअघि २५ दिनको परीक्षा चलाउनुपर्ने भयो । एक्मी कलेजका विद्यार्थीहरू आए । पहिलो दिनदेखि नै हल्ला शुरु भयो । पहिलो दिन र दोस्रो दिन हल्ला नियन्त्रण गर्न सकिनँ । तेस्रो दिन मैले आफ्नो स्कूलका शिक्षकलाई निरीक्षक राखिनँ । सीटीईभीटीबाटै निरीक्षक बोलाएँ । तर, उनीहरूको पनि केही लागेन । अन्ततः मैले केन्द्र नै परिवर्तन गर्न सुझाव दिएँ । चौथो दिन बालाजुको सीटीईभीटी हलमा परीक्षा भयो । त्यहाँ पनि चिटिङ भएपछि परीक्षा नै रद्द भएको खबर आयो । इञ्जिनियरिङका विद्यार्थी थिए ती । तैपनि कोठाभरि गाइडका ठेलीहरू ल्याउँथे । डोकोमा उठाएर चिट फालियो । मेरो स्कूलका शिक्षकले भत्ता पाउँछन् भन्दैमा अमर्यादित ढङ्गले परीक्षा चलाउन म सक्दिनँ ।

म मात्र होइन, मेरा स्कूलका शिक्षकहरू पनि परीक्षाको मर्यादाप्रति समर्पित छन् । अरू स्कूलमा मिलेमतोको आधारमा ‘सिट प्लान’ भएको सुनिन्छ । तर, मेरो स्कूलमा सिम्बोल नम्बरका आधारमा क्रमैसँग सिट निर्धारण गरिन्छ । निरीक्षकहरूको निर्धारण निष्पक्ष रूपमा हुन्छ । परीक्षाको शुद्धता कायम गर्दा केन्द्र परिवर्तन भए पनि मलाई चिन्ता छैन । मेरो पद्धतिमा शिक्षकहरूले काम गर्नुपर्छ । जिल्ला शिक्षा कार्यालय र शिक्षा मन्त्रालयका मानिसले पनि परीक्षा अनुगमन गर्नुपर्छ । अनियमितता गर्नेलाई कारबाही गरे पो अरू बदमासहरू सचेत हुन्छन् ! दोषीलाई कारबाही नगरुन्जेल विकृतिहरू बढ्दै जान्छन् र दोषीको मनोबल अरू बढ्छ ।

एकपटक पासाङ ल्हामु कलेजको दशजोड दुई तहको परीक्षा केन्द्र मेरै स्कूलमा परेको थियो । परीक्षार्थी बिहानै ‘छ्याङ’ पिएर हाफप्यान्ट लगाएर परीक्षा हलमा आए । मैले घोक्रेठ्याक लगाएर निकालिदिएँ । त्यसपछि केन्द्रै रद्द गरिदिएँ । विद्यार्थीलाई कडाइ गर्न सकिँदैन, डराइन्छ भने कमजोरी सुधिन सक्दैन । केन्द्राध्यक्ष किन डराउनु ? हदै भए एउटा ज्यान जान्छ । तर, हरेक ठाउँमा हरेक व्यक्तिले आफ्नो जिम्मेवारी पूरा गर्नका लागि जीवन बलिदान गर्न पनि तयार हुनुपर्छ ।

# चिटिङ फि: रु.५०० देखि रु.२५००



मोरङ, विराटनगरको जनविकास माविका प्रअ सदानन्द यादव र लेखापाल ताराचन्द यादवले २०६४ सालको एसएलसीमा चिट चोराएर पास गराइदिने शर्तमा आफ्ना विद्यार्थीबाट जनही रु.५०० देखि रु.२५०० सम्म असुलेका थिए। लेखापाल यादवले "कक्षामा बस्नु चिट आइपुग्छ" भनेका थिए। तर रकम बुझाएर ढुक्क भएर बसेका विद्यार्थी र अभिभावकहरू पहिलो दिनको अङ्ग्रेजी परीक्षामा एउटै पनि चिट नआएपछि झस्किए। उक्त परीक्षामा बसेकी एक परीक्षार्थी अनिता भण्डारीले भनिन्, "चिट आउँछ भनेर पर्खंदा पर्खंदा घण्टी लाग्यो, चिट आएन।" चिट चोराउन नसकेपछि अभिभावक र छात्रछात्राले प्रअ र लेखापाललाई रकम फिर्ता गर्न बाध्य पारे।

सो माविबाट त्यस वर्ष एसएलसीमा १६५ जना विद्यार्थी सहभागी थिए भने उनीहरूमध्ये ८७ जनाले प्रअ र लेखापाललाई 'चिटिङ शुल्क' बुझाएका थिए। लेखापाल यादवका शब्दमा "रु.५०० देखि रु.२५०० सम्म तिरेका थिए।"

'चिटिङ शुल्क' तिरे पनि छोराछोरी पास नभएपछि रकम फिर्ता माग्न विद्यालयमा पुगेका अभिभावकलाई प्रधानाध्यापक यादवले शुरुमा धेरै पटक फर्काए। तर बिस्तारै अभिभावक र छात्रछात्राको दबाब बढेपछि प्रअ यादव विद्यार्थीबाट लिएको रकम फिर्ता गर्न बाध्य भएको कुरा सँगैको भर्पाइले पुष्टि गर्छ।

**कमल आरएल**, विराटनगर







**चिट चोराउन उठाएको रकम फिर्ता गर्न गरिएको भर्पाई।**

## 'एसएलसीमा ऐतिहासिक चोरी'

२०६४ सालको एसएलसीमा गेसपेपर र गाइडबाट चिट चोरेका कारण वीरगञ्जको त्रिजुद्ध मावि परीक्षा केन्द्रका १६ जना परीक्षार्थीलाई निष्काशन गरेको २४ घण्टा नबित्दै केन्द्राध्यक्ष ऋद्धिकान्तसिंह थापाले आफ्नो निर्णय सच्याउन बाध्य हुनुपऱ्यो। तत्कालीन सहायक केन्द्राध्यक्ष विजय तिवारीका अनुसार, निष्कासित परीक्षार्थीलाई पुन: परीक्षामा सामेल गराउन माओवादी,



**वीरगञ्जको त्रिजुद्ध माविमा चिट चराउन प्रयासरत युवा।**

उत्तम खड्गी

मधेशी जनअधिकार फोरमका नेता र हरिखेतान बहुमुखी क्याम्पसका प्रमुख भगवानप्रसाद यादवले दबाब मात्र दिएनन्, निष्कासन गर्ने अधिकारीलाई केहीबेर कक्षाकोठामा थुने पनि। तिवारी भन्छन्, "चिट चोर्न दिनुपर्छ भन्नेहरूको अघि हामीले आत्मसमर्पण गऱ्यौं, स्थानीय प्रशासनलाई जानकारी गराउँदा पनि

# चिटः चोरी होइन, डकैती नै हुन्छ

सप्तरीको राजविराजस्थित राजदेवी जोगेन्द्र भगत माविमा २०६५ को एसएलसीमा व्यापक 'चिटिङ' भयो। सामाजिक शिक्षाको परीक्षामा भएको चिटिङको दृश्य टेलिभिजनले देखाए पनि चिट चोर्ने र चोराउनेलाई कारबाही भएन। केन्द्राध्यक्ष नागेन्द्र मिश्र भन्छन्, "चारैतिरबाट अनियन्त्रित भीड बढ्यो। रोक्न खोज्दा भौतिक आक्रमणको धम्की आयो।" उक्त परीक्षा केन्द्रमा केशो अनिरुद्धवती, नरेन्द्र मेमोरियल र जिशिकाद्वारा सञ्चालित 'प्राइभेट' समूहका परीक्षार्थीहरू सामेल थिए।

सोही वर्ष सप्तरीको कचन्दाहस्थित रामदयाल माविका १२८ जना परीक्षार्थीमध्ये तीन जना मात्रै अनुत्तीर्ण भए। सप्तरीकै ब्रम्हपुरमा अवस्थित जनता रामेश्वर मेमोरियल माविका १४० जनाले परीक्षा दिएकोमा चार जना फेल भए भने ५ जनाको नतिजा रोकियो। यीमध्ये ८६ जना प्रथम श्रेणीमा उत्तीर्ण भए। पठनपाठनका हिसाबले 'ठीकै' मानिने यी स्कूलको एसएलसी नतिजा यस्तो आउनुमा छात्रछात्राको मेहनतको भन्दा बढी चिटिङले काम गरेको छ।

यता, गत वर्ष सिरहाको लहानस्थित एपोलो ओम सेकेण्डरी स्कूलका ४५ जनाले एसएलसी दिएकोमा ३३ जना विशिष्ट र १२ जना प्रथम श्रेणीमा पास भए। उक्त स्कूलका प्रिन्सिपल महेश चौधरीले घुमाउरो पाराले चिटिङकै कारण यस्तो नतिजा आएको स्वीकार गरे। उनको कथन थियो- 'फर्स्ट डिभिजन' स्वाभाविक हो। 'डिष्टिङ्सन'मा तलमाथि परेको होला। चिट चोराउनका निम्ति एपोलोले छात्रछात्राबाट अतिरिक्त शुल्क असुल्ने गरेको छ। यस वर्ष उक्त विद्यालयले ५३ जना परीक्षार्थीबाट परीक्षा शुल्क भनेर जनही रु.१००० असुलेको छ। जबकि परीक्षा शुल्क रु.३५०/- मात्र हो। तोकिएभन्दा बढी रकम असुल्नुको



बैद्यनाथ यादव

राजविराजको राजदेवी माविमा भएको एसएलसी परीक्षामा किताबबाट चिटिङ गर्दै।

कार्यमा राजनीतिक दल तथा विद्यार्थी सङ्गठनका नेता, शिक्षक, अभिभावक तथा परीक्षार्थीका आफन्तहरू सक्रिय हुने गरेका छन्। विगतमा नेपालमा जाँच दिएर पास हुन नसक्नेहरू बिहारमा गएर प्रमाणपत्र खरिद गर्ने गर्थे। तर, बिहारमा नितिशकुमार मुख्यमन्त्री भएपछि परीक्षा प्रणालीमा सुधार आएको छ। अहिले जसरी चिटिङ भइरहने हो भने मधेशवादी दलहरूले मधेश प्रदेशको राजधानी भनेर प्रचार गरेको वीरगञ्जले भविष्यमा एकजना पनि योग्य जनशक्ति नपाउने अवस्था उत्पन्न हुने अनुमान गर्न गाह्रो छैन। 📖

**रितेश त्रिपाठी**, वीरगञ्ज

केही भएन।" दबाबपछि केन्द्राध्यक्षले १६ जनाकै कापी फिर्ता गरी निष्कासन लेखिएको कभर हटाएर थप एकघण्टा समय दिएर पुनः परीक्षा दिने मौका दिए। तिवारी भन्छन्, "यो घटनापछि हामी परीक्षाको साक्षी मात्र बस्यौं, परीक्षा औपचारिकतामा सीमित भयो।"

पर्सामा हुने एसएलसी परीक्षाको दुर्दशा झल्काउने यो घटनाले दोस्रो जनआन्दोलनपछि पर्साको एसएलसी अझ बर्बाद भएको देखाउँछ। चिटिङ बढेकै कारण स्थानीय पत्रपत्रिकाहरूबाट 'एसएलसीमा रेकर्डतोड चिट', 'एसएलसी परीक्षामा ऐतिहासिक चिट चोरी' लगायतका शीर्षकमा खबरहरू प्रकाशित हुने गरेका छन्। चिटिङ गराउने कारण बताउँदै चौधरी भन्छन्, "केन्द्राध्यक्ष र निरीक्षकको खानपिनमा खर्च गर्नुपर्छ, अरू बोर्डिङले पनि यस्तो शुल्क लिन्छन्।"

पछिल्ला ३-४ वर्षयता बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सिरहा र सप्तरी जिल्लाका परीक्षा केन्द्रहरू चिटिङबाट बढी नै ग्रसित भएका छन्। धनुषाका जिशिअ जीवछ पाण्डे भन्छन्, "यहाँको एसएलसीमा चिट चोरी मात्र होइन, डकैती नै हुन्छ।"

एसएलसीमा चिटिङ गर्नकै निम्ति केन्द्राध्यक्ष चयनमा पनि 'आर्थिक चलखेल' हुने गरेको छ। प्याब्सन, सिरहाका अध्यक्ष मुरारीप्रसाद साह चिटिङ गराउन लेनदेनका आधारमा केन्द्राध्यक्ष चयन हुने गरेको बताउँछन्। त्यसो त, केन्द्राध्यक्षमा आफ्ना मान्छे राख्न राजनीतिक दल र शिक्षकका पेशागत सङ्गठनहरूको दबाब पनि पर्ने गरेको छ। साह भन्छन्, "एसएलसीका ८ दिन त यहाँ चाड जत्तिकै हुन्छन्। राम्रो नतिजा ल्याउन चिटिङको प्रतिस्पर्धा हुन्छ।"

राजविराजको राजदेवी स्कूलमा गत वर्ष चिटिङ गराउन ओइरिएको भीडलाई प्रशासनले नियन्त्रण गर्न सकेको थिएन। मानिसहरू पर्खाल नाघेरै परीक्षा केन्द्रमा प्रवेश गरेका थिए। चिट चोराउन मधेशका भूमिगत सशस्त्र समूहहरूबाट समेत केन्द्राध्यक्षमाथि दबाब आउने गरेको बताइन्छ।

चिट चोर्ने क्रम बढेपछि विद्यार्थीहरूमा पढाइप्रतिको रुचि घटेको मात्र होइन चिट चोरेरै बढी नम्बर पाइने मानसिकता बढेको देखिन्छ। राजविराजस्थित शिव इन्टरनेशनल बोर्डिङ स्कूलका श्यामसुन्दर साह आउँदो एसएलसी परीक्षामा चिट चोर्ने अवसर पाए त्यसलाई गुम्न नदिने सोचाइमा छन्। उनी भन्छन्, "तयारी त 'फर्स्ट डिभिजन' ल्याउने हो। तर, चिट हेर्न पाए अझ बढी आउँछ।" 📖

**प्रमोद आयाम**, मधेशबाट फर्केर

## सुध्रिँदैछ बिहार

**नेपालको** दक्षिणी सीमासँग जोडिएको भारतको बिहारका शैक्षिक संस्थामा हुने परीक्षामा हदैसम्म चिटिङ हुने गरेको सुनिन्थ्यो। नेपालमा असफल हुनेहरू उता गएर सजिलै पास भएको प्रमाणपत्र लिएर आउँथे। तर, अहिले बिहारको परीक्षामा सुधार भएको छ भने बिहारको रोग नेपालतिर सरेको छ। बिहारको परीक्षा त्यतिकै सुधार भएको भने होइन, परीक्षा सुधार्न प्रान्तीय सरकारले सुरक्षा व्यवस्था कडा तुल्याएको छ। उच्च विद्यालय जोगबनीका प्रधानाध्यापक राजेन्द्र पासवानका अनुसार, सरकारले शिक्षामा लगानी बढाउनुका साथै परीक्षामा चिट चोर्नेलाई कडा दण्ड गर्ने व्यवस्था गरेकाले चिट चोर्ने/चोराउने निरुत्साहित भएका छन्। फलत: स्कूलको पठनपाठनमा क्रमश: सुधार आउन थालेको छ।

बिहारमा अहिले परीक्षामा कसैले चिट चोऱ्यो भने एक वर्षका लागि परीक्षा दिनबाट वञ्चित गर्ने तथा दुई हजार रुपैयाँ जरिवाना गर्ने नयाँ नियम लागू गरिएको छ। यसले विद्यार्थीहरू चोर्नेभन्दा मेहनत गर्नेतिर ध्यान दिन थालेको प्रधानाध्यापक पासवान बताउँछन्। त्यसो त छात्रछात्रालाई पढाइप्रति प्रेरित गर्न प्रथम श्रेणीमा उत्तीर्ण हुनेलाई सरकारले १० हजार रुपैयाँ पुरस्कार दिने गरेको छ। पासवान भन्छन्, “यो व्यवस्थाले विद्यार्थीमा पढाइप्रति रुचि बढाएको छ।” पासवानको स्कूलमा गत वर्ष ८० प्रतिशत छात्रछात्राले मेट्रिक्स (एसएलसी) उत्तीर्ण गरेका थिए भने यस वर्ष ८५ प्रतिशतले उक्त परीक्षा उत्तीर्ण गरेका छन्।

बिहारको अनुभवले परीक्षामा बाह्य हस्तक्षेप नियन्त्रण गर्न पर्याप्त सुरक्षाकर्मीको व्यवस्था आवश्यक हुने देखिन्छ भने परीक्षा हलभित्रको अनियमितता रोक्न परीक्षा गार्डहरू परिचालन गरिनुपर्छ। यी दुई काम तत्काल गर्न सके चिट चोर्ने र चोराउने प्रवृत्ति कम हुन्छ।

**मनोज श्रेष्ठ**, जोगवनी, भारत

## संस्थाबीच केन्द्राध्यक्षको भागबण्डा



२०६६ को एसएलसीमा सामेल हुन श्रीकृष्ण संस्कृत तथा साधारण उच्चमाविमा टेस्ट परीक्षा दिँदै।

**२०६५** को एसएलसीमा सुर्खेतको गुमीस्थित आनन्द उच्चमाविका छात्रद्वय राजेन्द्र गुरुङ र जितेन्द्र पुनको नाममा अरूले परीक्षा दिइरहेको भेटिएपछि तिनको परीक्षा रद्द मात्र भएन, दुवैजना एक वर्षको लागि निष्काशित भए। सोही स्कूलमा कक्षा ११ मा अध्ययनरत छात्रहरू खेम गुरुङ र जीवन गुरुङले प्रवेशपत्रमा आ-आफ्नो तस्बिर टाँसेर राजेन्द्र र जितेन्द्रको नाममा परीक्षा दिएका थिए। अरू परीक्षार्थीले दिएको सूचनाको आधारमा गणितको परीक्षा दिँदै गर्दा गुरुङद्वय पक्राउ परेका थिए।

सुर्खेतकै भैरवस्थान उच्चमाविका केन्द्राध्यक्ष रामानन्द यादवलाई जिशिकाले दोस्रो दिनमै जिम्मेवारीबाट मुक्त गऱ्यो। आफ्नो छोरा परीक्षार्थी भएको केन्द्रमा केन्द्राध्यक्ष भएकोमा यादव निष्कासनमा परेका थिए। तर, रामानन्द जस्ता थुप्रै शिक्षकहरू ‘आफ्ना’लाई उत्तीर्ण गराउन निरीक्षक बस्ने गरेका छन्।

‘फलामेढ्वार’ मानिने एसएलसी परीक्षा जिशिका, प्रहरी-प्रशासन र शिक्षकहरूको कमजोरीका कारण दिनप्रतिदिन फितलो हुँदै गएको छ। “चिट खोसेको रेकर्ड राखेर कहाँ साध्य हुन्छ, त्यो परीक्षा हलमै सीमित हुन्छ”, जिशिका सुर्खेतका कर्मचारी हरिबहादुर रावल भन्छन्। ‘सामान्य चिटिङ’ सबै ठाउँमा हुने उनको स्वीकारोक्ति छ।

परीक्षाको मर्यादा कायम गर्ने बाह्य जिम्मेवारी वहन गरेका सुरक्षाकर्मी नै चिटिङमा उत्रिने र चिट दिन आएका अभिभावकलाई सहज प्रवेश दिने गरेकोले परीक्षा प्रभावित हुने गरेको छ। यस्तै कमजोरीका कारण गत वर्ष एसएलसी सञ्चालनअघि बसेको परीक्षा समन्वय समिति सुर्खेतको बैठकले प्रहरीलाई परीक्षा हलभित्र प्रवेश गर्न नदिने निर्णय गरेको थियो। सुर्खेतका जिशिअ भक्तबहादुर ढकाल भन्छन्, “बाहिर प्रहरीले र भित्र निरीक्षकले आफ्नो भूमिका सशक्त रूपमा निर्वाह गर्ने हो भने परीक्षाको मर्यादा कायम गर्न कुनै गाह्रो छैन।”

गत वर्षको एसएलसी परीक्षामा जिल्लाका १८ केन्द्रमध्ये काङ्ग्रेसनिकट नेपाल शिक्षक संघ र एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले ६/६, माओवादीनिकट क्रान्तिकारी शिक्षक संघले चार, राप्रपानिकट शिक्षकपरिषद्ले एक र निजी तथा आवासीय विद्यालयको संस्था प्याब्सनले दुई जना केन्द्राध्यक्ष राखेका थिए। जिशिकाका एक कर्मचारी भन्छन्, “शिक्षक र उनीहरूका संस्था परीक्षालाई धाँधलीरहित रूपमा सञ्चालन गर्नेभन्दा पनि आफ्ना नजिकका परीक्षार्थीलाई सहयोग गर्ने स्वार्थका कारण केन्द्राध्यक्ष वा निरीक्षक बस्न होडबाजी गर्छन्, यसले परीक्षाको शुद्धतामा गम्भीर आँच पुगेको छ।”

**कलेन्द्र सेजुवाल**, सुर्खेत

# ‘यसपटक सबै कारबाहीमा पर्छन्’




**लोकनाथ पौडेल**
जिशिअ, बझाङ


**जिल्ला** शिक्षा अधिकारीको जिम्मेवारी पाएर बझाङ पुग्दा धेरैले त्यहाँ एसएलसी परीक्षाको अवस्था बेहाल रहेको सुनाए। झन् ‘एसएलसी पास नभए बझाङ जानु’ भन्ने उखान सुनेर त म झस्किएँ। पछि आफ्नै आँखाले देखें। यहाँ त बहिनीको परीक्षा दाजुले दिने रहेछन्। यसपछि मलाई बझाङको बेथिति छर्लङ्ग भयो। अरू जिल्लामा पनि एसएलसीमा चिटिङ हुने गरेको सुनेको थिएँ। तर, बझाङको अवस्था अरु नाजुक रहेछ।

राजा जयपृथ्वीबहादुर सिंहले वि.सं. १९६३ मा बझाङमा खोलेको सत्यवादी स्कूल नेपालकै दोस्रो पुरानो स्कूल मानिन्छ। उक्त स्कूलमै परीक्षा अमर्यादित देखेपछि त्यसलाई सुधार गर्ने अठोट गरें। तर, राजनीतिक दल, शिक्षक सङ्गठन, अभिभावक, विद्यार्थी आदिको सामूहिक प्रयासविना सुधार के सम्भव हुन्थ्यो?

आउँदो परीक्षामा अनियमितता हुन नदिन स्थानीय शिक्षकलाई केन्द्राध्यक्ष र निरीक्षकको जिम्मेवारी नदिने निचोडमा पुगेको छु। आफ्नै स्कूलको जिम्मा दिंदा शिक्षकहरू दबाव र प्रलोभनमा परेर परीक्षा खुकुलो पार्दा रहेछन्। बाहिरका शिक्षक ल्याउँदा परीक्षा केही खर्चिलो त हुन्छ; तर, जिल्ला शिक्षा समितिले त्यो खर्च जुटाउने निर्णय गरेकाले बजेटको समस्या छैन। यसपालि केन्द्राध्यक्ष र निरीक्षक बाहेक कोही शिक्षक परीक्षा केन्द्रमा भेटिए भने उनीहरू कारबाहीमा पर्छन्। जिल्लास्तरीय परीक्षाहरू एसएलसीअघि नै सकिने भएकाले शिक्षकहरू फुर्सदिला हुन्छन्। फुर्सद भएपछि चिट चोराउन सक्रिय बन्छन्।

एसएलसी अरू परीक्षा जस्तै सरल हो भन्ने अभिभावकमा परेमा विकृति हट्दै जान्छ। यसका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्छ। दीर्घकालीन रूपमा परीक्षालाई मर्यादित बनाउन विद्यालयको भौतिक पूर्वाधार पनि राम्रो हुनुपर्छ। परीक्षा केन्द्र तोकिएका स्कूलमा अग्लो पर्खाल र एउटा मात्र प्रवेशद्वार भए पर्खालमाथि चढेर चिट चोराउने सम्भावना रहन्न।

**प्रस्तुतिः दीर्घराज उपाध्याय**







## एसएलसी दुर्दशा

# चिट चोर्न मुगुमा



**'यो** स्कूलमा अहिले १८-२० जना बुहारीहरू पढ्छन्' भनेको सुन्दा मुगुको धैन गाउँले निकै प्रगति गरेछ भन्ने लाग्यो। कल्पना थियो ती 'बुहारी छात्राहरू' या त सुदूरपश्चिमको कालो चोली र पहेंलो पोतेमा सजिएका हुनेछन् या स्कूले नीलो पोशाकमा। भोलिपल्ट फोटो खिच्न जाँदा केही किशोरीहरू कुर्ता-सुरुवालमा ठाँटिएका थिए। स्थानीय एक विकासे कार्यकर्ताले "यी पनि यो स्कूलमा पढिरहेकी एउटी बुहारी हुन्" भन्दै एउटी किशोरीलाई देखाएर भने "यिनको घर नेपालगञ्ज हो। यहाँ आफन्तकहाँ बसेर १० कक्षा पढ्दैछिन्।"

अब त्यो स्कूलमा बुहारीहरू धेरै हुनुको अर्थ लाग्यो। उनीहरूमध्ये धेरै यहाँ चोरेर एसएलसी पास गर्न आएका रहेछन्। उदार उत्तीर्ण नीति नलिँदै पनि यहाँ एसएलसीभन्दा तलका कक्षाहरूमा थोरै मात्र फेल हुने गर्छन्। बाहिरका शिक्षकहरू टिक्नकै लागि विद्यार्थी पास गराउन बाध्य हुन्छन्। यो जिल्लामा अझै पनि अधिकांश शिक्षक जिल्ला वा अञ्चल बाहिरका नै छन्। शिक्षक स्थानीय भएपछि त झन् पास गराउनु जिम्मेवारी नै भयो। "यहाँ फेल हुने त सार्नै नजान्ने मात्र हुन्" तिनै विकासे कार्यकर्ताले व्याख्या गरे। बुहारीहरू पढ्ने धैनको आफ्नो रोमाञ्चक चित्र अब कुरूप शिक्षा व्यवस्थाको चित्रमा परिणत भइसकेको थियो। यद्यपि शहरतिरबाट दुर्गम पहाड र तराईका जिल्लामा हुने 'एसएलसी आप्रवास' नितान्त नौलो कुरा नै भने थिएन।

मुगु जानु केही दिनअघि मात्र दार्चुलाका युवाहरूले भारतमा आफ्नो शैक्षिक उपाधि मान्य नभएको कुरा सुनाउँदा कुनै प्राविधिक त्रुटि होला भन्ने लागेको थियो। मुगु पुगेर यो कुरा सुनेपछि भारतमा नेपालका शैक्षिक उपाधि किन मान्य नहुने भनेर तर्क गर्ने आधार हराएको अनुभव भयो। यद्यपि यसमा कुनै विशेष कारण अझै हुन सक्छ। मुगुको त्यस स्कूलमा एसएलसीको परीक्षा देख्ने जोकोहीले पनि व्यावहारिक रूपमा नेपालका शैक्षिक उपाधि मान्य मान्न सक्दैन।

मुगुकै पूर्व परिचित एकजना शिक्षकले सगौरव "हाम्रो विद्यालयमा गत वर्ष ८३ प्रतिशत विद्यार्थी उत्तीर्ण भए" भन्ने सुनाउँदा प्रतिक्रिया जनाउन निकै कठिन भयो। सामान्यतः दुर्गम क्षेत्रमा शिक्षकको अनुपस्थिति देशको मुख्य शैक्षिक समस्या हुने गरेको छ। तर यहाँ त्यस्तो देखिएन। यहाँका शिक्षकका समस्या अर्कै खालका थिए। एक अर्का शिक्षकले त्यहाँको शैक्षिक परिस्थितिमा आफ्नो निरीहता प्रकट गर्दै भने, "जब 'जस्तोसुकै' विद्यार्थी पास हुने अवस्था आउँछ, त्यतिबेला 'केही' गर्ने विद्यार्थीलाई पास हुन मद्दत गर्नु आफ्नो जिम्मेवारी जस्तै हुन आउँछ, नत्र उनीहरू अरु निराश हुन्छन्; के


# जाँच होइन, पढाइ सुधार्नु पर्छ



**डा. द्रोणप्रकाश रसाइली, एसएलसी बोर्ड फर्स्ट, २०२८**

**मैले** कक्षा ८ सम्म पाल्पाको रम्भा माविमा पढेँ भने कक्षा १० चाहिँ काठमाडौंको पद्मोदय हाईस्कूलमा। २०२८ साल माघमा एसएलसी परीक्षा डिल्लीबजारस्थित पद्मकन्या हाईस्कूलबाट दिएको हुँ। हाम्रो पालामा एसएलसी परीक्षामा ६०/६५ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण हुन्थे। परीक्षा नियन्त्रण कार्यालयको कामै परीक्षार्थीलाई कडा नियन्त्रण गर्नुहुन्थ्यो। जतिसक्दो कडाइ गरेर आफूलाई उत्कृष्ट देखाउनका निम्ति परीक्षा सञ्चालकहरू सक्रिय हुन्थे।

परीक्षा धेरै कडा गरिएकाले होला विद्यार्थीले परीक्षा हलमा उकुसमुकुसको अनुभव गर्नुपर्थ्यो, मैले जाँच दिँदा पनि यस्तै अनुभव गरेँ। आफूले पाठ्यपुस्तक पढेर हासिल गरेको ज्ञानलाई सिर्जनात्मक रूपले उत्तरपुस्तिकामा लेख्ने वातावरण पाइन्नथ्यो। मौलिक उत्तर लेख्नुको साटो घोकेको कुरा लेख्नु धेरैको बाध्यता हुन्थ्यो। केही राम्रा विद्यार्थीले मात्र सिर्जनात्मक उत्तर दिने जमर्को गर्थे। अहिले धेरै परिवर्तन भएको छ। तथापि सरकारी संयन्त्र एसएलसी जाँचलाई हाम्रो पालामा जस्तो नियन्त्रण गर्ने ध्याउन्नमा लागेसम्म आधुनिक शिक्षाको विकास सम्भव छैन। किनभने एसएलसी जाँच नियन्त्रण गर्ने कुरा होइन। परीक्षा कडा हुँदैमा सही र राम्रो हुन्छ भन्ने छैन अनि खुकुलो हुँदैमा सबै बर्बाद हुन्छ भन्ने पनि होइन। मुख्य कुरा पढाइ हो, पढाइ राम्रो भएमा कसैले चिटिङ गर्न खोज्दैन। परीक्षा खुकुलो भए पनि



टीका भट्टराई

गर्ने ?" जाँचमा उहाँ पनि के गर्नुहुन्छ कुरा बुझियो ।

एकपटक कर्णालीको विकासका सन्दर्भमा छलफल हुँदा हुम्लाका जीवन शाहीले एउटा विकासे संस्थाले एसएलसी पनि पास नगरेका जनशक्ति सुर्खेतदेखि लगेकोमा जायज विरोध प्रकट गर्नुभएको थियो । तर, अहिले यो परिस्थितिले त्यो विकासे संस्थाको बचाउ गरेको छ । छिट्टै नै दार्चुलाको शैक्षिक उपाधिलाई कालीपारि उत्तराखण्डमा नमाने जस्तै नेपालमै पनि मुगु जस्ता जिल्लाबाट प्राप्त गरेका शैक्षिक उपाधिलाई मान्यता नदिने परिस्थिति नआउला भन्न सकिन्नँ । यसो भयो भने यहाँका अध्ययनशील र महत्त्वाकाङ्क्षी किशोरकिशोरीहरू ठूलो अन्यायमा पर्नेछन् । विश्वसनीय शैक्षिक उपाधि हासिल गर्न उनीहरू सुर्खेत, नेपालगञ्ज, काठमाडौं झर्न बाध्य हुनेछन् । अनि आर्थिक क्षमताविहीन विद्यार्थी मात्र त्यहाँ रहनेछन् । माथि छलफल गरिएको जटिल परिस्थिति थोरैलाई मात्र थाहा हुनेछ । यसका प्रत्यक्ष दोषी शिक्षक नै देखिने छन् । तर, दीर्घकालीन नोक्सान स्थानीय जनसमुदायलाई नै पर्नेछ । 'फुटेको कौडी'को कुनै काम हुन्छ र ?

केही स्थानीय शिक्षकहरू यस्तो परिपाटी बाहिरबाट आएका शिक्षकले बसाएको आरोप लगाउँछन् । "उनीहरूले शुरु-शुरुमा आफ्ना भाइ-भतिजा, छोरी-बुहारी र श्रीमतीहरू नै ल्याएका हुन् । कति त यहीं शिक्षक पनि भएका छन् ।" आफूले त्यसो गरेको स्वीकार्ने शिक्षकहरू भन्छन्, "तर हामीले थोरै मात्र मद्दत गर्थ्यौं; आफैं पढाउँथ्यौं । अलिकति अड्किने मात्र निस्कन्थे । नत्र उनीहरू उच्चशिक्षा कसरी हासिल गर्न सक्थे त ?" उनीहरू फिनो प्रतिवाद गर्छन् "उहिले उहिले चोरिन्थ्यो, अब डकैती हुन लाग्यो ।" यसरी सजिलोसँग चोर्ने प्रक्रिया एसएलसी केन्द्रहरू जिल्ला सदरमुकामबाट बाहिर पनि राख्न थालिएपछि बढेको अनुभवी बताउँछन् ।

अधिकांश जिल्लाका नेतृत्वदायी व्यक्तिहरू स्कूलको भवन बनाउने कामलाई नै मुख्य शैक्षिक मुद्दा मान्नमा सीमित छन् । उनीहरूको चाख 'प्लस टु' र कलेजतिर छ, जबकि एसएलसी माथिका परीक्षाको पनि हालत 'उस्तै' रहेको अनुभवीहरू बताउँछन् । उनीहरूले यसबारे व्यापक छलफल चलाउनु जरुरी छ । दशकौंदेखि 'उड्वा चामल'मा निर्भर हुँदै गएको जनशक्तिको उन्नतिको अर्को बाटो उन्नत शिक्षा हो । त्यो पनि खोटो भएपछि मुगु जस्ता जिल्लाको उन्नति निकै पछि पर्छ । नचाहे पनि बाहिरबाट 'एसएलसी' पनि नगरेका मानिस आउनुपर्ला जबकि स्थानीय युवा बेरोजगार रहन्छन् । प्रमाण-पत्र भएपछि आफ्नो मान्छे भए जागिर पाइहालिन्छ भन्ने मानसिकतामा फेरबदल जरुरी छ । कर्णाली जस्तो क्षेत्र स्वायत्त भएमा यस्तो अवस्था झनै खट्कने छ । नेतृत्वले यो छलफल चलाउनु जरुरी छ । मुगु मात्र यस्तो छ भनेर अरू पन्छने परिस्थिति अवश्य होइन । फरक सघनतामा यो देशकै चित्र हो । आखिरमा 'घोकेर जाँचमा पाठ ओकल्ने' परीक्षाको काइदा फेर्नै पर्छ । त्यसो भएमा मुगुको मात्र होइन, देशकै कल्याण हुनेछ । 🕮

**टीका भट्टराई,** मुगुबाट फर्केर

परीक्षार्थीहरूको मूल्याङ्कन गर्ने सही चाँजो मिलाउन नसक्नु सरकारको कमजोरी हो । मूल्याङ्कनका स्पष्ट मापदण्ड तय गर्ने वित्तिकै पुस्तकै सारेका छात्रछात्राले पनि धेरै अङ्क ल्याउन सक्दैनन् । चिट चोर्ने र नचोर्नेको सही मूल्याङ्कन गर्न सकिन्छ । परीक्षाको अर्थ विद्यार्थीलाई के सिकाइयो, तीमध्ये उनीहरूले के कति सिके र सिकेको कुरा कति व्यवहारमा लागू गरे भन्ने जाँचेर 'ग्रेडिङ' गर्ने हो । यो काम जसले पठनपाठन गरायो, उसैलाई दिनु उचित हुन्छ । कक्षा ८ सम्म शिक्षकहरूले नै यस्तो गर्छन् भने एसएलसीमा शिक्षकलाई यो कामको जिम्मा किन नदिने ?

विद्यार्थीको ज्ञान नाप्नका निम्ति परीक्षा अपरिहार्य छ । पठनपाठन र परीक्षाको जिम्मेवारी विद्यालय र शिक्षकलाई दिइनुपर्छ । यो कामका लागि शिक्षकहरू योग्य मात्र भएर पुग्दैन, दक्ष पनि हुनुपर्छ । शिक्षकले आफ्ना छात्रछात्राको आवधिक शैक्षिक मूल्याङ्कन गर्ने हो भने यसले विद्यार्थीलाई कमजोरी सुधार गर्न मद्दत पुऱ्याउँछ । विकसित देशहरूमा सरकारले यिनै आधारमा विद्यालयहरूको मूल्याङ्कनको प्रमाणीकरण गर्ने चलन छ । म बसेको देश क्यानाडाको हाईस्कूलस्तर (कक्षा ९ देखि १२ सम्म)को पढाइ प्रान्तीय सरकारको कार्य क्षेत्रमा पर्दछ । तथापि आधारभूत विषयहरू जस्तै भाषा, गणित, विज्ञान, इतिहास र भूगोलमा प्रान्तीयस्तरको परीक्षा सञ्चालन हुन्छ । प्रान्तीय परीक्षाहरूलाई पनि कक्षा ९ देखि १२ सम्म विभाजन गरी सञ्चालन गरिन्छ । यी परीक्षाहरू स्कूलका अरू परीक्षा जस्तै विद्यालयले नै सञ्चालन गर्छन् । फरक यत्ति हो - प्रान्तीय परीक्षाका लागि प्रश्नपत्र प्रान्तीय सरकारको शिक्षा मन्त्रालयबाट स्कूलमा पठाइन्छ भने अरू परीक्षामा स्कूलले नै प्रश्नपत्र निर्धारण गर्छन् । त्यस्तै प्रान्तीयस्तरको परीक्षामा प्रश्नपत्रहरू सुरक्षाकर्मीले बोकेर ल्याउनुपर्दैन र परीक्षा भइरहेको विद्यालयमा सुरक्षाकर्मी वा बाह्य निरीक्षक पनि आवश्यक ठानिंदैन । सबै काम स्कूलका शिक्षकले गर्छन् । नेपालमा पनि यस्तो गर्न सकिन्छ । तर, यसका लागि समग्र शिक्षा प्रणालीमा नै परिवर्तन गर्नुपर्ने हुन्छ । पठनपाठन र परीक्षामध्ये परीक्षालाई मात्र छुट्याएर सुधार गर्न खोज्नु निरर्थक हुन्छ । 🕮

*(डा. रसाइली क्यानडामा बस्छन् ।)*

# हिमाल किताबका नयाँ प्रकाशन बजारमा उपलब्ध छन् ।

## नेपाल: नखुलेका पाटाहरू


**विज्ञान–विचार लेखसङ्ग्रह**

लेखक: डा. तीर्थबहादुर श्रेष्ठ

२००९, पृ. x + २७८ (रङ्गीन पृष्ठहरूसहित), मूल्य रु. ५२५/-




अग्ला हिमाली भन्ज्याङ, भीरपहिरोको पहाडी बाटो, मधेसका फाँटहरू पैदल हिँडेरै चहार्ने थोरै नेपालीहरूमा तीर्थबहादुर श्रेष्ठको नाम पनि पर्दछ। उहाँको यो देश यात्रा अकारण गरिएको थिएन। पहिले वनस्पति विभागको सरकारी जागिरे र पछि वनस्पतिशास्त्रमा विद्यावारिधि प्राप्त विशेषज्ञका रूपमा गरेको उद्देश्यपूर्ण यात्रा थियो। उहाँको यस यात्राले झन्डै पाँच दशक लामो समयावधि ओगटेको छ। उहाँका अनुभव र विचारहरू विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा प्रकाशित भएका छन्। पाक्षिक *हिमाल खबरपत्रिका* मा उहाँले संवत् २०५७ देखि विज्ञान-विचारको शृङ्खला लेख्न थाल्नुभएको थियो, तिनै लेखमध्येबाट छानिएका पचासवटा लेखहरू यस सङ्ग्रहभित्र परेका छन्। नेपालको भू-प्राकृतिक संरचना, यसको जैविक सम्पदा र हाम्रा कतिपय सांस्कृतिक परम्पराहरूको वैज्ञानिक पक्ष बुझ्न चाहने पाठकहरूका लागि प्रस्तुत सङ्ग्रह अनिवार्य पठन सामग्री ठहरिनेछ। किनभने यी लेखहरूमा अन्तरनिहित ज्ञान र सूचनाका कारण मात्र होइन सुललित लेखनशैलीले पनि पाठकहरूलाई बाँध्नेछन्।




## Toni Hagen's
## Nepal: The Kingdom in the Himalaya

*revised and updated with Deepak Thapa*

Fifth edition, 2009, pp. xviii+252 (including colour pages)

Rs 4900/- (hb)

When Toni Hagen first set foot in Nepal in 1950, he came as a development expert. Over the next nine years that he walked 14,000 km across the length and breadth of Nepal, conducting its first reconnaissance survey, he grew to become a valued friend of the country. This is the original book that introduced Nepal, both to Nepalis and outsiders. This fifth edition of this classic includes the original reports and photographs even as it brings the reader up-to-date with the changes Hagen has seen over the course of a half-century.


हिमाल किताब प्रा.लि.

**बिक्रीकक्ष: पाटनढोका, ललितपुर**

**फोन: ५५४२५४४/२१२०३२१**

info@himalbooks.com • www.himalbooks.com

राजकुमार बराल



# एसएलसीमा चिटिङ

# कृत्य एक, कारण अनेक

**एक, दुई विषयमा निश्चित अङ्कको आन्तरिक परीक्षणको व्यवस्था गरिए पनि एसएलसी परीक्षामा केवल तीन घण्टाको लिखित परीक्षाबाट विद्यार्थीको योग्यता मापन गरिन्छ। पढाउने एउटा, प्रश्न बनाउने र परीक्षण गर्ने अर्को हुँदा पनि समस्या देखिएको छ।**

स्कूल लिभिङ सर्टिफिकेट (एसएलसी) परीक्षालाई नेपाल जस्ता विकासोन्मुख देशले औपचारिक शिक्षाको पहिलो योग्यता; जागिर खान सकिने पहिलो प्रमाणपत्र र उच्च शिक्षा अध्ययनको खुट्किलोको रूपमा बुझेर धेरै महत्त्व दिएका छन्। यसलाई 'फलामे ढोका'को रूपमा अर्थ्याएर आवश्यकताभन्दा बढी 'हाउगुजी' पनि बनाइएको छ। तर, हाम्रो एसएलसी परीक्षा धेरै नै लथालिङ्ग र गुणस्तरहीन बन्दै गएको छ। अरू परीक्षामा हुने चिटिङको विकराल स्थितिले यसको विश्वसनीयता र वैधतामा ठूलै प्रश्नचिन्ह खडा भएको छ। यस्तो स्थिति सृजना हुनुमा शिक्षाका तीन सरोकारवालाहरू शिक्षक, अभिभावक र विद्यालय जिम्मेवार देखिन्छन्। 'चिट' चोराउन उकास्ने शिक्षा नीति र नियमावली अनि तेस्रो 'चिट' चोर्ने र चोर्न बाध्य विद्यार्थी एसएलसी जाँच बर्बाद हुनुमा धेरथोर जिम्मेवार छन्। सतहमा यी तीनथरी देखिए पनि भित्री रूपमा थुप्रै पक्षले 'चिटको संस्कृति'लाई बढावा दिएका छन्। 'चिट' चोराउँदिनँ भन्ने शिक्षक दण्डित भएका छन्।

शिक्षकको 'चिट'सँगको सम्बन्ध जागिरसँग जोडिन पुगेको छ। यो सवाल निजी विद्यालयको सम्बन्धमा झनै बढी देखिन्छ। विद्यार्थीले सिकेनन् भने शिक्षकले पढाएको भएन भन्ने मान्यता स्थापित छ। अर्कोतिर विद्यार्थीहरू चिट चोरेर परीक्षा उत्तीर्ण हुने 'सजिलो मेलो'तिर आकर्षित भएका छन्। त्यसैले शिक्षकहरू 'चिट' चोराएरै भए पनि आफू बच्न खोज्दा 'चिट चोरको मतियार' को रूपमा दरिँदै छन्। पुराना पुस्ताका धेरै अभिभावक निरक्षर र कम पढेलेखेका छन्; उनीहरू आफ्ना छोराछारीलाई 'चिट' चोराएरै भए पनि 'राम्रो श्रेणीमा' पास गराउन चाहन्छन्। नयाँ पुस्ताका अभिभावकहरूले चाहिँ बुझेर पनि बुझपचाएका छन्। उनीहरू आफ्ना छोराछोरीले चोरेरै भए पनि राम्रो अङ्क ल्याउन् भन्ने चाहन्छन्। एसएलसीमा ३० प्रतिशतभन्दा कम उत्तीर्ण गराउने अथवा तीन पटकसम्म विद्यालयको एसएलसी परीक्षामा उत्तीर्ण शून्य भए अनुदान रोक्का गर्ने शिक्षा नियमावलीले सरकारी विद्यालयलाई 'चिट' चोराउन उकासेको छ। यसमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, प्रधानाध्यापक सबैको स्वार्थ जोडिएको हुन्छ। एसएलसीको उत्तीर्ण प्रतिशत विद्यालयको इज्जत/प्रतिष्ठासँग पनि गाँसिन पुगेको छ। यसबाट विद्यालयहरूबीच जसरी पनि धेरै विद्यार्थी राम्रो श्रेणीमा पास गराउने होड चल्न थालेको छ। यसरी एसएलसी परीक्षा दिने विद्यार्थी आफ्ना लागि नभई अभिभावक, शिक्षक र विद्यालयका लागि 'चिट' चोरेर इज्जत धानिदिने 'यन्त्र' भएका छन्।

एक, दुई विषयमा निश्चित अङ्कको आन्तरिक परीक्षणको व्यवस्था गरिए पनि एसएलसी परीक्षामा केवल तीन घण्टाको लिखित परीक्षाबाट विद्यार्थीको योग्यता मापन गरिन्छ। पढाउने एउटा, प्रश्न बनाउने अर्को र परीक्षण गर्ने अर्को हुँदा पनि समस्या देखिएको छ। फलत: विद्यार्थी 'चिट' चोर्न बाध्य भएका छन्। बजारिया गेसपेपर, परीक्षा क्याप्सुलमा तयारी रूपमा भेटिने हिसाबका 'खजाना'हरू चोर परीक्षार्थीका उपयोगी सामग्री हुन्। यिनै 'चिट' बोकेर परीक्षार्थीहरू परीक्षा हलमा पुग्छन्।

नेपाली समाज नाता-सम्बन्ध, भनसुन र तैँ चुप मैँ चुपको संस्कृतिबाट गुज्रिन थालेको छ। कर्मचारी संरचनामा पनि यही स्थिति छ। परीक्षा केन्द्रमा केन्द्राध्यक्षले सबै विद्यालयको प्रतिनिधित्व हुने गरी 'गार्ड' छनोट गर्नुको उद्देश्य राम्रै भए पनि व्यवहारमा भने सबै विद्यालयका विद्यार्थीलाई 'चिट' चोराउन समानुपातिक रूपमा शिक्षक खटाएको जस्तो देखिन्छ। प्रअ, शिक्षक, अभिभावक आफ्ना अनुकूलका व्यक्ति परीक्षा केन्द्रको केन्द्राध्यक्ष बनाउन, आफू अनुकूलको विद्यालयमा परीक्षा केन्द्र राख्न, भरसक आफ्नै विद्यालयमा परीक्षा केन्द्र राख्न, गार्ड राख्न दौडधुप र चलखेल गर्ने गर्छन्। परीक्षार्थीको रजिष्ट्रेशन फारम भर्दा कसलाई कोसँग राख्ने भन्ने कुरामा समेत मिलाएर चोर्ने-चोराउने प्रपञ्च रचिन्छ। यसको उद्देश्य 'चिट' चोराएर बढीभन्दा बढी विद्यार्थीलाई 'राम्रो डिभिजन'मा पास गराउनु नै हो।

विद्यार्थी आफैंलाई आफ्नो योग्यताको जानकारी नहुँदा आत्मविश्वासको कमी भएर पनि उनीहरू 'चिट' चोर्ने बाढीको 'भेल'मा फस्न पुग्छन्। 'चिट' चोर्ने माहोलमा 'चिट' नचोर्दा आफ्नो राम्रो नम्बर नआउने मनो-सामाजिक समस्यामा विद्यार्थीहरू पर्छन् र आतङ्कित हुन्छन्। यसबारे उनीहरूलाई परामर्शको कमि छ।

गुणस्तरीय शिक्षा र आम शिक्षा दुई विपरीत कुरा हुन्। सिद्धान्तत: गुणस्तरीय शिक्षा सीमित, दिमाग भएका, पैसा भएका, 'मिरिटोक्र्याट्स'हरूका लागि देखिन्छ। तर आम नागरिकलाई

# आवरण विश्लेषण




**एसएलसी जीवनसँग होइन बजारसँग जोडिएको देखिन्छ । बजारमा आधारित शिक्षाले कम मेहनत, कम लागत र कम समयमै प्रतिफल खोज्छ । यही खोजीमा लाग्नाले विद्यार्थीले परीक्षामा 'चिट' चोरेर, शिक्षक र अभिभावकले चोर्न सघाएर भए पनि आफूलाई बजारमा प्रतिस्पर्धी गराउनुपर्ने भएको छ ।**

**दिने** शिक्षा 'आम शिक्षा' हो । आम शिक्षामा त्यहाँ धनीदेखि गरिब, सक्षम, अक्षम, भिन्न रूपमा सबल, विभिन्न धर्म, संस्कृतिका सबै हुन्छन् र तिनलाई शिक्षा दिनु राज्यको कर्तव्य हो । गुणस्तरीय शिक्षा खोज्दा सीमित व्यक्ति र वर्गको शिक्षा हुने भयो । आम नागरिकलाई शिक्षा दिन खोज्दा त्यहाँ गुणस्तर नहुने भयो । परस्पर विपरीत कुरालाई नेपालको सन्दर्भमा कसरी जोड्ने र आम शिक्षा र गुणस्तरलाई कसरी सँगसँगै अगाडि लैजाने भन्ने बुद्धि निकाल्न नसक्दा हाम्रो एसएलसी परीक्षामा 'चिटका बोरा' थुप्रिएका हुन् ।

एसएलसी जीवनसँग होइन बजारसँग जोडिएको देखिन्छ । बजारमा आधारित शिक्षाले कम मेहनत, कम लागत र कम समयमै प्रतिफल खोज्छ । यही खोजीमा लाग्नाले विद्यार्थीले परीक्षामा 'चिट' चोरेर, शिक्षक र अभिभावकले चोर्न सघाएर भए पनि आफूलाई बजारमा प्रतिस्पर्धी गराउनुपर्ने भएको छ । आर्थिक संरचनासँगै नेपाली समाजको संस्कार र संस्कृति पनि बदलिएको छ । आधुनिकीकरण र पूँजीकरण अथवा बजारीकरण फस्टाउँदो छ । यसले विद्यालयलाई 'संस्था' र विद्यार्थीलाई 'वस्तु' मा बदलिदिएको छ । बदलिँदो सामाजिक, सांस्कृतिक परिवेशले पनि यसमा भूमिका खेलेको छ । छोरीलाई शिक्षा दिन नमान्ने नेपाली समाज अहिले छोरीलाई 'कम्तीमा एसएलसी' उत्तीर्ण गराउन चाहन्छ ।

अर्को कुरा, हाम्रो परीक्षा प्रणाली पनि दोषी छ । 'यति प्रतिशत पास भयो, उति प्रतिशत फेल भयो, यो डिभिजन ल्यायो, ऊ डिभिजन ल्यायो' भन्ने जस्ता गतिविधिले पनि जसरी भए पनि 'आइरन गेट' पार गर्नुपर्छ भन्ने मनोविज्ञान बनेको छ । एसएलसीपछिका उच्च शिक्षामा प्रवेश पाउन पनि धेरै नम्बर चाहियो । कलेजहरूले विशिष्ट अङ्क ल्याउनेहरूलाई नि:शुल्क पढाउने उद्घोष गरेको गर्‍यै छन् । अरु नब्बे प्रतिशत अङ्क ल्याउने विद्यार्थीको त 'किनबेचै' हुन थाल्यो । तिनैका नाम र प्राप्ताङ्कहरू राखेर विज्ञापन गरिन्छ । जागिरमा प्रवेश गर्न 'डिभिजन' चाहिने भयो । शिक्षाको बजारीकरण र व्यापारीकरणसँगै विद्यार्थीहरू 'वस्तु' बनेपछि हाम्रो एसएलसीले पनि गति छाड्यो । शिक्षाको व्यापारीकरण र अशैक्षिक प्रतिस्पर्धालाई रोक्ने उपायको खोजी नहुँदा पनि परीक्षामा 'चिट' संस्कृति मौलाएको देखिन्छ ।

एसएलसीको यो दुर्दशा हुनुको पछाडि गुणस्तरप्रतिको आकर्षणको कमीले पनि ठूलो काम गरेको छ । गुणस्तरसम्बन्धी बुझाइ र यसको महत्त्व नबुझ्नाले पनि 'चिट'को संस्कृति फैलने र फस्टाउने अवस्थामा पुग्यो । विद्यार्थीहरू मूल पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरू त पढ्दै नपढ्ने भइसके । गाइड, गेसपेपर र क्याप्सुलहरू नै परीक्षा हलमा लिएर जाने प्रवृत्तिले एसएलसी ध्वस्त बनेको छ । विश्व अनुभव हेर्दा पनि यस्ता प्रकाशनहरूलाई 'प्राज्ञिक बदमासी'को रूपमा लिने गरेको पाइन्छ । यसबाहेक बन्द, हड्ताल र द्वन्द्व, राजनीतिक अस्थिरता र अन्योलको कारण पनि एसएलसी परीक्षामा 'चिट' बढेको देखिन्छ । पढाइको स्तर घटेको छ । अनियमितता गर्ने शिक्षक तथा विद्यार्थीलाई कसैले कार्बाही गर्न नसक्ने स्थिति बनेको छ ।

अनुसन्धानकर्ता म्याक्स ए इस्कटेनले युनेस्कोको लागि गरेको 'कम्ब्याटिङ एकाडेमिक फ्रड टुवार्डस् ए कल्चर अफ इन्टेग्रिटी' भन्ने अध्ययन प्रतिवेदनमा परीक्षामा हुने अनियमिततामार्फत पाएका शैक्षिक योग्यताका प्रमाणपत्रहरूलाई पनि नक्कली प्रमाणपत्रकै रूपमा लिएका छन् । युनेस्कोको सोही प्रतिवेदन अनुसार शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रको सन्दर्भमा विकसित देशको तुलनामा विकासोन्मुख देशमा नाजुक स्थिति छ । परीक्षाअघि प्रश्नपत्र खोल्ने, सार्ने र बेच्ने, परीक्षा हलमा चोरी गर्ने, परीक्षार्थीबीच उत्तरपुस्तिका आदानप्रदान गर्ने, बाहिरबाट उत्तर लेखेर परीक्षा हलमा पास गर्ने सबै सम्भव छ । उत्तरपुस्तिका परीक्षण र नम्बर दिँदा पनि दुरुपयोग हुन्छ । अन्ततोगत्वा प्रमाणपत्र नक्कली हुन्छ । सोही प्रतिवेदन अनुसार प्रतिरोधात्मक पूर्वाधार कमजोर भएका विकासोन्मुख देशमा परीक्षामा हुने अनियमितताको बिगबिगीलाई रोक्न नसकिएको हो । विकासोन्मुख मुलुकहरूमा परीक्षा सञ्चालन गर्ने निकायहरूका कमजोरी र प्रक्रियामा संलग्नहरूको अदक्षताका कारण प्रश्नपत्रहरू बीचमै दुरुपयोग हुन्छन् । हुनत युनेस्कोको सोही प्रतिवेदन अनुसार विकासोन्मुख देशका मात्र होइन अमेरिका जस्ता विकसित देशमा पनि परीक्षा प्रक्रियामा गडबढी हुन्छ । तर, त्यहाँ त्यस्ता अनियमितताबारे अध्ययन तथा नियन्त्रणका कार्यक्रम नै सञ्चालित गरिन्छन् । त्यससम्बन्धी कानुनलाई कडा पारिएको हुन्छ । उक्त अध्ययन अनुसार यसरी परीक्षामा चोरेर प्राज्ञिक बदमासी गर्नुमा व्यक्तिगत धारणा, वातावरण,

महत्त्वाकाङ्क्षा र प्रतिस्पर्धाले प्रभाव पारिरहेको हुन्छ । स्कूल, शिक्षक र विद्यार्थी सबैलाई कुनै पनि हालतमा सफल हुनु परेको छ, यही बिन्दुबाट प्राज्ञिक बद्मासी शुरु हुन्छ । अनुसन्धानकर्ता स्मिथरले सन् २००२ मा गरेको अनुसन्धान अनुसार विद्यार्थीलाई सहयोग गरे विद्यालयको स्तरमाथि उठ्ने र फाइदा हुने हुन्छ । तसर्थ विद्यार्थी, शिक्षक, समाज, स्कूल सबैको संयोजनमा परीक्षामा बद्मासी भइरहेको हुन्छ ।

उता ट्रान्सपरेन्सी इन्टरनेशनलले परीक्षामा हुने चोरी राष्ट्रिय अन्तर्राष्ट्रिय मूल्य चेतना घटेर र व्यक्तिगत-सामूहिक मूल्यबीचको तनावले हुने गरेको बताएको छ । त्यस्तै अनुसन्धानकर्ता कुमिङ, टेटो र हकिन्सको सन् २००१ को अनुसन्धान प्रतिवेदनमा विद्यालयमा मूल्य र नैतिकताको पढाइ घट्दै गएकाले परीक्षामा चिटको बिगबिगी बढेको उल्लेख गरेका छन् ।

## सुधार्ने आठ उपाय

**परीक्षाको आधार बदल्ने:** लिखित परीक्षा मात्रै हावी रहेको हाम्रो एसएलसी परीक्षालाई तह अनुसारको लिखित, मौखिक, प्रयोगात्मक, परियोजना कार्य र नयाँ खोजलाई आधार मानेर एकीकृत रूपमा विद्यार्थीको योग्यता प्रमाणीकरण गर्नुपर्छ ।

**प्रश्नपत्रको ढाँचा बदल्ने:** प्रश्नपत्र, प्रश्नको उत्तर पाठ्यपुस्तक अथवा अन्य गेसपेपर, परीक्षा क्याप्सुलमा जस्ताको तस्तै पाइने गरी बनाइनुहुँदैन । एसएलसीमा 'चिट' चोरिनुमा सोधिने प्रश्नको प्रकृति पनि ज्यादा जिम्मेवार छ । प्रश्नहरू तथ्य, बुँदा, सूत्रात्मक उत्तरको अपेक्षा राखेर बनाइएका पाइन्छन् । तसर्थ किताबमा सजिलै तयारी उत्तर नहुने गरी, सृजनात्मक रूपमा उत्तर खोज्नुपर्ने र चोर्न खोजेर पनि चोर्नै नसक्ने खालको प्रश्नपत्र बनाइनुपर्छ ।

> **जागिरमा प्रवेश गर्न 'डिभिजन' चाहिने भयो । शिक्षाको बजारीकरण र व्यापारीकरणसँगै विद्यार्थीहरू 'वस्तु' बनेपछि हाम्रो एसएलसीले पनि गति छाड्यो । शिक्षाको व्यापारीकरण र अशैक्षिक प्रतिस्पर्धालाई रोक्ने उपायको खोजी नहुँदा पनि परीक्षामा 'चिट' संस्कृति मौलाएको देखिन्छ ।**

**ओपन-बुक परीक्षा प्रणाली:** ओपन-बुक परीक्षा प्रणालीअनुसार विद्यार्थीले परीक्षा हलमा किताब, सन्दर्भ सामग्रीहरू जे जे चाहन्छन्, अथवा खोज्न सक्छन् उपलब्ध गराएर प्रश्नका उत्तरहरू दिनसक्छन् । अथवा उसलाई निश्चित प्रश्न, समस्या दिएर एकहप्ता अथवा दुई हप्ताको अवधिमा उत्तर दिन लगाउन सकिन्छ । विश्व अनुभव हेर्दा राष्ट्रिय तहको परीक्षामा यो खालको अभ्यास नदेखिए पनि नेपाल अब सङ्घीयतामा जाने भएपछि कमसेकम सङ्घीय तहमा 'ओपन-बुक एसएलसी परीक्षा' भए राम्रो हुनसक्छ ।

**प्रश्नपत्रमा भाषा र विषयवस्तुको रैथानेकरण:** हाम्रा पाठ्यक्रम र पाठ्यपुस्तक क्षेत्रीय, निश्चित भाषा र वर्गको आधारमा तयार पारेको देखियो । तर प्रयोग राष्ट्रिय रूपमा गरियो । मातृभाषामा न पाठ्यपुस्तक बने, न मातृभाषाका शिक्षक तयार भए । नेपालीइतरका भाषाभाषी विद्यार्थीले भाषा, संस्कृतिका कारण विषयवस्तु नबुझेपछि पनि 'चिट' चोर्नुपर्ने स्थिति बन्यो । तसर्थ पाठ्यक्रम, पाठ्यपुस्तक, प्रश्नपत्रका विषयवस्तु स्थानीय विषयवस्तुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तु जोडेर प्रश्न, भाषा र विषयवस्तुको लय मिलाउनुपर्ने देखिन्छ ।

**जिल्लान्तर परीक्षा केन्द्र अथवा निश्चित ठाउँमा मात्रै परीक्षा केन्द्र:** पहिला पहिला परीक्षा केन्द्रहरू राजधानी र देशका निश्चित ठाउँहरूमा मात्र सञ्चालन गरिन्थ्यो । त्यसैले 'चिट' मुस्किलैले चोर्न सकिन्थ्यो । तसर्थ, जिल्लान्तर अथवा निश्चित ठाउँमा मात्रै परीक्षा केन्द्र राख्न सकिन्छ । परीक्षा केन्द्रको निर्धारण गर्दा प्रस्तावित केन्द्रको भौतिक तथा सामाजिक अवस्थालाई पनि विचार गर्नुपर्छ । यसको लागि परीक्षा केन्द्र निर्धारण नियमावली नै बनाउनुपर्छ ।

**केन्द्राध्यक्ष र गार्ड; निजामती कर्मचारी र सुरक्षाकर्मी:** निजामती कर्मचारी र सुरक्षाकर्मीलाई परीक्षा केन्द्राध्यक्ष र गार्ड खटाउन सकिन्छ । अहिलेकै एसएलसी परीक्षा सञ्चालनसम्बन्धी निर्देशिकाले पनि केन्द्राध्यक्षको हकमा निजामती अधिकृतस्तरको कर्मचारी हुनसक्ने कुरा उल्लेख गरेको छ । परीक्षा हलमा प्रवेश गर्नुअघि गेटमै सुरक्षाकर्मीले जाँच गर्ने व्यवस्था पनि उपयुक्त हुन्छ । कर्मचारी र सुरक्षाकर्मीले नपुगे विषयान्तर शिक्षक पनि परीक्षा केन्द्रमा 'गार्ड' बस्न सक्ने गरी नियम बनाउन सकिन्छ ।

**बजारका तयारी 'चिट' को बिगबिगीमाथि प्रतिबन्ध:** बजारमा एसएलसीलाई लक्षित गरेर 'सिकारु माडसा'ब' हरूले तयार गरेका गेसपेपर, गाइड, परीक्षा क्याप्सुल जस्ता प्रकाशनहरूको प्रकाशन तथा बेचबिखनमा बन्देज लगाइनुपर्छ । बरु विद्यार्थीको विकासमा सहयोग पुग्ने सन्दर्भ सामग्रीहरूको लेखन तथा प्रकाशनमा प्रोत्साहन गर्नुपर्छ ।

**जनचेतना कार्यक्रम सञ्चालन:** शिक्षक, अभिभावक तथा विद्यार्थीका लागि गुणस्तरीय पढाइको महत्त्व बुझाउने गरी जनचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका लागि आफ्नो विषयमा सफलता हासिल गरेका विभिन्न व्यक्तिलाई उपयोग गर्न सकिन्छ । विभिन्न श्रव्यदृश्य तथा प्रचारात्मक सामग्रीहरूको विकास गरेर कार्यक्रमहरू र सञ्चारमाध्यममार्फत पनि यो अभियान सञ्चालन गर्न सकिन्छ ।

यसबाहेक योग्य र दृढनिश्चयी शिक्षकहरूको 'रोष्टर' बनाएर केन्द्राध्यक्ष र निरीक्षक नियुक्ति गर्नुपर्छ । केन्द्राध्यक्ष र निरीक्षकको परीक्षा अवधिमा मात्रै होइन त्यसपछिका दिनहरूमा पनि उनीहरूले माग गर्दा सुरक्षाको प्रत्याभूति हुनुपर्छ । अनियमितता गर्नेलाई कारबाहीको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्छ । परीक्षा निरीक्षकहरूलाई दण्ड, सजाय र पुरस्कारको व्यवस्था हुनुपर्छ । परीक्षामा 'गार्ड' र केन्द्राध्यक्षबाहेकलाई प्रवेश निषेध गर्नुपर्छ । परीक्षा केन्द्रको निर्धारण मापदण्ड तोक्नुपर्छ । यसअघि परीक्षामा अनियमितता गरेको प्रमाणित भएको व्यक्तिलाई 'गार्ड' तथा केन्द्राध्यक्ष बनाइनुहुँदैन । 'चिट' चोर्ने विद्यार्थीलाई निष्काशन गर्ने अधिकार परीक्षा 'गार्ड'लाई नै दिनुपर्छ ।

# कसले सुधार्ने, कसरी सुधार्ने ?



तस्बिरहरू: किरण पाण्डे

विद्यालय शिक्षाको प्रमुख मापदण्डका रूपमा रहेको एसएलसी यताका दिनमा 'मास चिटिङ' र अन्य अमर्यादित क्रियाकलापहरूका कारण 'परीक्षा' भन्दा उच्छृङ्खल जात्रा' झैं लाग्न थालेको छ । पहिले तराईका केही सीमावर्ती जिल्लामा समस्याका रूपमा रहेको 'चिटिङ कल्चर'ले आज पहाड र हिमाली अनि दुर्गम भेगलाई समेत आफ्नो चपेटामा पारिसकेको भान हुन्छ ।


एसएलसी परीक्षा किन यसरी अमर्यादित बन्दैछ ? यसका जिम्मेवार पक्ष को–को छन् ? यसलाई कसरी सुधार गर्न सकिन्छ ? भन्ने सवालमा *शिक्षक* मासिकले १८ माघ २०६६ मा एलायन्स फर सोसल डायलग (एएसडी) सँग मिलेर शिक्षा क्षेत्रका सरोकारवालाहरूबीच अन्तरसंवाद कार्यक्रम आयोजना गऱ्यो । *शिक्षक* का सम्पादक राजेन्द्र दाहालले एसएलसी परीक्षामा बढ्दो रूपमा देखिएका विकृति हटाउने उपायहरू सुझाउन सहभागीहरूलाई आग्रह गर्दै छलफलको प्रारम्भ गरेका थिए ।

सहभागीले सरकारी निकाय, शिक्षक तथा विद्यार्थीका सङ्गठन, राजनीतिक दल, अभिभावक, विद्यार्थी सबैको सामूहिक प्रयासबाट मात्रै परीक्षामा सुधार ल्याउन सकिने विचार व्यक्त गरे। सहभागीबाट व्यक्त विचारहरूमध्ये केही मुख्य तथा सम्पादित अंशहरू यहाँ प्रस्तुत गरिएको छः

## डा. सुरेन्द्र लाभ

**रारा बहुमुखी क्याम्पस, जनकपुर**

“चिटिङ गराउने सवालमा शिक्षकहरू पनि अछुतो छैनन्, किनकि उनीहरू नै परीक्षामा निरीक्षक बनेका हुन्छन् । प्रश्नपत्र ‘आउट’ गर्ने र चोरी गराउने कुरामा शिक्षकको पनि भूमिका रहने गरेको छ ।”



एसएलसी परीक्षाको मर्यादा केही वर्षअघिसम्म मधेशमा मात्र बिग्रिएको थियो । तर, आज यो महामारीका रूपमा मुलुकभर फैलिएको छ । नेपालको शैक्षिक विकासको इतिहासमा जनकपुरको महत्त्वपूर्ण स्थान थियो । तर, अहिले परीक्षा प्रणालीका सम्पूर्ण सीमा र मर्यादालाई जनकपुरले तोडिसकेको छ । एसएलसी परीक्षा सुधारका निम्ति हामीले २४ पुसमा जनकपुरमा आयोजना गरेको गोष्ठीका अधिकांश सहभागीले केन्द्राध्यक्षको नियुक्तिमै अनियमितता हुने गरेकाले परीक्षा मर्यादित नभएको बताए । शिक्षकका पेशागत संघ/सङ्गठनले आ-आफ्ना शिक्षकलाई केन्द्राध्यक्ष नियुक्ति गराउनका लागि जिशिअलाई सिफारिस गर्ने गरेको र परीक्षा केन्द्रमा प्रहरीले समेत चिटिङ बढाएको भन्ने सहभागीहरुको भनाइलाई प्रजिअले पनि अस्वीकार गरेनन् । निजी स्कूलले रकम खुवाएर परीक्षाको मर्यादा बिगारेको आरोप सामुदायिक स्कूलका शिक्षकहरूले लगाए । प्याब्सन र एनप्याब्सनका पदाधिकारीहरूले त्यसलाई स्वीकार पनि गरे । अभिभावकको गलत धारणाले गर्दा परीक्षा अमर्यादित हुने गरेको कुरा सबै पक्षबाट आयो । चिटिङ गराउने सवालमा शिक्षकहरू पनि अछुतो छैनन्, किनकि उनीहरू नै परीक्षामा निरीक्षक बनेका हुन्छन् । प्रश्नपत्र ‘आउट’ गर्ने र चोरी गराउने कुरामा शिक्षकको पनि भूमिका रहने गरेको छ ।

विभिन्न शिक्षक संघ-सङ्गठनद्वारा प्रस्तुत गरिने लिस्टको आधारमा नभई योग्य, नैतिक र दक्ष शिक्षकहरुको रोस्टर बनाएर गोला प्रथाद्वारा केन्द्राध्यक्षको नियुक्ति गर्नुपर्ने सुझाव आएको छ । केन्द्राध्यक्ष नियुक्तिमा प्रजिअ र जिशिअको सक्रियता आवश्यक देखिन्छ । परीक्षा केन्द्रहरूमा खटिने निरीक्षकलाई भत्ता दिने प्रथा हराएको छ । हामीले गोष्ठीमा के पायौं भने निरीक्षकले उल्टै २/३ सय रुपैयाँ तिरेर परीक्षाको निरीक्षण गर्छ । तर उसले छात्रछात्रा र अभिभावकबाट चिट चोर्न सघाएबापत कैयौं गुणा बढी रकम असुल्ने गर्छ । विद्यार्थी र शिक्षकमाझ मर्यादित परीक्षाबारे जनचेतना जगाउनुपर्ने आवश्यकता छ । परीक्षाको बेलामा केन्द्राध्यक्षलगायत सम्बन्धित सबैलाई सुरक्षाको राम्रो प्रबन्ध मिलाउनुपर्छ । तर सुरक्षाको प्रत्याभूति भएन भने जस्तै केन्द्राध्यक्षले पनि परीक्षालाई शुद्ध रूपमा सञ्चालन गर्न सक्दैन ।

---

“पनिकाको संरक्षण र अनुमतिविना एउटा केन्द्राध्यक्षले कसरी अनियमितता गर्ने हिम्मत गर्न सक्छ ? परीक्षा मर्यादित गर्नुहुँदैन, चिट चोराउनुपर्छ भनेर कुनै राजनीतिक दलले भन्छन् जस्तो मलाई लाग्दैन ।”

## रामकुमारी झाँक्री

**अध्यक्ष, अनेरास्ववियु**



पनिकाको व्यवस्थापकीय कमजोरी तथा त्यहाँका कर्मचारीको अनियमितता, दोषीलाई कारबाही नगर्ने अनि गल्ती गरेकालाई संरक्षण दिने प्रवृत्तिले परीक्षा अमर्यादित बनेको हो । यसमा पनिका र त्यहाँ काम गर्ने कर्मचारीहरू सबैभन्दा बढी जवाफदेही हुनुपर्छ । पनिकाको संरक्षण र अनुमतिविना एउटा केन्द्राध्यक्षले कसरी अनियमितता गर्ने हिम्मत गर्न सक्छ? परीक्षा मर्यादित गर्नुहुँदैन, चिट चोराउनुपर्छ भनेर कुनै राजनीतिक दलले भन्छन् जस्तो मलाई लाग्दैन । कुनै दललाई मत दिने व्यक्तिले चिटिङ गर्न पाउनुपर्छ भन्छन् भने त्यो व्यक्तिगत कुरा हो । विद्यार्थी सङ्गठन पनि यसमा दोषी छैनन् । परीक्षामा बदमासी गरेका परीक्षार्थीलाई विद्यार्थी सङ्गठनले कहिल्यै पनि समर्थन गरेका छैनन् ।

शिक्षक युनियन र शिक्षक सङ्गठनको संरचना यति बलियो छ कि यही संरचनाले शैक्षिक व्यवस्था र शिक्षण संस्थालाई बर्बाद बनाएको छ । यिनै सङ्गठनको छायाँ र प्रतिछायाँभित्र अनियमितता भइरहेका छन् । गल्ती गर्ने शिक्षकलाई युनियनले कारबाही गर्दैन, उल्टो संरक्षण दिन्छ । हामी शिक्षामा दीर्घकालीन सुधारको कुरा गर्दैछौं । त्यसो हो भने एसएलसीलाई ‘ग्रेडिङ’ गर्नुको विकल्प छैन । ५ र ८ कक्षामा किन विद्यार्थीलाई फेल गराउने ? १२ कक्षा पास गरेर पठाइदिऊँ न । एसएलसीमा १० वटा ‘ग्रेड’ बनाइदिऊँ, त्यसपछि उनीहरू आफ्नो क्षमता अनुसार अगाडिको बाटोमा अघि बढ्छन् ।

# शिक्षक संवादः एसएलसी परीक्षा



**"तराईमा चिटिङ बढी हुनुमा अनेक कारणहरू छन् । एसएलसी पास भएका केटी भएपछि दाइजो कम दिए हुन्छ । तराईमा रोजगारीको पनि अभाव छ । शैक्षिक प्रमाणपत्र भयो भने केही न केही अवसर पाइन्छ भन्ने आश हुन्छ ।"**

## ज्ञानी यादव

**जिशिअ, काठमाडौं**

महोत्तरी र सिरहामा मैले जिशिअ भएर काम गरेको छु । तराईको शैक्षिक क्षेत्रमा हजारौं कुरीतिहरू छन्, त्यसको भागिदार हामी कर्मचारीहरू पनि छौं । शिक्षा अधिकारी भएर म पनि उम्कन चाहन्न ।

दुई वर्षअघिको कुरा हो । सिरहाको एसएलसी परीक्षा सुधार्ने प्रयासमा परीक्षा आउनुभन्दा अगाडि हामीले ४-५ पटक बैठक गऱ्यौं । शिक्षक युनियन, राजनीतिक दलका प्रतिनिधि र प्रअहरूसँग पनि कुरा गऱ्यौं । परीक्षा समन्वय समितिबाट केन्द्राध्यक्षको नियुक्ति गऱ्यौं र सहायक केन्द्राध्यक्ष र निरीक्षक चयनको जिम्मा केन्द्राध्यक्षलाई नै दियौं । सम्बन्धित स्कूलभन्दा बाहिरका शिक्षकलाई निरीक्षक तोक्न निर्देशन पनि दिइयो । परीक्षा हुनु अगाडिसम्म केन्द्राध्यक्षलाई नै बलियो पाऱ्यौं । उनीहरूलाई दिनुपर्ने सबै सुविधाको व्यवस्था पनि गऱ्यौं । परीक्षामा सहयोग गर्नुपर्छ भनेर अभिभावकलाई पनि सजग गरायौं । तयारीमा बढी नै मेहनत परेका कारण परीक्षा राम्रो हुनेमा हामी आशावादी थियौं ।



सुप्रभात भण्डारी

भोलिपल्ट परीक्षा शुरु भयो । त्यसको एक घण्टा नबित्दै आठ नबज्दै मेरो आँखाबाट तरर्र आँसु चुहिए । किनभने परीक्षा हलमा परीक्षार्थीभन्दा बढी बाहिरका मान्छे बढी थिए । त्यहाँ कति जनालाई मैले कारबाही गर्ने ?

दुई वर्षअघि परीक्षा अनुगमन क्रममा सिडिओ र एसपी लहान र गोलबजार पुग्नुभएको थियो । उहाँहरूले दुईजना नक्कली परीक्षार्थीलाई थुतेर भ्यानमा हाल्नासाथ चिट चोराउन भेला भएका स्थानीय बासिन्दाले ढुङ्गा बर्साउन थाले । बाध्य भएर ती दुईजनालाई छोड्नुपर्ने अवस्था आयो ।



चुडामणि पौडेल

तर, सबै जिल्लाको अवस्था त्यस्तै छैन । परीक्षार्थीको खानतलासी गर्दा एउटा पनि चिट नभेटिएका जिल्ला पनि छन् । गोर्खा, चितवन, मकवानपुर जस्ता जिल्लाहरूमा धेरै चिटिङ हुँदैन । तर, यतिले मात्रै 'सिस्टम' सुध्रने अवस्था छैन । तराईका गाउँगाउँमा पुगेर अभिभावकलाई चेतना बढाउनुपर्छ । तराईमा चिटिङ बढी हुनुमा अनेक कारणहरू छन् । एसएलसी पास भएका केटी भएपछि दाइजो कम दिए हुन्छ । तराईमा रोजगारीको पनि अभाव छ । शैक्षिक प्रमाणपत्र भयो भने केही न केही अवसर पाइन्छ भन्ने आश हुन्छ ।

## सुप्रभात भण्डारी

**अध्यक्ष, अभिभावक संघ नेपाल**

एसएलसीको चिटिङमा अभिभावक पनि दोषी छ भनिन्छ । तर अभिभावक मात्र होइन सिङ्गो नेपाली समाज नै अचेतन अवस्थामा छ । हामी त शिक्षकले विद्यार्थीलाई सबै कुरा सिकाउँछ भन्ने विश्वास गरेरै छोराछोरीलाई स्कूल पठाउँछौं । त्यसैले अभिभावकलाई पन्छाएर शिक्षकहरु दोषमुक्त हुन सक्दैनन् ।

**"जुन शिक्षकले ट्युसन पढाउँछ उही परीक्षामा निरीक्षक बन्दा उसले चिटिङ गराउने सम्भावना बढी हुन्छ । किनकि आफूले शुल्क लिएको विद्यार्थीप्रति उसको केही दायित्व हुन्छ । यस्ता शिक्षकले अरू विद्यार्थीबाट खोसेको चिट आफ्नो विद्यार्थीलाई दिन्छन् ।"**



## प्रा.डा. विनोद श्रेष्ठ

**सल्लाहकार, शुभतारा स्कूल**

नेपालमा नयाँ शिक्षा लागू हुँदा आन्तरिक मूल्याङ्कन र सेमेष्टर प्रणाली थियो । त्यसअन्तर्गत हरेक हप्ता र सेमेष्टर तहमा विद्यार्थीको परीक्षा लिइन्थ्यो । सेमेष्टरपछि विस्तृत किसिमको परीक्षा हुन्थ्यो । त्यस्तो निरन्तर परीक्षाको मूल्याङ्कन विषयगत शिक्षकले नै गर्थ्यो । त्यसमा विद्यार्थीले चोर्ने र ठग्ने सम्भावना हुँदैनथ्यो । तर, यो पद्धति टिक्न दिइएन । अहिले फेरि निरन्तर मूल्याङ्कन प्रणालीको कुरा चलिरहेको छ । परीक्षा अमर्यादित हुनमा शिक्षकहरू पनि जिम्मेवार छन् । विशेषगरी अङ्ग्रेजी, विज्ञान र गणितमा 'ट्युसन' पढ्ने माहोल बढ्दै गएको छ । जुन शिक्षकले ट्युसन पढाउँछ त्यही शिक्षक परीक्षामा निरीक्षक बन्दा उसले चिटिङ गराउने सम्भावना बढी हुन्छ । किनकि आफूले शुल्क लिएको विद्यार्थीप्रति त्यो शिक्षकको केही दायित्व हुन्छ । यस्ता शिक्षकले अरू विद्यार्थीबाट खोसेको चिट आफ्नो विद्यार्थीलाई दिन्छन् ।

## चुडामणि पौडेल

**उप-निर्देशक, शिक्षा विभाग/पूर्व जिशिअ**

एसएलसीको रजिष्ट्रेशन फारम र सिम्बोल नम्बर तय गर्ने बेलादेखि नै धाँधली शुरु हुन्छ। कतिपय स्कूलले वर्णानुक्रममा नभई राम्रा र नराम्रा विद्यार्थीलाई मिलाएर रजिष्ट्रेशन गराउँछन्। त्यसपछि जिशिकामा कुन स्कूललाई कुन केन्द्रमा पार्ने भन्नेमा दौडधुप हुन्छ। सामुदायिक र निजी स्कूलका विद्यार्थीलाई एकै ठाउँमा राख्दा समस्या पर्ने रहेछ। दुवै परीक्षण मैले गरेर हेरें। एक वर्ष बोर्डिङ र अर्को वर्ष सामुदायिक स्कूलका छुट्टाछुट्टै केन्द्र राखें। त्यसो गर्दा बोर्डिङ स्कूलमै निरीक्षक बन्न पाउनुपर्छ भन्ने दबाब शिक्षकहरूबाट आयो। अर्को साल एकै ठाउँमा परीक्षा लिंदा जहाँ बोर्डिङका धेरै विद्यार्थी छन्, त्यहाँ निरीक्षक बस्न पाउनुपर्छ भन्ने दबाब पर्‍यो।

त्यसमा पनि शिक्षक युनियन र सङ्गठनबाट भागबण्डाका आधारमा आ-आफ्ना मान्छे राख्नुपर्ने दबाब आउँछ। यसले गर्दा योग्य र गतिला प्रअहरू केन्द्राध्यक्ष बन्नै नमान्ने अवस्था देखिएको छ। परीक्षा खर्चमा पनि समस्या छ। परीक्षा सञ्चालनका लागि केन्द्रले अत्यन्तै न्यून रकम जिशिकामा पठाउँछ। निरीक्षकलाई भत्ता स्वरुप अहिले सय-डेढ सय रुपैयाँ दिइन्छ। त्यसले गर्दा माध्यमिक तहका योग्य शिक्षकलाई निरीक्षकमा खटाउन सक्ने अवस्था छैन। न्यूनतम बजेटबाट निरीक्षक र सुरक्षाकर्मीको गाडीको इन्धन पुर्‍याउनुपर्ने बाध्यता छ।

अभिभावक, शिक्षक, विद्यार्थी र हामी प्रशासकहरू समेत दातृ संस्थालाई देखाउनका लागि नतिजा धेरै चाहन्छौं। जसरी हुन्छ बढी नतिजा देखाएर उपलब्धि हासिल भयो भन्ने मानसिकताबाट हामी ग्रसित छौं। परीक्षा केन्द्र निर्धारण गर्दा स्कूलको भौतिक पूर्वाधारको अवस्थाले पनि असर पारेको हुन्छ। परीक्षा केन्द्र खुल्ला हुँदा अभिभावकहरू झुम्मिने गर्छन्। त्यसैले विद्यालयको भौतिक अवस्था सुधार नगरी परीक्षा केन्द्र निर्धारण गरिनु उपयुक्त हुँदैन।

पुरस्कार र दण्डको व्यवस्था कानुनमा छ। तर, कार्यान्वयनको अवस्था निराशाजनक छ। कञ्चनपुरमा म जिशिअ हुँदा एसएलसी पूरक परीक्षामा एकजना मावि शिक्षकले 'चिटिङ' गराए। प्रजिअ र मसहितको टोली गएर उनलाई हामीले भन्यौं, "अब तपाईंलाई हामी पक्रन्छौं। जेल पनि हाल्छौं। एक लाख रुपैयाँ जरिवाना पनि गर्छौं।" यो कारबाहीको कुरा उठाएको एक हप्तामै मेरो दाङमा सरुवा भयो। त्यसैले दण्ड र पुरस्कारको व्यवस्थालाई कार्यान्वयन गर्ने पाटो चुनौतीपूर्ण छ। माध्यमिक तहका शिक्षकलाई मात्र निरीक्षक तोक्ने व्यवस्था हुनुपर्छ। किनकि यो तहका शिक्षकको नैतिक क्षमता तुलनात्मक रूपमा बढी हुन्छ। सुरक्षाकर्मीको परिचालन पनि प्रभावकारी हुनुपर्ने देखिन्छ। सुरक्षाकर्मीलाई पनि अनुशिक्षण दिइनुपर्छ। नत्र उनीहरू पनि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा चिटिङमा संलग्न हुने सम्भावना रहन्छ। यति गर्न सकियो भने तत्काललाई अवस्था सुधिन सक्छ।

**"उत्तरपुस्तिका जाँच्ने साथीहरूले भन्नुहुन्थ्यो, "एउटा कापी हेरेपछि अर्को हेर्नुपर्दैन। सबै एउटै छ।" बन्द र हड्तालका कारण स्कूलमा पढाइ हुँदैन। पढाइ नभएपछि विद्यार्थीले चोर्न बल गर्छन्। त्यसमा राजनीतिक पक्ष चोखो बस्न मिल्छ ?"**



## गुरुप्रसाद मैनाली

**विनि, जिशिका, ललितपुर**

पुरानो शिक्षाबाट नयाँ शिक्षा प्रणालीमा रुपान्तरण हुने क्रममा पुरानातर्फका विद्यार्थीबाट चोरी बढी भएको छ। अर्को वर्ष पाठ्यक्रम परिवर्तन हुँदैछ भने अघिल्लो वर्ष चिटिङ बढी हुने गरेको छ। चोराउने मान्छे नभएकै कारणले नयाँ कोर्सको पहिलो वर्ष विद्यार्थी बढी फेल हुने गरेका छन्। अर्को कुरा राजनीतिक अस्थिरता र शान्ति सुरक्षाको स्थिति खस्कँदै गएको बेलामा चिटिङ बढी भएका छन्। मधेश आन्दोलन चर्किएका आठ जिल्लामा सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण भएका छन्। जबकि त्यहाँ स्कूल खुलेको दिन थाहा छैन। उत्तरपुस्तिका जाँच्ने साथीहरूले भन्नुहुन्थ्यो, "एउटा कापी हेरेपछि अर्को हेर्नुपर्दैन। सबै एउटै छ।" बन्द र हड्तालका कारण स्कूलमा पढाइ हुँदैन। पढाइ नभएपछि विद्यार्थीले चोर्न बल गर्छन्। त्यसमा राजनीतिक पक्ष चोखो बस्न मिल्छ? त्यसैले सबै आ-आफ्नो ठाउँमा जिम्मेवार बन्नुपर्छ। त्यसप्रति हामीले ध्यान दिएका छैनौं। हामी आफू इमानदार नभएसम्म र कक्षाकोठामा पढाइको वातावरण नभएसम्म परीक्षा मात्र सुधार हुने अवस्था रहँदैन।



## विद्यादेवी महर्जन

**प्राचार्य, गीतामाता उमावि, काठमाडौं**

काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा चिटिङको समस्या त्यति छैन। बाहिरको उत्तरपुस्तिकाहरू हबहु हुने गरेको कुरा चाहिँ शिक्षकहरूबाट सुनेका छौं। एसएलसी परीक्षामा यस्ता विकृतिहरू देख्दा हामी धेरै दुःखी छौं। विद्यालय प्रशासनमा बाहिरिया

# शिक्षक संवादः एसएलसी परीक्षा

तत्वको अवरोध निकै आउँछन्। पन्छाउनै नसकिने समस्याहरू पनि छन्। यो अवस्थामा पनि आफ्नो दायित्वप्रति डगमग भएनौं भने कसैले केही गर्न नसक्ने रहेछ। जहाँ अवस्था बिग्रेको छ, त्यसको खोजी गरेर सुधार गर्नुपर्छ जस्तो मलाई लाग्छ। परीक्षा हलमा अनावश्यक व्यक्तिहरू प्रवेश गरेर अवरोध गर्ने प्रवृत्ति छ। त्यसले गर्दा परीक्षार्थीहरूले अप्ठ्यारो महसुस गर्ने गरेका छन्। आउँदो परीक्षामा यो अवस्था सुधार गर्नुपर्ने आवश्यकता छ।

**"उत्तरपुस्तिका परीक्षण पनि ठेकेदारी प्रथाको छ। कसरी छिटो परीक्षण गर्ने र बढी पैसा कमाउने भन्ने मानसिकता परीक्षकमा हुन्छ। यस्तो प्रक्रियाबाट कसरी सही मूल्याङ्कन हुन्छ ?"**



## टीआर ढकाल

**महासचिव, प्याब्सन**

परीक्षामा विकृति देखिनुमा राजनीतिक पक्ष बढी जिम्मेवार छ। परीक्षाको मर्यादा खस्किएको कुरामा राजनीतिक नेतृत्व पन्छिन मिल्दैन। भनेजति अङ्क नपाएर विश्वविद्यालयमा आगो लगाएका घटनाहरू पनि छन्। त्यसकारण शिक्षक, अभिभावक, विद्यार्थी पनि जिम्मेवार छन्। अहिलेको परीक्षा र मूल्याङ्कन प्रणालीमा परिवर्तन नगरिकन हुँदैन। अहिलेको प्रणाली असाध्यै पुरानो छ। वर्षभरि पढ्ने, तीन घण्टाको परीक्षा दिने र पाँच मिनेटमा उत्तरपुस्तिका परीक्षण गर्ने अहिलेको पद्धतिले हुँदैन। उत्तरपुस्तिका परीक्षण पनि ठेकेदारी प्रथाको छ। कसरी छिटो परीक्षण गर्ने र बढी पैसा कमाउने भन्ने मानसिकता परीक्षकमा हुन्छ। यस्तो प्रक्रियाबाट कसरी सही मूल्याङ्कन हुन्छ?

**"शिक्षा क्षेत्रलाई सुधार्ने सवालमा शिक्षक आफैं सुध्रिएर हुँदैन। शिक्षा मन्त्रालयदेखि अभिभावक र विद्यार्थीसम्म जिम्मेवार बन्नुपर्छ। शिक्षामा राजनीतिक हस्तक्षेप भएको छैन भन्ने कुरामा पनि म सहमत छैन।"**



## महन्थमणि यादव

**अध्यक्ष, नेपाल शिक्षक युनियन, धनुषा**

शिक्षा क्षेत्रलाई सुधार्ने सवालमा शिक्षक आफैं सुध्रिएर हुँदैन। शिक्षा मन्त्रालयदेखि अभिभावक र विद्यार्थीसम्म जिम्मेवार बन्नुपर्छ। शिक्षामा राजनीतिक हस्तक्षेप भएको छैन भन्ने कुरामा पनि म सहमत छैन। अहिलेको प्रतिकूल राजनीतिक परिस्थितिमा गाउँमै रहेर जिम्मेवारी निभाएको त शिक्षकले मात्रै हो। परीक्षा प्रणाली सुधारका लागि हामी कागजमा त सहमत छौं। तर, व्यवहारमा छैनौं। यसप्रति सचेत नहुँदा परीक्षा प्रणालीमा दुरावस्था देखिएको छ।

अवस्था पूरै बिग्रिहालेको छैन। देशको तरल अवस्थाका कारण एक्कासि सुधार गर्न त अलि गाह्रै छ। तर, केही हदसम्म न्यूनीकरण गर्न चाहिँ सकिन्छ। विगतमा केन्द्राध्यक्ष बनेका शिक्षकमाथि कुनै अभियोग लागेको छ भने त्यस्तालाई केन्द्राध्यक्ष बनाउनुहुँदैन। हाम्रो धनुषामा अझै पनि त्यस्ता शिक्षकलाई केन्द्राध्यक्ष तोकिएको देखेको छु।

केन्द्राध्यक्षको सुरक्षा व्यवस्था तीन घण्टाको लागि मात्रै हुने गरेको छ। परीक्षा सकिनासाथ प्रहरीहरू आफ्नै ड्युटीमा र केन्द्राध्यक्ष आफ्नै ठाउँमा जाने अवस्था छ। परीक्षा केन्द्र बाहिरको सुरक्षा व्यवस्था विगतको भन्दा कडा हुनुपर्छ। परीक्षामा कडाइ हुने सूचनाको प्रवाह हरेक माध्यमबाट गरिनुपर्दछ। त्यसबाट पनि केही हदसम्म सुधार हुन सक्छ।

**"स्कूल र शिक्षकले विद्यार्थीलाई पास गराएर दक्ष नागरिक बनाउछौं भन्ने जिम्मेवारी लिएर भर्ना लिएका हुन्छन्। आफ्नो बच्चा राम्रो अङ्क ल्याएर पास भइदिउन् भन्ने अपेक्षा अभिभावकले स्वाभाविक रूपमा राख्छन् नै। त्यसैले विद्यार्थीलाई राम्रो बनाउने दायित्व हाम्रो हो।"**



## नीरा शाक्य

**जिशिअ, भक्तपुर**

सञ्चारमाध्यमले गत सालको एसएलसी परीक्षाका गतिविधि राम्रोसँग देखाइदिए। उत्तरपुस्तिका परीक्षकहरूले पनि विभिन्न खोटहरू औंल्याएका छन्। यसको जानकारी हामीले पनिकालाई गराएका हौं। तर, सुधार भएको छैन। चुप लागेर बस्ने हो भने यसले अझै निरन्तरता पाउनेछ। त्यसो भए सुधार अब कहाँबाट गर्ने त? सुधार कक्षाकोठाभित्रै गर्नुपर्छ। किनभने आफूले पढाएको विद्यार्थीले परीक्षा दिन सक्छ वा सक्दैन? जुनसुकै ठाउँमा राखेर परीक्षा दिन लगाए पनि मेरो विद्यार्थीले सक्छ भन्ने आत्मविश्वास शिक्षकलाई हुनुपर्छ। त्यस्तै आत्मविश्वास विद्यार्थीहरूमा पनि हुनुपर्छ। दुवैमा आत्मविश्वास भयो भने एसएलसी परीक्षामा देखिएका विकृतिहरू विस्तारै कम हुँदै जानेछन्। अभिभावकले आफ्ना बच्चालाई फेल गराउन स्कूल पठाएका हुँदैनन्। यो सत्य कुरा हो। स्कूल र शिक्षकले विद्यार्थीलाई पास गराएर

दक्ष नागरिक बनाउछौं भन्ने जिम्मेवारी लिएर भर्ना लिएका हुन्छन् । त्यसैले मेरा बच्चा राम्रो अङ्क ल्याएर पास भइदिउन् भन्ने अपेक्षा अभिभावकले स्वाभाविक रूपमा राख्छन् नै । त्यसैले विद्यार्थीलाई राम्रो बनाउने दायित्व हाम्रो हो ।

गत साल एसएलसीको उत्तरपुस्तिकामा चार किसिमका मसीले लेखेको समेत भेटियो । मसी त परिवर्तन हुनसक्छ तर, त्यसमा निरीक्षकले हस्ताक्षर गर्नुपर्ने मान्यता छ नि ! तर, हस्ताक्षरविना नै चार किसिमका मसीको प्रयोग भएका छन् । तर, त्यस्तो उत्तरपुस्तिकालाई रद्द गर्ने प्रावधान निर्देशिकामा छैन । त्यसैले म पनिकालाई के अनुरोध गर्न चाहन्छु भने परीक्षासँग सम्बन्धित निर्देशिकाहरू परिमार्जित गर्नुपर्ने अवस्थामा छन् ।

## रामनारायण साह

**स्रोतव्यक्ति, महेन्द्र बौद्ध स्रोत केन्द्र, काठमाडौं**

एसएलसी परीक्षा सुधारका लागि निराश र हतोत्साही भएर हुँदैन । गाउँगाउँमा पुगेर जबसम्म सरोकारवालाहरूलाई सचेत गर्न सकिँदैन तबसम्म यसमा कुनै पनि संयन्त्रले पनि काम गर्न सक्दैन । त्यसैले शिक्षाका सरोकारवालाहरूले सचेतनाका कार्यक्रमलाई विभिन्न गाउँगाउँ र स्कूल-स्कूलमा पुऱ्याउन सके मात्रै यसमा सुधार हुनेछ । मूल्याङ्कन प्रणालीमा पनि सुधार हुनुपर्छ । कस्ता व्यक्तिलाई उत्तरपुस्तिका परीक्षण गर्न दिने भन्ने कुरामा पनि सुधार गर्नुपर्छ । कसले छिटो जाँच्ने भन्ने होडमा अयोग्य व्यक्तिले पनि उत्तरपुस्तिका परीक्षण गरिरहेको छ । यसरी राम्रो मूल्याङ्कन नभएका कारणले पनि परीक्षा प्रणालीलाई असर पुऱ्याएको छ । स्कूलहरूले पनि आफ्ना नजिकका स्कूलमा परीक्षा केन्द्र राख्न नमान्ने गरेका छन् । यस्तो परिपाटीलाई निरुत्साहित गर्नुपर्छ, जसले गर्दा राम्रोसँग परीक्षा सञ्चालन गर्न सकिन्छ । साथै, योग्य केन्द्राध्यक्षहरूको छनोटलाई पनि महत्त्व दिनुपर्छ ।

## गीता खरेल

**प्राचार्य, रत्नराज्यलक्ष्मी उमावि, काठमाडौं**

सुधारको काम आफूबाट थाल्नुपर्छ । पहिले आफू बनेपछि अर्कालाई बनाउन सजिलो हुन्छ । अर्कालाई एउटा औंलो ठड्याउँदा चार वटा औंलो आफैंतिर फर्केका हुन्छन् । त्यसले सुधार आफूबाट थालौं । त्यो नै बढी व्यावहारिक हुन्छ । मैले पनि केन्द्राध्यक्ष भएर धेरै परीक्षा चलाएँ । यस क्रममा कठिनाईहरू आउँछन् । यो जिम्मेवारी चुनौतीपूर्ण हुन्छ । चुनौती सामना गरेरै समाधान खोज्नुपर्छ ।

**"राजनीतिक हस्तक्षेपले स्कूलमा नराम्रो असर पारेको छ । २२० दिन स्कूल सञ्चालन हुनुपर्ने हो । तर, अब त २० दिन पनि पढाइ नहोला जस्तो भइसक्यो ।"**



मेरो स्कूलमा नजिकका स्कूलको परीक्षा केन्द्र पर्दा त्यहाँका प्रअ र शिक्षकहरू परीक्षार्थीलाई लेख्न अवरोध हुनेगरी ८-१० जनाको समूहमा उनीहरू आउँछन् । त्यस्तो प्रवेशलाई रोक लगाउनुपर्छ । बाहिरबाट आउने दबाब र चुनौतीहरू सामना गर्न सक्ने व्यक्तिलाई मात्रै केन्द्राध्यक्ष राख्नुपर्छ ।

अभिभावकले पैसै खर्च गरेर आफ्ना छोराछोरीलाई जसरी पनि पास गराउन खोज्ने प्रवृत्ति रोकिनुपर्छ । वास्तवमा शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिकोणात्मक सम्बन्ध छ । त्यसैले यी तीनवटै पक्षमा जबसम्म हृदयदेखि नै सुधारको भावना आउँदैन तबसम्म परीक्षा राम्रो हुन सक्दैन । राजनीतिक हस्तक्षेपले स्कूलमा नराम्रो असर पारेको छ । २२० दिन स्कूल सञ्चालन हुनुपर्ने हो । तर, अब त २० दिन पनि पढाइ नहोला जस्तो भइसक्यो ।



रामनारायण साह

# रुनै मन लाग्छ

## महेन्द्र प्रसाद

**पूर्व प्र.अ., सर्लाही**



गत साल एसएलसी परीक्षा केन्द्रमा पुग्दा वास्तविक परीक्षार्थीले नै परीक्षा दिएको छ कि बाहिरका व्यक्तिले, यो छुट्याउनै गाह्रो थियो । सदरमुकाममै यस्तो भयावह अवस्था छ । अहिलेको सङ्क्रमणकालले तराईलाई त रुन् खत्तम बनाएको छ । चिटिङले तराईको शिक्षालाई १० वर्षपछि धकेलेको छ । रुनै मन लाग्ने अवस्था छ । चोरी गरेर पास हुन्छन् भने शिक्षकले किन पढाउने र विद्यार्थीले किन पढ्ने ? गाउँमा अहिले नेता बढी छन्, जनता कम छन् । कुनै विद्यार्थीलाई फेल गरियो भने विरोध भइहाल्छ । निजी स्कूलका प्रिन्सिपलले नै रु.१ लाखसम्म तिरेर केन्द्राध्यक्षलाई किन्ने अवस्था छ । यो साँचो कुरा हो । बढी पैसा निजी स्कूलहरूसँगै छ । निजी स्कूलको यो अवस्थालाई मात्र नियन्त्रण गर्न सकियो भने ५० प्रतिशत अनियमितता कम हुँदै जान्छ ।

# शिक्षक संवादः एसएलसी परीक्षा



"तराईका अभिभावकको शिक्षाप्रतिको सोचाइ काठमाडौंको भन्दा धेरै फरक छ। जसरी पनि प्रमाणपत्र चाहिन्छ भन्ने मनोविज्ञान त्यहाँका अभिभावकमा हुन्छ। त्यहाँ शिक्षाको महत्त्वलाई बिहे र दाइजोसँग जोडेर हेर्ने गरिन्छ। यसले गर्दा तराईमा समस्या देखिएको छ।"

## डा. विनयकुमार कुशियैत

**शिक्षाशास्त्र सङ्काय, त्रिवि**

अहिलेको परीक्षा प्रणाली आफैंमा दोषयुक्त छैन। त्यसलाई दोषयुक्त बनाउने अरू नै कारक तत्वहरू छन्। कुनै पनि 'सिस्टम' प्रभावकारी हुनका लागि 'इनपुट' र 'आउटपुट' को संरचना बलियो हुनुपर्छ। 'इनपुट'अन्तर्गत विद्यार्थी, शिक्षक र भौतिक साधनका कुराहरू पर्छन्। शैक्षिक उपलब्धिलाई चाहिँ 'आउटपुट'को रूपमा लिइन्छ। सिस्टममा स्कूलको कक्षाकोठा, शिक्षण विधि, पाठ्यक्रम, शिक्षकको उत्प्रेरणा, शिक्षण तालिम सबै कुराहरू पर्छन्। तर, यी कुराहरू नै कमजोर भए। यसैमा हामीले 'आउटपुट' खोज्यौं। कमजोर पद्धतिभित्र 'आउटपुट' खोजेर त्यसले सकारात्मक नतिजा दिन सक्दैन।

शैक्षिक प्रमाणपत्रका आधारमा रोजगारी खोज्ने प्रवृत्ति बढेको छ। गुणस्तरीयता भन्दा पनि प्रमाणपत्रलाई महत्त्व दिने गरिन्छ। यसले गर्दा जसरी पनि प्रमाणपत्र लिने प्रवृत्ति बढ्दो छ। उता तराईका अभिभावकको शिक्षाप्रतिको सोचाइ काठमाडौंको भन्दा धेरै फरक छ। जसरी पनि प्रमाणपत्र चाहिन्छ भन्ने मनोविज्ञान त्यहाँका अभिभावकमा हुन्छ। त्यहाँ शिक्षाको महत्त्वलाई बिहे र दाइजोसँग जोडेर हेर्ने गरिन्छ। यसले गर्दा पनि तराईमा समस्या देखिएको छ।



अम्बिकाप्रसाद रेग्मी

## अम्बिकाप्रसाद रेग्मी

**उपनियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय**

एसएलसी मात्रै होइन, सबै तहको परीक्षामा सुधार हुनुपर्छ। अन्य तहमा पनि अमर्यादित ढङ्गले परीक्षा भएको हामीले महसुस गरेका छौं। परीक्षामा चिटिङको रोग सबै क्षेत्र र तहमा सल्कँदो छ। सुधारको क्रम सबै तहसम्म पुऱ्याउन सकेमा मात्रै त्यो प्रभावकारी हुन्छ। एउटा सीमित निकाय, क्षेत्र वा समूहले उठाएर मात्रै सुधार सम्भव नहुने अवस्था छ। शैक्षिक निकाय, राजनीतिक नेतृत्व, शिक्षक सङ्गठन, विद्यार्थी सङ्गठन सञ्चारमाध्यमले सामूहिक प्रयास गर्नुपर्छ। सुधारको लागि सामूहिक प्रतिबद्धता जनाइनुपर्छ।

परीक्षा सञ्चालनका क्रममा गृह प्रशासनको भूमिका पनि निकै महत्त्वपूर्ण हुन्छ। जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको भूमिका हुन्छ। त्यसैले सुधारको सन्देश त्यहाँसम्म पुग्नुपर्छ। तराई क्षेत्रको एसएलसी परीक्षामा जुन किसिमको अनियमितता हुने गरेको छ, यसलाई सुधार गर्नेतर्फ पनिकाको प्रयास रहनेछ। त्यहाँ चिटिङसँगै अर्को व्यक्तिलाई परीक्षा लेख्न लगाउने प्रचलन बढ्दै गएको हामीले पाएका छौं। यो अत्यन्तै गम्भीर भएर सोच्नुपर्ने महत्त्वपूर्ण विषय हो।

एसएलसी परीक्षा सुधारको प्रयास एकैपटकमा सम्भव हुँदैन। माथेमा (केदारभक्त माथेमा, पूर्व उपकुलपति, त्रिवि) कार्यदलको प्रतिवेदनको सुझावलाई पनि हामी कार्यान्वयन गर्ने क्रममा छौं। कार्यदलकै सुझाव अनुसार, एसएलसी परीक्षामा कक्षा १० को पाठ्यक्रमबाट मात्रै प्रश्न सोध्न थालिएको छ। त्यसलाई सम्बोधन गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम परिवर्तन गरिसकेको छ। पारदर्शी किसिमको प्रश्न सोध्नुपर्ने सुझावलाई कार्यान्वयन गर्न ग्रिड अनुसार प्रश्नपत्र निर्माण गरिएको छ। एकैचोटि सुधार नदेखिएको हो, तर पनि सुधारका प्रयासहरू भइरहेका छन्।

**प्रस्तुतिः प्रमोद आयाम**


## मकालु यातायात बस सेवा

हेड आफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**


| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौंडाः ०४७-२०५३५।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

# बाल संसारका केही प्रकाशनहरू


## बनचरा



मूल्य रु. ५५/–

काठका तस्करहरू अपराधी हुन्, जो काठ चोर्ने अपराध गर्छन्। उनीहरू रुख काट्छन् र यसो गरेर जङ्गल मास्ने काम गर्दछन्। जङ्गल मासियो भने जीवजन्तु मासिन्छन्। प्राकृतिक वातावरण खल्बलिन्छ। अनि मानवसभ्यताको जग हल्लिन्छ। त्यसैले जन्म भयो बनचराको, जो एक्लो पहरेदार बन्यो जङ्गलको। नेपाली भाषामा 'कमिक्स' शैलीको पहिलो बालपुस्तक हो 'बनचरा'।


## माशाको पिराहा तकिया




मूल्य रु. ४०/–

सानी केटी माशालाई आफ्नो न्यानो र नरम ओछ्यान मन परेन। धेरै मानिसलाई आफूसित भएको कुरा मन पर्दैन। आफ्नो चीज नराम्रो लाग्छ। तर नराम्रो ठानेर आफ्नो चीजलाई मिल्काउँदैमा नभएको कुरा पाइँदैन। आफूसित भएको चीज पो आफ्नो हो। त्यसैले मानिसले आफ्नो चीजको गुन चिन्न सक्नुपर्छ। माशाले पनि आखिरमा आफ्नो ओछ्यानको गुन थाहा पाई। उसको जस्तो न्यानो र नरम ओछ्यान अरूको कहाँ हुनु!


## रूसी महावीरहरूको कथा



मूल्य रु. ५०/–

प्राचीन रूसी राज्यहरू कीभ र नोभगोरोदसित सम्बन्धित यी लोकगाथाहरूमा रूसी महावीरहरूको पराक्रम एवं वीरताको बखान पाइन्छ। खुँखार डाँकू मानवभक्षी दैत्य र उड्ने शक्ति भएको तीनटाउके अजिङ्गरहरूलाई परास्त गरी तिनको अत्याचारबाट रूसी जनतालाई मुक्ति दिने इल्या मुरोमेत्स, दोब्रीन्या निकीतिच र आल्योशा पोपोभिचजस्ता नायकहरूको पौरख कथा रमाइला र प्रेरणादायी छन्।


## नीला डल्फिनहरूको टापु



मूल्य रु. १०५/–

प्रशान्त महासागरमा अवस्थित ठूलो माछाजस्तो आकारको एउटा टापुमा कुनै समय आदिवासी इन्डियनहरू बस्थे। सन् १८३५ मा त्यहाँका पूरै बासिन्दा जहाज चढेर अन्यत्र बसाइँ सर्दा एउटी किशोरीचाहिँ टापुमा अलपत्र छाडिन गई। त्यसरी छाडिएकी त्यो केटी अठार वर्षसम्म त्यस निर्जन टापुमा अनेक दुःख र कष्ट झेल्दै एक्लै बस्न बाध्य भई। 'नीला डल्फिनहरूको टापु' कराना नामकी त्यस केटीले जिउँदो रहनका लागि गरेको अद्भुत सङ्घर्षको मर्मस्पर्शी कथा हो।

## जहाजी सिन्दबाद




मूल्य रु. ८०/–

'जहाजी सिन्दबादको कथा' विश्वप्रसिद्ध कथा शृङ्खला 'अरबका रातहरू' कै एउटा कडी हो। सिन्दबादका कथाहरूले विश्वसाहित्यमा एउटा छुट्टै र विशिष्ट स्थान ओगटेका छन्। सात–सात पटकको समुद्री यात्राको सिलसिलामा सिन्दबादले भोग्नुपरेका अनौठा र विस्मयकारी घटनाक्रमका बयान पढ्दा के वयस्क र के बालक सबैले रोमान्च र कौतुहलका साथै आनन्दको अनुभूति गर्दछन्।

**बाल संसार**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
फोन नं. ५५४२५४४/२१२०३२१

## यात्रा संस्मरण

कमल दीक्षित

# नेपाली भाषा–संस्कृति जोगाउने बर्मेली जुक्ति




**सरकारले भाषामा बन्देज लगाए पनि धर्ममा बन्देज नलगाएकाले नेपालीहरूले मन्दिरहरू धेरै बनाए र त्यहाँ धर्मशिक्षा दिने निहुँमा संस्कृत तथा नेपाली पठनपाठनलाई भित्र्याए। यसलाई म्यान्मा–निवासी नेपाली विद्वान् समाजसेवीहरूको निकै ठूलो सुझबुझ मान्नुपर्छ।**

यसपाला हिउँदे छुट्टीमा बर्मा (म्यान्मा) पुगियो। त्यहाँ माण्डलेमा पुग्दा आदरणीय ठाकुरप्रसाद गुरागाइँहरूले लोखूको गुरुकुल हेर्नैपर्छ भनेर कर गर्नुभयो र हामीले पनि जाने निधो गऱ्यौं। नत्र म्येन्योसम्म मात्र पुगेर घुमेर फर्कने कुरो थियो। गुरुकुल भनेकाले स्कूलै त होला नि भनेर पनि पैले लोखू जाने विचार हामीले त्यागेका थियौं। किनभने, म्येन्योबाट अरु ४० माइल बाटो छिचोलेर त्यहाँसम्म पुग्ने हाम्रो जाँगर पनि थिएन। तर लोखू नपुगेको भए हामीले म्यान्माका नेपालीहरूको हिम्मत र आँटको केही भेउ पाउने रहेन छौं।

भन्नलाई लोखू गुरुकुल भने पनि त्यसको पूरा नाम रहेछ- 'श्री रामेश्वर विद्यापीठ (परहित) धाम'। म्यान्मा सरकारले व्यापारिक (नाफामूलक) र सेवामूलक संस्थाहरू छुट्याउन 'परहित' भन्ने विशेषण जोड्न लगाउने हुनाले त्यो नाम रहेको थाहा भयो। झण्डै एक शताब्दीअघि बर्मा जस्तो विराट बौद्ध देशका लाखौं चैत्य, पेगोडा मन्दिरहरूका बीच एउटा पहाडी अनकन्टारमा, केही नेपाली बसोबास गर्ने क्षेत्र (लोखू)मा एउटा सानो हिन्दू मन्दिर स्थापना गरिएको रहेछ; रामेश्वर-धामका नामले शिव मन्दिर। बालब्रह्मचारी, मनोहर बाबाले स्थापना गरेको त्यो मन्दिरमा बिस्तारै बिस्तारै अरू नेपालीहरूले पनि भरथेग गर्दै आएपछि मन्दिरको महत्त्व बढ्दै गएछ। मन्दिरको ख्याति बढ्दै गएपछि सन् १९६० को दशकमा शिक्षाप्रेमी धर्मराज अधिकारी (डी.आर. शर्मा)को सक्रियतामा मन्दिर परिसरमै एउटा विद्यालय खोलिएछ। त्यहीँ भएछ यस गुरुकुल परिसरको बीजारोपण। डी.आर. शर्माले नेपाली बालबालिकाको शिक्षाका लागि बर्मा देशभरि नै ६० जति नेपाली विद्यालय स्थापना गरेका रहेछन्। तर, तीमध्ये अधिकांश सरकारीकरणमा परेपछि तिनले नेपाली परिचय गुमाउन पुगेछन्। त्यस्ता ३/४ ओटा विद्यालयको अस्तित्व जोगाउनका लागि धार्मिक शिक्षालय (गुरुकुल) बनाइएको रहेछ। पहिले जेनतेन चलेको सो गुरुकुल सन् १९६६ मा मोगोकबाट पं. कमलाकान्त अर्याललाई ल्याएर स्थापित गरेपछि संस्कृत शिक्षा अध्ययन-अध्यापनको प्रमुख थलो बनेको बुझियो। सन् १९६८ तिर आइलागेको अनिकालको बेलामा स्कूलको अस्तित्व नै सङ्कटमा परेको रहेछ। त्यसको निराकरणका लागि स्वामी देवानन्द (जीवलाल बाबा) ले अनेक भूभारत उठाई सरकारी सहयोग समेत लिई खाद्यान्नको 'पर्मिट' बनाई ल्याएछन् र विद्यालयको अस्तित्व जोगाइदिएका रहेछन्।




यो गुरुकुललाई म्यान्मा देशका अनेक दानवीर नेपालीहरूले आर्थिक सहायता गरेका छन्। तर पनि मोगोक र माण्डलेकाले विशेष भरथेग गरेको देखियो। कसैले स्कूलको भवन बनाइदिए, कसैले मन्दिर अनि अर्काथरीले छात्रावास र भान्छाघर। अरू अरू दाताका दानले गुरुभवन, सभाभवन, सन्त कुटी तथा अतिथि



शान्ता दीक्षित

गुरुकुलका शिक्षार्थी ।

भवनहरू विस्तारै थपिँदै गए । गुरुकुलसम्म आइपुग्ने सडक एकजना दाताले निर्माण गरिदिए । लक्ष्मीप्रसाद अर्यालको अग्रसरतामा स्कूलमा बिजुली-बत्ती बाल्ने ‘टर्बाइन’ समेत निर्माण भएछ सन् २००० तिर आइपुग्दा । ऐले गुरुकुलको स्वामित्वमा ३५ एकडभन्दा बढी जमिन छ । विद्यालयका संस्थापक डी.आर. शर्माको स्मृतिमा कृतज्ञतास्वरुप ‘शर्मा भवन’ निर्माण गरिएछ २००१ मा ।

सन् २००६ मा महेन्द्र संस्कृत विश्वविद्यालयबाट आचार्य उत्तीर्ण गरी म्यान्मा फर्केका युवा जोस र जाँगरका पं. गणेशप्रसाद मिश्र प्रधानाध्यापक भएपछि बदलिँदो परिस्थितितिर पनि ध्यान दिन थाल्यो गुरुकुल धामले । यसले आफ्नो जनसेवाको दायरालाई अरू फराकिलो बनाउँदै लग्यो । म्यान्मा देशका सबै संस्कृत गुरुकुलहरूबाट प्रथमा तह उत्तीर्ण विद्यार्थीहरूले अध्ययन गर्न सक्ने गरी धामलाई एक उच्च शिक्षा अध्यापन संस्थानको रूपमा विकसित गरिएछ । त्यतिले मात्र पुगेन । सन् २००७ मा त्यस गुरुकुलले म्यान्मा देशभरिका यस्तै संस्कृत गुरुकुलका पदाधिकारीहरूको सम्मेलन गरायो । समयानुसार आफ्ना क्रियाकलापमा परिमार्जन गर्नुपर्ने ठहर गरेछ सम्मेलनले । खासगरी, आफूहरूले वर्षौं लगाएर तयार पारेका केही ‘हिन्दू’ स्नातकहरू लाभको लोभमा बौद्ध भिक्षु बन्न पलायन भएको देखेपछि आफ्ना पाठ्यक्रमहरूमा केही आधुनिकीकरण गर्नुपर्ने बोध भएछ ती विद्वत् वर्गहरूलाई । अनि २००७ को जुन महिनामा गुरुकुलले एउटा पाठ्यक्रम गोष्ठी आयोजना गऱ्यो । त्यस गोष्ठीले गुरुकुलहरूको पाठ्यक्रम सुधार गऱ्यो । अहिले गोष्ठीले निर्धारण गरिदिएको पाठ्यप्रणाली अपनाएका छन् गुरुकुलहरूले । गोष्ठीकै निर्णयबमोजिम उच्च तहमा पढाइने पाठ्यक्रम पनि निर्धारित भएकाले सबै (म्यान्माका नेपाली) गुरुकुलहरूको पठनपाठनमा एकरुपता आएको छ ।

**एक शताब्दीअघिको नेपालको झलक पाइन्छ बर्मामा । उही पहाडे शैलीको भाका, उस्तै परिवेश । देशको अल्पसङ्ख्यक वर्गका भएर होला यहाँका नेपालीहरूमा एकता छ, नेपालमा आए जस्तो जातीय विभेद त्यहाँ देखिनँ मैले ।**

पाठ्यक्रमका अतिरिक्त गुरुकुलका विद्यार्थीहरूको व्यक्तित्व विकासको व्यवस्था र प्राध्यापकहरूको नियुक्ति व्यवस्थामा पनि नियमितता आएको बुझियो । यस्ता कुराहरूमा समयोचित परामर्श दिन गोष्ठीले एउटा प्राज्ञिक परिषद्को पनि परिकल्पना गरेछ । देशभरका (नेपाली) गुरुकुल सञ्चालन समितिहरू, संस्कृत स्नातक; सेवामण्डली, परीक्षा परिषद् र अन्य शिक्षासेवीहरूलाई सहभागी बनाई प्राज्ञिक परिषद् सङ्गठित भएको छ । सो अनुरुप २००७ जुलाईदेखि नै उच्चशिक्षा अध्यापन कार्य विधिवत् रूपमा प्रारम्भ भएछ । नयाँ पाठ्यक्रम लागू भए सँगसँगै विद्यार्थीहरूलाई अङ्ग्रेजी र कम्प्युटर शिक्षा प्रदान गर्ने कार्य पनि प्रारम्भ गरिएछ ।

यी सबै कुरा सुन्दा; थाहा पाउँदा म अत्यन्त प्रभावित भएँ । हुन पनि नेपालभन्दा धेरै टाढा, बिरानो मुलुकमा बसेर, त्यहींको रैथाने भए पनि नेपाली मूलका यी विद्वान्हरूले आफ्नो संस्कृति, भाषा, भेष नबिर्सेको देख्दा को प्रभावित नहोला ! एक शताब्दीअघिको नेपालको झलक पाइन्छ त्यहाँ । उही पहाडे शैलीको भाका, उस्तै परिवेश । आर्थिक अवस्था अवश्य सुध्रेको छ नेपालीहरूको; खेतीपाती पुरानै पाराका भए पनि व्यापार व्यवसायमा निकै उन्नति गरेका छन् धेरैले । देशको अल्पसङ्ख्यक वर्गका भएर होला यहाँका नेपालीहरूमा एकता छ, नेपालमा आए जस्तो जातीय विभेद त्यहाँ देखिनँ मैले । त्यसो त थोरै दिनको बसाइमा सबै कुरा थाहा नहुन पनि सक्छ ।

म्यान्माका नेपालीहरूको जनसङ्ख्यामा अधिकांश बाहुन समुदाय नै भएकाले होला त्यहाँ नामहरू सुन्दा ब्राम्हण थर गोत्रको प्रावल्य देखियो । भए पनि, प्रधान र राई, थापा र गुरुङ, कार्की र कटुवाल जस्ता थर पनि सुनिए त्यहाँ यदाकदा । यो लेख मुख्यत: शिक्षासँग सम्बन्धित भएकाले त्यतापट्टि बढी चर्चा नगरौँ । तर, शिक्षाको मात्र पनि कुरा गर्दा ‘धर्म’लाई छाड्न सकिने स्थिति रहेनछ म्यान्मा (बर्मा)मा । किनभने, शिक्षा क्षेत्रलाई सरकारीकरण गरेपछि स्वभावत: पठन-पाठन बर्मेली भाषामा मात्र सीमित गऱ्यो सरकारले । भाषामा बन्देज लगाए पनि धर्ममा बन्देज नलगाएकाले नेपालीहरूले मन्दिरहरू धेरै बनाए र त्यहाँ धर्मशिक्षा दिने निहुँमा संस्कृत तथा नेपाली पठनपाठनलाई भित्र्याए । यसलाई म्यान्मा-निवासी नेपाली विद्वान् समाजसेवीहरूको निकै ठूलो सुझबुझ मानिनुपर्छ । यत्ति नै भनेर टुङ्ग्याऊँ यो प्रकरण—म्यान्माका नेपाली गुरुकुलहरूको ।

नेपाल-अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# गोदावरी घुम्न जाँदा...



**वनस्पति उद्यानबाट ज्ञान आर्जन गर्ने हो भने भ्रमण गर्नुभन्दा पहिले केही तयारी गर्नु उचित हुन्छ । विशेष गरेर विद्यार्थी वर्गलाई अगुवाई गर्ने शिक्षकहरू पहिले आफैं सुसूचित हुनुपर्छ । वनभोज र मनमोजमा मात्र रमाएर फर्क्यौं भने वनस्पति उद्यानप्रति अन्याय हुन्छ ।**

फूल फुलाएर धर्ती नफुलेको भए अनि वनस्पतिमा हरियाली नछाएको भए यो संसारमा न वानर हुन्थे, न नरनारी । प्राणीजगत्को संरचना नै असम्भव हुन्थ्यो । सृष्टिको प्रारम्भ वनस्पतिबाटै शुरु भएको हुनुपर्छ । वनस्पतिजगत स्थापित भएपछि मात्र अरू प्राणीका लागि खाद्य पदार्थ तयार भयो । मानवसभ्यताकै कुरा गर्दा; हाम्रो गाँस, बास र वस्त्र अनि दाउरा, काठ र ऊर्जाका अरू स्रोत जस्तैः कोइला, मट्टीतेल र पेट्रोल पनि सबै वनस्पतिजगत्कै देन हो । हामीले खाने अन्न, सागपात, गुलियो, पिरो र मगमगाउँदो मसलासँगै चिया, कफी, मदिरालगायत पानी बाहेकका सबै पेयपदार्थ पनि वनस्पतिबाटै प्राप्त हुन्छन् । मांसहारी खुराकमा पर्ने माछा, मासु, अण्डा तथा लगाउने लत्ताकपडाका ऊन, रेशम, छालाका स्रोत प्राणीहरू पनि वनस्पतिमा नै आश्रित हुन्छन् । अरू त अरू; हाम्रो प्राणवायु अक्सिजन (Oxygen) को अनन्त धारासमेत वनस्पतिका हरिया पातबाटै वायुमण्डलमा प्रवाह हुन्छ । विना वनस्पति त यो धर्ती र त्यो आकाश निस्सासिन्छ । त्यही वायुमण्डल प्रदूषणका कारण मानव-सभ्यताको सङ्कटको रूपमा देखिएको पृथ्वी सतहको अप्रत्यासित तापमान वृद्धि वनस्पतिप्रति मानव-अपराधको एक परिणति हो । यी सबै कारणले गर्दा वनस्पतिजगत्सँग अपरिचित रहनु मूढ जीवनको परिचायक बन्न पुग्छ । यही पृष्ठभूमिमा; वनस्पति उद्यानको भ्रमण गरेर जानकारी बटुल्नु पनि सान्दर्भिक हुन्छ, हाम्रो शिक्षा आर्जनको सिलसिलामा ।

वनस्पति उद्यानलाई परिभाषित गरिहाल्नुभन्दा पहिले आफ्नै फूलबारी, बगैंचा, शहरी पार्क वा अन्य कुञ्ज-निकुञ्जको प्रसङ्ग पनि बिर्सनुहुँदैन । पञ्चवटी, चित्रकूट, अशोकवाटिका तथा वृन्दावनका मनमोहक दृश्यलाई पौराणिक शास्त्रहरूले हाम्रो मानसपटलमा स्थापित गरिदिएका छन् । कमलको फूलबाटै ब्रम्हाको सृष्टि हुन्छ । कमलकै बीचमा अवतरण हुन्छन् स्वयम्भू पनि । हाम्रो कुनै पनि धर्म, कर्म र संस्कारको थालनी फूलबाटै हुन्छ । पृथ्वीनारायण शाहले नेपाल राष्ट्रलाई फूलबारीकै रूपमा परिभाषित गरे । शाह राज्यको अन्त्यपछि रचित राष्ट्रिय गान पनि फूलकै थुँगामा गाँसिएको छः

*"सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली*
*सार्वभौम भई फैलिएका, मेची महाकाली..."*

*-कवि व्याकुल माइला*

वनस्पति उद्यानहरू औपचारिक संस्थाका रूपमा स्थापित भएका हुन्छन् । सोख वा साम्राज्यले स्थापित गरेका विशाल बगैंचा, वाग वा फूलबारीहरूभन्दा वनस्पति उद्यान भिन्न हुन्छ । सामान्यतया वनस्पति उद्यानमा बिरुवाहरू नामाङ्कित हुन्छन् । तिनमा अक्सर लैटिन भाषामा राखिएको वैज्ञानिक नाम टाँसिएको हुन्छ । उद्यानका बिरुवाहरूको विधिवत् अभिलेख पनि राखिएको हुन्छ । वनस्पति विषयक ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, सम्बर्द्धन र विकाससँग बिरुवाहरूको सञ्चय गाँसिएको हुन्छ । यसो भन्दैमा; वनस्पति उद्यान वैज्ञानिकहरूको प्रयोगशाला र अनुसन्धानको क्रीडास्थल मात्रै पनि होइन । वस्तुतः आम जनसाधारणका लागि मनोरञ्जनको साधन, शिक्षा र चेतनाको स्रोत तथा प्रकृतिसँग प्रत्यक्ष साक्षात्कार गर्ने थलोको रूपमा पनि वनस्पति उद्यानहरू स्थापित भएका हुन्छन् । विश्वभरिका वनस्पति उद्यानहरूको इतिहास केलाउने हो भने तिनको पालन, पोषण र दिगोपन जनसमर्थनबाटै जुटेको हुन्छ ।

विश्वका प्रायः हरेक राष्ट्रले आ-आफ्ना राष्ट्रिय उद्यानको पहिचान कायम गरेको पाइन्छ । नेपालको राष्ट्रिय वनस्पति उद्यान ललितपुर जिल्लाको गोदावरीमा



**जडिबुटी उद्यानमा फुलेको यो जमाने मान्द्रो (Mahonia napaulensis) वसन्त ऋतुको पहिलो किरण हो ।**

अवस्थित छ । विक्रम सम्वत् २०१८ साल कात्तिक १२ गते यसको उद्घाटन तत्कालीन राजा महेन्द्रबाट भएपछि यसलाई 'शाही वनस्पति उद्यान' नामकरण गरियो । हालको परिवर्तित सन्दर्भमा यसले नेपालको राष्ट्रिय वनस्पति उद्यानको भूमिका वहन गर्दैछ ।

काठमाडौं शहरको घना बस्ती र अस्तव्यस्त वातावरणबाट करिब २० किलोमिटरको यात्रा तय गरेपछि दक्षिणतिर फुल्चोकी पहाड (२,७१५ मिटर) को फेदीमा लगभग १,५०० देखि २,००० मिटरको उचाइमा फैलिएको ८२ हेक्टरको भू-भाग प्राकृतिक हरियालीभित्र जडिएको एक फूलबारी हो । यहाँको प्राकृतिक वनजङ्गल बाह्रै महिना हरियो हुन्छ । यहाँ पानीको पनि अभाव छैन । ओसिलो ठाउँमा उत्तिसका वृक्ष र पारिलो घाम लाग्ने पाखामा सल्लाका वन र मझौला ठाउँमा कटुस र चिलौनेका बोटहरू फस्टाएका छन् । ऐंसेलु, चुत्रो र काफल गोदावरीमा निकै लोकप्रिय छ । यहाँको वातावरणमा ५७५ प्रजातिका पुष्प र २९० प्रजातिका पक्षीहरू भेटिएका छन् । पक्षी धनको यो राशीलाई जापान, बेलायत वा फ्रान्सको पूरै राष्ट्रिय पक्षी गणनाले पनि भेट्दैन । यसैगरी पुतलीको वैभवमा २५० प्रजातिको अभिलेख पनि निकै उत्साहपूर्ण छ । प्रकृतिका तीन प्रमुख आकर्षणहरू– पुष्प, पुतली र पक्षीको अनुपम भण्डार हो गोदावरीस्थित राष्ट्रिय वनस्पति उद्यान ।

वनस्पति उद्यानबाट ज्ञान आर्जन गर्ने हो भने त्यहाँ भ्रमण गर्नुभन्दा पहिले केही पूर्व तयारी गर्नु उचित हुन्छ । विशेष गरेर विद्यार्थी वर्गलाई अगुवाई गर्ने शिक्षकहरू पहिले आफैं सुसूचित हुनुपर्छ । विभिन्न प्रकाशनहरू विशेष गरेर उद्यानले प्रकाशित गरेका पुस्तक, पुस्तिका र ब्रोसरहरूको अध्ययन गरेर विद्यार्थी वर्गलाई अग्रिम रूपमा त्यसको जानकारी उपलब्ध गराउनु लाभप्रद हुन्छ । केही आधारभूत जानकारीसहित विद्यार्थी वर्गलाई त्यहाँ अवलोकन गराउन सक्यौं भने हामीले विद्यार्थी भाइबहिनीसँग काँधमा काँध मिलाएर प्रकृतिबाट केही सिक्छौं, केही नयाँ अनुभूति बटुल्छौं । बालबालिकाहरूको ताजा मस्तिष्क र कौतुहलपूर्ण अभिलाषालाई प्रकृतिको सौन्दर्यले सिंगारेर घर फर्काउन समर्थन पनि हुन्छौं । वनभोज र मनमोजमा मात्र रमाएर फर्क्यौं भने वनस्पति उद्यानप्रति अन्याय हुन्छ ।


गोदावरी उद्यानको मूलद्वारमा अवस्थित सूचना केन्द्रभित्र करिब आधा घण्टा बिताएमा नेपालको वनस्पति वैभवको एक सानो सङ्ग्रहालय (म्युजियम) त्यहाँ भेटिन्छ । नेपालको वानस्पतिक परिचय र त्यस विषयका अनुसन्धान र विकासको इतिहास त्यहाँ झल्किन्छ । गोदावरीको पुष्पधन मात्र होइन पुतली र पक्षीको पनि त्यहाँ सामान्य जानकारी पाउन सक्छौं । भ्रमणका बेला त्यहाँका बासिन्दा अर्थात् पुतली र चराचुरुङ्गीसँग पनि बगैंचाभित्र साक्षात्कार हुनसक्यो भने त त्यसको आनन्द नै बेग्लै हुन्छ ।

विश्वमा वनस्पति उद्यानको विधिवत् सुरुआत जडिबुटीको सजिव सङ्कलनबाट प्रारम्भ भएको मानिन्छ । जडिबुटी उद्यान (Physic Garden) विनाको वनस्पति उद्यान अधुरो र अपुरो देखिन्छ । हाम्रो उद्यानमा भोट प्रदेशका सोमलता (Ephedra) देखि तराई-मधेशका

**हरितगृहभित्र हुर्कंदै उष्ण प्रदेशीय वनस्पतिहरू ।**



**गुनकेशरीको फूलः आदिकवि भानुभक्तको प्रशंसामा कान्तिपुरी नगरीको शोभा पनि हो यो ।**



**क्याक्टसः काँडाको संसार !**



तस्बिरहरूः मीररत्न बज्राचार्य





**गोदावरीमा ५७५ प्रजातिका पुष्प र २९० प्रजातिका पक्षीहरू भेटिएका छन् । पक्षी धनको यो राशीलाई जापान, बेलायत वा फ्रान्सको पूरै राष्ट्रिय पक्षी गणनाले पनि भेट्दैन ।**

**गोदावरीको 'अर्किड हाउस' मा *सिम्बिडियम* प्रजातिको सुनगाभा ।**

सर्पगन्धासम्मका बिरुवा भेटिएका । सोमलता चीनमा ५००० वर्ष पहिलेदेखि औषधिको रूपमा प्रयोग हुँदै आएको छ भने नेपाल, भारततिर आयुर्वेदमा सोमलता र सर्पगन्धाले त्यस्तै हजारौं वर्षको इतिहास बोकेको छ ।

नेपाल जडिबुटीको धनी राष्ट्रमध्येमा पर्छ । उच्च लेकाली भेगका यार्सागुम्बा, कुट्की र जटामसीलगायत ७०० प्रजातिका जडिबुटी नेपालमा पहिचान भइसकेका छन् । अरु हाम्रा वैद्य, धामी, झाँक्री, बिजुवा, आम्ची, लामा र गुरुबाहरूले प्रयोग गर्ने जति सबै जडिबुटी सबैलाई समेट्ने हो भने त्यो सङ्ख्या बढेर १७०० नाघ्न खोज्छ । त्यसैले हाम्रा प्रत्येक जिल्लामा वनस्पति उद्यान वा जडिबुटी उद्यान सञ्चालन गर्न कुनै समस्या पर्दैन ।

नेपालको राष्ट्रिय वनस्पति उद्यानका धेरै आकर्षणहरू छन् । तीमध्ये रूख उन्यू (Tree Fern) को विशेष उल्लेख गर्नु आवश्यक छ । तीन/चार मिटरको अग्लो खाँबोमा छाता झैं फैलिएका पात निकै शोभायमान हुन्छन् । यो उन्यू उद्यान (Fern Garden) मा अरू सयौं प्रजातिका स-साना कदका उन्यू विभिन्न वान्कीका आकर्षक पातमा सजिएको पाउँछौं । उन्यूमा फूल फुल्दैन । पातको पछाडि विभिन्न आकारमा स-साना टीकाहरू भेटिन्छन् । तिनमा बिजन पदार्थ (Spores) उत्पादन हुन्छ । लगभग १४ करोड वर्ष पहिले यस पृथ्वीका बिरुवामा फूल फुल्दैनथे । त्यो संसार उन्यूको संसार थियो । त्यहाँ स्तनधारी प्राणी पनि अस्तित्वमा आइसकेको थिएन । डाइनोसर्स जस्ता भीमकाय जन्तुहरूको बिगबिगी उन्यूकै कालखण्डमा भएको पुष्टि भएको छ ।

गोदावरी उद्यानको अर्को पाटोमा पानीको फोहोरा सहित मौसम अनुसारका रङ्गीचङ्गी फूलका बिरुवाहरूको ब्याड देखिन्छ । त्यहीं माथितिर केही सीसाघर (Glass house) छन् र तिनलाई (Green house) पनि भनिन्छ । यस्तो न्यानो घरभित्र उष्ण क्षेत्रका बिरुवा उमारिन्छन् । यी होचा सीसाघरभित्र मूलत: क्याक्टस (Cactus) जातिका बिरुवा राखिन्छन् । यी बिरुवा सुख्खा मरुभूमिका निम्ति सृष्टि भएको बुझिन्छ । यिनको बनोट र वान्की ज्यादै कलात्मक हुन्छ । यी बिरुवामा अक्सर पात हुँदैन तर यिनको पूर्ण शरीरै हरियो हुन्छ र त्यसले नै पातको काम सम्पादन गर्छ । भित्री भाग ज्यादै कोमल र रसिलो हुन्छ । बाहिरी अङ्ग-प्रत्यङ्गहरू भने काँडैकाँडाले सजिएको हुन्छ । वास्तवमा काँडाको संसार रच्नमा क्याक्टसलाई कसैले भेट्दैन । हाम्रा हात्तीकाने, सिउँडी र घ्यूकुमारीहरू त्यसका उदाहरण हुन् । क्याक्टसमा राम्रा राम्रा फूल पनि फुल्दछन् तर क्याक्टसप्रेमीहरूको प्रेम क्याक्टसको शारीरिक बनोटमा रहेको अचम्म अचम्मको शिल्पीकलामा बसेको हुन्छ । विश्वका धेरैजसो वनस्पति उद्यानमा क्याक्टस बिरुवाले विशेष स्थान ओगटेको हुन्छ ।

वनस्पति उद्यानको अर्को महत्त्वपूर्ण आकर्षण सुनगाभा र सुनाखरीको समूहले थेगेको हुन्छ । हावा खेल्ने गमलामा झुण्ड्याई राखिएका यस्ता सुनाखरीलाई अर्किड (Orchid) भनिन्छ । नेपालमा ३५० भन्दा बढी प्रजातिका अर्किडहरू पाइन्छन् । तीमध्ये उष्ण क्षेत्रमा रूखका हाँगा र टोड्कामा बुई चढेर यस्ता बिरुवाहरू जीवन बिताउँछन् । हावाबाटै मलजल लिन्छन् तर आफूलाई आश्रय दिने बिरुवालाई केही हानि पुऱ्याउँदैनन् । सुनगाभाका फूल उत्ति नै रोमाञ्चकारी तरिकाले निर्मित हुन्छन् र आ-आफ्ना मनपर्ने माहुरी,

**गोदावरी डुल्दा जुकासँग भने होसियार हुनुपर्छ । यसले रगत चुसेको थाहै पाउँदैनौं । डाक्टरले शल्यक्रिया गर्दा नदुख्ने औषधि दले झैं यसले पनि हाम्रो छालामा पहिले त्यस्तै रसायन दलिदिन्छ । जुका लाग्ने ठाउँ प्रदूषणरहित र शुद्ध वातावरणको द्योतक पनि हो ।**

बारुला र अरू कीटपतङ्गलाई आकर्षित गर्न यिनको पुष्प सज्जाको विचित्रता नै यिनका विशेषता हुन् । अर्किड हाउस घुम्ने विद्यार्थीले यस्ता फूलका आकृतिलाई नियालेर हेरेमा प्रकृतिको रहस्य बुझ्न सजिलो हुन्छ । विना अर्किडको वनस्पति उद्यान पनि अधुरो मानिन्छ । यस मानेमा नेपाल अर्किड वैभवले सम्पन्न राष्ट्र भएकाले अर्किड हाउसलाई विशेष प्राथमिकता दिइँदै आएको छ ।

लसुन, वन लसुन, प्याज, जिम्बु जस्ता बिरुवाहरू लिली (Lily) प्रजातिमा पर्दछन् । गुनकेशरी र सुगन्धराज पनि यही परिवारभित्रको बिरुवा हो । लिली बिरुवाहरूको फूलमा स्वच्छ सेतो खालको फूलले प्रख्याति पाउँछन् । नेपालको रैथाने *नेपलिज लिली* को सेतो, सफा वा अलिकति पहेंलो फाले कमलो देखिने पुष्प तरेलीभित्र चकलेट रङ्गले पोतिएको घाँटी हुन्छ । अरू लिलीका बीच यिनको छुट्टै पहिचान छ ।

युरोप, अमेरिकातिर वनस्पति उद्यानको प्रमुख आकर्षणको रूपमा विभिन्न प्रकारका बडेमाका सीसा घरहरू हुन्छन् । लण्डनको क्यू (Kew) बगैंचामा रहेको पाल्म हाउस (Palm house) ले विशेष ख्याति प्राप्त गरेको छ । तर, सिङ्गापुर वनस्पति उद्यानमा पाल्म अर्थात् हाम्रो ताडी प्रजातिको बाहुल्य नै उद्यानको विशेषता हुन्छ । उष्ण प्रदेश भएकाले प्राकृतिक रूपमा नै ताडी जाति प्रजाति यत्तिकै फस्टाउँछ । युरोप, अमेरिका, जापानका बगैंचामा सीसाघरभित्र कृत्रिम रूपमा उष्ण वातावरण सिर्जना गर्ने चलन छ । गोदावरी उद्यानमा पनि यस्तै उष्णगृह (Tropical house) भित्र पसेर आँप, लिची, श्रीखण्डलगायत अनेकौं बिरुवाहरू हेर्न पाउँछौं ।

पाषाण वाग (Rock Garden) चीन, जापान र युरोपको विशेषता हो । प्राकृत रूपमा हावापानीले खियाएर ठाउँठाउँमा काइ लागेका वा झ्याउले ढाकेका विभिन्न आकृतिका ढुङ्गाका बीचबीचमा घाँस बिरुवा हुर्काएर कलात्मक भू-आकृति पैदा हुन्छ । गोदावरी बगैंचामा यस्ता ढुङ्गाका अगलबगलमा सिउँडी, केतुकी जस्ता बिरुवाले प्रधानता पाएका छन् । वास्तवमा बगैंचाभित्र कलात्मक ढुङ्गा सजाउनमा जापानीहरूलाई कसैले भेट्दैन । गोदावरी उद्यानमा पनि एक साधारण जापानी शैलीको बगैंचा हेर्न सकिन्छ । एसियाका बगैंचा विशेषमा चीन र जापानले उद्यानको भू-आकृतिलाई फूलबारीको रङ्ग, हरियालीको पृष्ठभूमि, विभिन्न बान्कीका ढुङ्गा र जलाशयको कलात्मक अभिन्यासले सिर्जेको एक प्रस्तर चित्र झैं मोज्याक (Mosaic) को रूपमा प्रस्तुत गर्दछन् । पश्चिम एसिया तथा पाकिस्तान, भारत, अफगानिस्तानतिर भने 'मुगल वाग' ले बेग्लै विन्यासमा बगैंचाको भू-आकृतिलाई सजाइन्छ । मुगल शैलीको बगैंचा जस्तै भारतको ताजमहल वा राष्ट्रपति भवनका बगैंचा हेर्दा कुनै ज्यामितिका गुरुले बनाएको नक्सा वा कुनै इञ्जिनियरले कोरेको डिजाइन जस्तो सममिताकार (Symmetrical) बान्कीमा देखा पर्दछन् ।



गोदावरीमा जलउद्यानले राम्रो स्थान पाउन सकेको छैन । फलस्वरुप अरू वनस्पति उद्यानमा देखिने कमलका फूल र विशेष गरेर भिक्टोरिया कमलको अभाव खट्किन जान्छ । यसको पात विशाल थालको रूपमा पानीमाथि तैरेको देख्न आगन्तुकहरू आतुर हुन्छन् । किनभने वनस्पतिजगत्मा त्यत्रो ठूलो पात (दुई मिटर व्यास) अरू बिरुवामा हुँदैन ।

गोदावरी उद्यानको हरियाली नै यसको सबभन्दा ठूलो आकर्षण हो र त्यहाँ ठाउँठाउँ स्थापना गरेका विश्रामगृहहरू; जस्तै मनासलु हाउस, समर हाउस, स्टार हाउस, मून हाउस आदिमा बसेर हिमाल र हरियाली एकैपल्ट चियाउन सकिन्छ । त्यसका साथै चराचुरुङ्गीका गीत र झ्याउँकिरीको झ्याउँझ्याउँ पनि उत्तिकै कर्णप्रिय हुन्छ । वास्तवमा एउटा जाबो फट्याङ्ग्रा (झ्याउँकिरी) ले वनै थर्काउने आवाज निकाल्छ । त्यसले आफ्ना स-साना दुई वटा पँखेटा अति तीव्र गतिमा फड्कारेर विचित्रसँग आवाज निकाल्दछ । पोथी बोलाउनकै लागि त्यसले त्यत्रो आवाज किन निकाल्नु पऱ्यो; दैवले नै जानोस् !

गोदावरी डुल्दा जुकासँग भने होसियार हुनुपर्छ । ओसिलो ठाउँमा जुका लाग्छ । यसले रगत चुसेको थाहै पाउँदैनौं । डाक्टरले शल्यक्रिया गर्दा नदुख्ने औषधि दले झैं यसले पनि हाम्रो छालामा पहिले त्यस्तै रसायन दलिदिन्छ । त्यही रसायनले गर्दा रगत पनि हतपत टालिँदैन । यस विचित्रको प्राणीले टोकेर घाउ बनाए तापनि रोग-व्याध, हानि-नोक्सानी भने हुँदैन । घाउ फोहोर गऱ्यो भने त पाक्छ पनि । जुका लाग्ने ठाउँ प्रदूषणरहित र शुद्ध वातावरणको द्योतक पनि हो ।

वनस्पति उद्यान अध्ययन र अनुसन्धानको पनि केन्द्र हो । त्यहाँ राष्ट्रिय वनस्पति सङ्ग्रहालय (Herbarium) तथा अरू धेरै प्रयोगशालाहरू छन् । आवश्यक परेमा तिनबाट पनि लाभान्वित हुन सकिन्छ । तर, खुल्ला आकाशमुनिको फूलबारी र बगैंचाबाटै सन्तुष्टि लिन सक्नु झनै राम्रो हुन्छ ।

**डायनोसर्स (Dinosaurs) युगदेखि आजसम्म पनि रूख उन्यू पृथ्वीमा जीवितै छ । तर, अब चाहिँ मानव अतिक्रमणका कारण यसको अस्तित्व पनि सङ्कटमा परेको छ ।**

ध्रुव सिम्खडा

# सबैले सम्झन्छन्

**एसएलसी नतिजा ७०-८० प्रतिशतबाट ३०-४० प्रतिशतमा झरेको र अङ्ग्रेजीमा धेरै विद्यार्थी अनुत्तीर्ण भएपछि फेरि 'ट्रान्सलेशन' पढाउन/गराउन शुरु गरेको स्मरण गर्दै ढुङ्गाना भन्नुहुन्छ, "कोर्षमा नभए पनि 'ट्रान्सलेशन' शुरु गरेपछि फेरि नतिजा पुरानै अवस्थामा पुऱ्याउन सफल भयौँ।"**

*माझीदाइले जुनीभरि डुङ्गा तारिरहे*
*अरूलाई तार्दातार्दै आफू वारि रहे।*

अङ्ग्रेजीका कुरा आउनासाथ आज पनि म वृन्दावन सरलाई सम्झिन पुग्छु। बाइस-तेइस वर्षअघि लैनचौरस्थित शान्ति विद्यागृह माध्यमिक विद्यालयमा म उहाँको विद्यार्थी थिएँ। पढाउँदा-पढाउँदा *प्रोज, पोयट्री, पायनियर्स अफ् प्रोग्रेस, वन्डर बुक, लिभिङ इङ्गलिश स्ट्रक्चर, नेशफिल्ड ग्रामर* आदि थुप्रै किताबहरू उहाँलाई कण्ठ थिए। तैपनि उहाँले हामीलाई कण्ठ गर्न र घोक्न कहिल्यै दबाब दिनुभएन।

उहाँको पढाउने शैली बडो गजबको थियो। ग्रामर पढाउँदा नियम बताएर धेरै गृहकार्य गर्न लगाउने र प्यासेज/पाठ पढाउँदा पहिले आफूले पढिदिने अनि विद्यार्थीलाई पढ्न लगाउने; त्यसमा रहेका अप्ठेरा शब्दहरू टिप्न र तिनलाई वाक्य बनाउन लगाउने गर्नुहुन्थ्यो। फेरि दुई तीन पटक पाठ पढ्न लगाएर हरेक अनुच्छेदबाट छोटा छोटा प्रश्नहरू बनाएर तिनको उत्तर खोज्न लगाउनुहुन्थ्यो। त्यति गरिसकेपछि त अङ्ग्रेजीका पाठै कण्ठ हुन्थे। जहाँबाट प्रश्न सोधे पनि खुरुरु लेख्न सकिन्थ्यो।

उहाँले *पि.सि.रेन कम्पोजिशन* का *शर्ट स्टोरिज* (लघु कथा) पढाउँदा झनै आनन्द आउँथ्यो। अपूरो शब्द कालोपाटीमा लेखिदिने अनि त्यसका आधारमा कथा पूरा गर्न लगाउनुहुन्थ्यो। ४०-४५ जना विद्यार्थी आ-आफ्नै शैलीमा कथा बुन्थे। कथा लेखिसकेपछि पुछारमा त्यसको सार झल्काउने उखान टुक्का लेख्नै पर्थ्यो। कथासित मिल्ने र शिक्षाप्रद उखान टुक्का चाहिँ प्रायः उहाँले नै सुझाइदिनुहुन्थ्यो। त्यसरी अङ्ग्रेजी पढाउने वृन्दावन सरलाई म मात्रै होइन उहाँका अरु पनि धेरै विद्यार्थीले सम्झँदा रहेछन्। सूचना विभागका महानिर्देशक श्रीधर गौतम उहाँले नै आफूलाई अङ्ग्रेजी बुझ्न र लेख्न सक्ने बनाएको बताउँछन्। गौतम भन्छन्, "उहाँ अङ्ग्रेजीको सारै राम्रो शिक्षक हुनुहुन्छ। उहाँकै कारण हामीले कलेजमा अङ्ग्रेजी माध्यमका स्कूलबाट आएका विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्न सक्यौँ।"

पूर्व शिक्षा मन्त्री तथा काङ्ग्रेस प्रवक्ता अर्जुननरसिंह के.सी., पूर्व प्रहरी महानिरीक्षक श्यामभक्त थापा, नेपाली सेनाका जर्नेल आदित्यबहादुर शाह, राष्ट्र ब्याङ्कका निवर्तमान गभर्नर विजयनाथ भट्टराई, त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका प्रा.डा. महेश खकुरेल, पूर्व महालेखा परीक्षक बच्चुराम दाहाल, कलाकार सन्तोष पन्तलगायत उहाँले पढाएका धेरै विद्यार्थी आज राष्ट्रको विशिष्ट हैसियतमा पुगेका छन्। यीमध्ये धेरैको नजरमा वृन्दावन सर एउटा असल र गतिलो गुरुको रूपमा रहनुभएको छ। लामो शिक्षक जीवनमा वृन्दावनप्रसाद ढुङ्गाना कहिल्यै पनि विद्यालयको प्रधानाध्यापक हुनुभएन। त्रिचन्द्र कलेजबाट आई.ए. गर्नुभएका सरले पढाउन थाल्दा मासिक रु.२५ तलब पाउनुहुन्थ्यो भने अवकाश हुने बेलामा रु.४५०। उहाँका विद्यार्थीले उहाँमा कहिल्यै पनि निराशा र असन्तुष्टिको भाव देख्न पाएनन्।

उहाँ सामान्य शिक्षक मात्रै भएर पनि किन यति धेरै विद्यार्थीको मन-मस्तिष्कमा छाइरहनुभयो त? त्यसको मूल कारण उहाँको नरिसाउने स्वभाव र हँसिलो पाराले पढाउने शैली हो भन्ने मेरो ठम्याइ छ। ४६ वर्षअघि शान्ति विद्यागृहबाट एसएलसी गरेका पूर्व शिक्षामन्त्री तथा काङ्ग्रेस प्रवक्ता के.सी. वृन्दावन सरलाई राणाशासनको बेला स्कूल खोलेर शिक्षाको ज्योति छर्ने एक अग्रज समाज सुधारकको रूपमा पनि सम्मान गरिनुपर्ने ठान्छन्।

विद्यार्थीलाई उहाँको अङ्ग्रेजी पढाउने शैली मात्र मनमोहक लाग्दैनथ्यो, उहाँको सुन्दरता र नरम मिजासले पनि आकर्षित गर्दथ्यो। पूर्व प्रहरी महानिरीक्षक थापाको अनुभवमा गल्ती गर्ने विद्यार्थीसँग पनि उहाँ नरम बोल्नुहुन्थ्यो। त्यस्तालाई पनि फकाएरै पढाउनुहुन्थ्यो। हुन पनि उहाँ जत्ति आदर्श हुनुहुन्छ त्यत्ति नै ह्याण्डसम पनि। उहाँ बेलुकीपख घुम्न निस्कँदा पनि ढाकाटोपी, दौरा-सुरुवाल र खैरो कोटमा

सजिएर निस्कनुहुन्थ्यो । करिब एक वर्षअघिसम्म पनि म उहाँलाई बेलुकीपख गल्कोपाखादेखि राष्ट्रिय नाचघरसम्म डुलिरहेको पाउँथें । तर आजभोलि शारीरिक अस्वस्थताका कारण लैनचौरभन्दा पर घुम्न छोड्नुभएको छ ।

८४ वर्षअघि काठमाडौंमा जन्मिनुभएका वृन्दावन सरको प्रारम्भिक पढाइ घरैमा भएको थियो भने माध्यमिक तहको पढाइ भारतको सीतामढी हाईस्कूलमा । सीतामढीमा पढ्दा उहाँका सहपाठी थिए काङ्ग्रेस नेता रामहरि जोशी । जोशीका अनुसार वृन्दावन सर पढाइमा मध्यम खालको हुनुहुन्थ्यो । तर, फूटबलका भने राम्रा स्कोरर ! खेलकुदका बारेमा जिज्ञाशा राख्दा वृन्दावन सरको जवाफ थियो, "राम्रो फूटबल खेलेकोमा दरभङ्गाका महाराजाबाट किताब, कपसहितको पुरस्कार पाएको थिएँ ।" स्कूलमा खेलकुद अनिवार्य गर्न सके त्यसबाट भावी पुस्ताको स्वास्थ्य र ज्ञान दुवैमा सकारात्मक प्रभाव पर्ने उहाँको बुझाइ छ ।

२०२८ सालमा नयाँ शिक्षा लागू भएपछि अनुवाद (ट्रान्सलेशन) कोर्षबाट हटाइयो । त्यसले गर्दा आफ्नो स्कूलको एसएलसी नतिजा ७०-८० प्रतिशतबाट ३०-४० प्रतिशतमा झरेको; अङ्ग्रेजीमा धेरै विद्यार्थी अनुत्तीर्ण भएपछि फेरि 'ट्रान्सलेशन' पढाउन/गराउन शुरु गरेको स्मरण गर्दै ढुङ्गाना भन्नुहुन्छ, "कोर्षमा नभए पनि 'ट्रान्सलेशन' शुरु गरेपछि फेरि नतिजा पुरानै अवस्थामा पुऱ्याउन सफल भयौं ।" तर, आजभोलि अङ्ग्रेजी कक्षामा 'ट्रान्सलेशन' गराइँदैन । अनुच्छेद दिएर त्यसको मुन्तिर प्रश्न मात्र सोध्ने परिपाटीले सार्वजनिक स्कूलका विद्यार्थी अङ्ग्रेजीमा कमजोर बनेको उहाँ बताउनुहुन्छ ।

अझ विद्यार्थीलाई सचित्र पढाउन सके धेरै फाइदा हुने वृन्दावन सरको अनुभव छ । यस सम्बन्धमा उहाँले आफ्नो अनुभव यसरी सुनाउनुभयो, "एकसाल मलाई १० कक्षाबाट दुई कक्षामा अङ्ग्रेजी पढाउन पठाइयो । दुई कक्षामा पसेपछि मैले साना विद्यार्थीलाई चित्र कोरेर अङ्ग्रेजी पढाउन थालें । केही महिनामै दुई कक्षाका विद्यार्थी सात कक्षाको अङ्ग्रेजी मज्जाले पढ्न सक्ने भए । त्यसपछि स्कूलले त्यसैगरी पढाउन प्रोत्साहन गऱ्यो । तर अहिले त्यस्तो केही भए जस्तो लाग्दैन ।"

नयाँ र पुरानो दुवै शिक्षा प्रणालीमा शिक्षण अनुभव सँगालेका वृन्दावन सर शिक्षालाई 'नयाँ' र 'पुरानो' भनी वर्गीकरण गर्नु उचित नहुने विचार राख्नुहुन्छ । समयअनुसार पाठ्यपुस्तकहरू निर्माण र सुधार हुँदै जान्छन् । त्यही अनुसार शिक्षण शैली पनि अपनाउनुपर्ने हुन्छ । गुरुकुलमा पढाउँदा विद्यार्थीलाई घोकाएर पढाइन्थ्यो; शिक्षकलाई सजिलो हुन्थ्यो भने आज त्यो परिपाटी अपनाइँदैन । शिक्षकले विषयवस्तु राम्ररी पढेर शिक्षण सामग्रीसहित कक्षामा जानुपर्ने समयको माग रहेकाले शिक्षकले नै बढी मेहनत गर्नुपर्ने उहाँको सल्लाह छ ।

सार्वजनिक स्कूलको पढाइ बिग्रनुमा गुटगत राजनीति र कमजोर शिक्षक नियुक्ति प्रक्रिया जिम्मेवार



किरण पाण्डे

**"आजभोलिका अधिकांश शिक्षक किताबमा घोकेका कुरा बाहेक पढाउनै सक्दैनन् । चोरेर पास गरेकाहरूलाई शिक्षक बनाएपछि यस्तै दुर्गति हुन्छ ।"**

रहेको उहाँको ठहर छ । उहाँ भन्नुहुन्छ, "आजभोलिका अधिकांश शिक्षक किताबमा घोकेका कुरा बाहेक पढाउनै सक्दैनन् । चोरेर पास गरेकाहरूलाई शिक्षक बनाएपछि यस्तै दुर्गति हुन्छ ।" यस बाहेक सार्वजनिक स्कूलमा भौतिक पूर्वाधारको अभाव र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको कमिलाई पनि प्रमुख समस्याको रूपमा लिनुहुन्छ उहाँ ।


वृन्दावन सरले राणा, पञ्चायत र बहुदल तीनै कालखण्डमा पढाउनुभयो । विगत जीवनको स्मरण गर्दै उहाँ हर्षले विभोर हुनुहुन्छ र शिक्षण पेशा अँगालेर त्यसैमा जीवन व्यतीत गर्न पाएकोमा सन्तोष व्यक्त गर्नुहुन्छ । उहाँलाई आफ्नो अङ्ग्रेजीको ग्रामर लेख्ने धोको पूरा गर्न नसकेकोमा मात्र पछुतो रहेछ । शिक्षक जस्तो सम्मानित पेशामा जीवन बिताउन पाएकोमा गौरवानुभूति गर्ने वृन्दावन सर आफ्नो सम्पत्ति भनेकै आफूले पढाएका विद्यार्थीलाई मान्नुहुन्छ । हुन पनि 'सिकर्मीको भऱ्याङ थोत्रो' भने झैं धन-सम्पत्ति कमाउन नसके पनि उहाँले पढाएका विद्यार्थीहरू विभिन्न ओहोदामा पुगेका छन्; नाम कमाएका छन् । धेरै भविष्यका कर्णधारलाई उहाँले असजिलो अवस्थाबाट पार लगाइदिनुभयो; अँध्यारोबाट उज्यालोतिर डोऱ्याउनु भयो- एउटा माझीले धेरै बटुवालाई नदी पार गराए झैं । उहाँ भने जीवनभर शिक्षण पेशामा नै रम्नु'भो, रमाउनु'भो ।

# गणितका चिन्ह

*शिक्षक* मासिक पुस अङ्कको पृष्ठ ६ मा लेखिएको 'गणित विषयको चिन्ह' भन्ने विषयमा खाटमन्दिर प्रावि, बागचौरी, त्रिनपा-१५, उदयपुरका शिक्षक साथी अर्जुनप्रसाद ढुङ्गानाको आग्रहलाई स्वीकार्दै आफूले जानेसम्म र प्रयोग गरेका विधिहरूलाई समेटी सामाधान पठाएको छु।

तल प्रस्तुत गरिएका सङ्ख्या रेखाहरूमा ० लाई उद्‌गम विन्दु, ० बाट पूर्वतिरलाई धनात्मक र पश्चिमतिरलाई ऋणात्मक मानिएको छ।


१) (+) + (+) = + [००+००० = ०००००]




एउटा मानिस उद्‌गम बिन्दु (०) बाट २ एकाई पूर्वतिर जान्छ। ऊ त्यहाँबाट पुन: ३ एकाई पूर्वतिर नै जान्छ भने उसको स्थिति ५ एकाई पूर्व हुन्छ। अर्थात् (+२) + (+३) = +५। तसर्थ (+) + (+) = + हुन्छ।

२) (+२) + (–) = – [सानो सङख्या – ठूलो सङ्ख्या]


(+००) + (–०००) = (–०)




एउटा मानिस उद्‌गम बिन्दु (०) बाट २ एकाई पूर्वतिर गएर त्यहाँबाट ३ एकाई पश्चिमतिर फर्कन्छ भने उसको स्थिति १ एकाई पश्चिम हुन्छ। अर्थात् (+२) + (-३) = -१। तसर्थ (+) + (–) = – हुन्छ।


(+) + (–) = (+) [ठूलो सङ्ख्या – सानो सङ्ख्या]

(+०००) + (–००) = (+०)





एउटा मानिस उद्‌गम बिन्दु (०) बाट ३ एकाई पूर्वतिर गएर २ एकाई पश्चिमतिर फर्कन्छ भने उसको स्थिति १ एकाई पूर्व नै हुन्छ। अर्थात् (+३) + (–२) = (+१)। तसर्थ; (+) + (–) = (+) हुन्छ।

३) (–) + (–) = (–) [(–००) + (–०००) = (–०००००)]




एउटा मानिस उद्‌गम बिन्दु (०) बाट २ एकाई पश्चिमतिर जान्छ। फेरि ऊ त्यहाँबाट ३ एकाई पश्चिमतिर नै जान्छ भने उसको स्थिति ५ एकाई पश्चिम नै हुन्छ। अर्थात् (–२) + (–३) = (–५)। तसर्थ; (–) + (–) = (–) हुन्छ।

४) + x + = + [००+००+०० = ००००००]





गुणन जोडको छोटो रुप हो। त्यसैले एउटा भ्यागुता उद्‌गम बिन्दु (०) बाट २/२ एकाईको दूरीमा तीन पटक उफ्रेर पूर्वतिर जाँदा त्यसको स्थिति ६ एकाई पूर्व हुन्छ।

अर्थात्; (+२) x (+३) = (+६) हुन्छ।

तसर्थ; (+) x (+) = (+) हुन्छ।

५) + x – = – तथा – x – = +




एउटा मोटर प्रतिमिनेट दुई युनिटको गतिमा पश्चिमतिर गइरहेको छ। भने;

१) ३ मिनेटपछि उक्त मोटर उद्‌गम बिन्दुबाट कति टाढा पुग्ला ?

२) ३ मिनेटअघि उक्त मोटर उद्‌गम बिन्दुबाट कति टाढा थियो होला ?

नोट: समयमा पछि भन्नाले धनात्मक र अघि भन्नाले ऋणात्मक हुन्छ।

त्यसैले;

मोटरको पश्चिमतिरको गति = –२ प्रति युनिट

३ मिनेट पछि भन्नाले = +३ मिनेट

३ मिनेट अघि भन्नाले = – ३ मिनेट

क) ३ मिनेटपछिको स्थिति = (+३ मिनेट) x (-२ युनिट प्रतिमिनेट)

= ६ युनिट पश्चिम

= –६ युनिट

ख) ३ मिनेट अघिको स्थिति = (–३ मिनेट) x (–२ युनिट प्रतिमिनेट)

६ युनिट पूर्व

+ ६ युनिट

तसर्थ; + x – = – तथा – x – = + हुन्छ।

६) भागमा पनि चिन्ह परिवर्तन गुणनमा जस्तै हुन्छ।

**उत्तमबहादुर तामाङ**
**नर्थपोल बोर्डिङ स्कूल, धैबुङ-९, जिबजिबे, रसुवा**

*(यस्तै प्रकृतिको समाधान शारदा उमावि, देउराली-१, भोजपुरका शिक्षक कुमार श्रेष्ठबाट पनि प्राप्त भएको छ।*

*अर्जुनप्रसाद ढुङ्गाना, त्रियुगा, उदयपुरको जिज्ञासा शान्त पार्न उद्यत् सबै शिक्षक तथा पत्र प्रेषकहरूलाई धन्यवाद दिँदै यो सन्दर्भ यही टुङ्गिएको जानकारी गराउँछौं। गणितका अन्य उपयोगी र चाखलाग्दा प्रसङ्ग एवं समस्याका समाधानहरूलाई भने सधैं स्वागत गरिने छ -सं.।)*


तपाई जहाँ हुनुहुन्छ त्यहीं
तपाई जहाँ पुग्नुहुन्छ त्यहीं
देशैभरि
उज्यालो 90 नेटवर्क
तपाई ढुक्कले
व्यवसाय गर्नुहोस
Broadcast System
Partner Radio Stations
National Coverage
सीधा कुरा, प्रष्ट विचार
Communication Corner Pvt. Ltd.
Kupondole, Lalitpur, Tel: 5546277
Fax: 977-1-5549357, E-mail: info@unn.com.np, URL : www.unn.com.np
Ujyaalo 90 Network
Sanepa, Lalitpur, Tel: 5551716


तपाईं जहाँ भएपनि...
नेपाल एफ.एम नेटवर्क
Nepal FM
91.8
N
तपाईंको रेडियोसेटमा......
मेचीदेखि कालापानीसम्म
कञ्चनपुरदेखि कञ्चनजङ्घासम्म
र, इन्टरनेटमा......
www.nepalfmnetwork.com
www.mazzako.com मार्फत संसारैभरि
radio@nepalfmnetwork.com

Sajan Kumar Karn



# ACT LOCALLY THINK GLOBALLY

The English teachers have to play the most dynamic and resourceful roles in order to make their teaching productive. Since no method has proved a universal remedy, the teachers need to tag along more interdisciplinary, hybridized and contextualized ways of teaching English.

Teaching of English has ever been in a state of change. We have had about a dozen of methods and techniques recommended at different times. To put it another way, teaching of English that began with Grammar Translation Method, passed through Direct Method, Audio-lingual Method, Silent Way, Total Physical Response, moved on Communicative Language Teaching and has also witnessed very recently Task–based, Content-based learning, Participatory approaches, Cooperative Learning and Multiple Intelligences. Nevertheless, no method has proved a panacea and therefore, today the era of method is said to have come to an end and ELT is now deemed to be in the post-method thinking. This is why, teachers of English instead of adhering to certain prescribed trends, put into practice diverse strategies at different times suitable to their contexts and contents to make their delivery more effective and motivating.

## Making a difference in ELT

*Reflect, Reflect, but please do not neglect*
*To try out something different next time.*

The above lines hummed by a renowned ELT expert Adrian Underhill in NELTA Conference stress the necessity of reflection to bring change in the existing ELT practices. According to him, an intelligent action in complex situations is unlikely to derive from the givens or universal models. Here are some measures that an English language teacher can take into consideration in order to make his/her teaching more productive and sparkling.

## Develop a Flexible Attitude to Paradigm Shifts

We know that everything today is altering. To survive and succeed in the changing milieu, all including the teachers of English need befriend change. Bill Clinton, the former president of America said: 'Profound and powerful forces are shaking and remaking our world and the urgent question of our time is whether we can make change our friend and not enemy'. ELT has ever changed owing to explorations in it. At the same time, global changes and local realities are sometime poles apart. In teaching, change is constant and adapting it to the local realities will always be an important challenge for ELT educators. Nevertheless, the teacher has to think globally but at the same time he has to act locally. In other words, the teachers should be innovative and should have liberal attitudes to paradigm shifts in ELT and should try them out. Further, they also need to develop local knowledge that applies precisely to the settings and circumstances they are working in.

## Use Anecdotes

Anecdotes are stories, usually from personal experience that people tell to make a point or entertain others during a conversation. Inserting anecdotes in presentations is a good strategy to attract and hold students' attention. The English language

teachers can use anecdotes form various sources to arouse students' interest and establish a meaningful and memorable context for learning. The benefits of using anecdotes in EFL/ESL class are as follows:

- Attention grabbing anecdotes may wake up sleepy students, engage unmotivated ones with the task and reinforce a context so it is not easily forgotten
- Anecdotes reinforce the friendly relationship between teachers and students
- Anecdotes provide cultural experience if they are about experiences in English speaking countries
- Anecdotes contain natural language and therefore develop learners' conversational skills
- Most importantly, short anecdotes can be used to motivate the students or to make the classroom more vibrant ( for effective classroom management)

Some considerations while using anecdotes

- Be honest, do not fabricate an anecdote on your own-students may understand it
- Be careful about local and national culture-students should not feel ashamed
- Make sure that anecdote is relevant to students' cognitive and intellectual development
- Point out its worth and objective
- Use short anecdotes which do not take more than five minutes
- Use anecdotes reciprocally-let students also sometime share their anecdotes

Let's not forget our friends Orville and Wilbur Wright. Journalists, friends, armed forces specialists, and even their father laughed at the idea of an airplane. "What a silly and insane way to spend money. Leave flying to the birds," they jeered. "Sorry," the Wright brothers responded. "We have a dream, and we can make it happen." As a result, a place called Kitty Hawk, North Carolina, became the setting for the launching of their "ridiculous" idea.

Finally, as you read these accounts under the magnificent lighting of your environment, consider the plight of Benjamin Franklin. He was admonished to stop the foolish experimenting with lighting. What an absurdity and waste of time! Why, nothing could outdo the fabulous oil lamp. Thank goodness Franklin knew he could make it happen. You too can make it happen!

## Initiate with Proverbs

Using proverbs in the EFL classroom, a teacher can draw the students' attention. Proverbs are thought provoking and therefore in addition to motivating the

### An anecdote:

## "I Can Make It Happen"

History abounds with tales of experts who were convinced that the ideas, plans, and projects of others could never be achieved. However, accomplishment came to those who said, "I can make it happen."

The Italian sculptor Agostino d'Antonio worked diligently on a large piece of marble. Unable to produce his desired masterpiece, he lamented, "I can do nothing with it." Other sculptors also worked this difficult piece of marble, but to no avail. Michelangelo discovered the stone and visualized the possibilities in it. His "I-can-make-it-happen" attitude resulted in one of the world's masterpieces - David.

The experts of Spain concluded that Columbus's plans to discover a new and shorter route to the West Indies was virtually impossible. Queen Isabella and King Ferdinand ignored the report of the experts. "I can make it happen," Columbus persisted. And he did. Everyone knew the world was flat, but not Columbus. The Nina, the Pinta, the Santa Maria, along with Columbus and his small band of followers, sailed to "impossible" new lands and thriving resources.

Even the great Thomas Alva Edison discouraged his friend, Henry Ford, from pursuing his fledgling idea of a motorcar. Convinced of the worthlessness of the idea, Edison invited Ford to come and work for him. Ford remained committed and tirelessly pursued his dream. Although his first attempt resulted in a vehicle without reverse gear, Henry Ford knew he could make it happen. And, of course, he did.

"Forget it," the experts advised Madame Curie. They agreed radium was a scientifically impossible idea. However, Marie Curie insisted, "I can make it happen."

## An elicitation game

- Tell the students that they are going to play a game named 'Backs to the Board"
- Divide the students into two groups
- Nominate volunteers for both the teams
- Write a word on the board-the team explains/elicits the word from the team leader using explanation, definition, gesture, mime etc. –they must not say the word, the volunteers do not look at the board.
- Listen carefully the word and award a point to the team that says the correct word.
- Then write another word and so on.
- Use words or phrases from the previous lessons

Using proverbs in the EFL classroom, a teacher can draw the students' attention. Proverbs are thought provoking and therefore in addition to motivating the students, they also develop the critical ability of the students.

students, they also develop the critical ability of the students. Particularly, the teacher can write a proverb on the board, discuss its meaning and compares it with similar or contrasting proverbs in students' own language and culture. Proverbs are fascinating tools for motivating students. However, they need to be contextual. Some of the sayings that can be used in the class are:

- A book is like a garden carried in the pocket. Arab Proverb
- A bird in the hand is worth two in a bush. English Proverb
- A friend in need is a friend indeed English Proverb
- A teacher is better than two books. German Proverb etc. can be used in the class to captivate the students' attention.

### Elicit as much as Possible

It is advantageous for English language teachers to ask the students as many questions as possible. Eliciting is a means to encouraging students to talk. Moreover, it is an excellent way of involving learners in the learning process. It is an effective way of getting learners use English. By asking questions, English language teachers can amplify students' speaking proficiency and lessen their inhibition. The teaching item taught previously can be recapitulated through elicitations. Elicitation is a strategy that can be used any time in the classroom to check students' understanding. With elicitation technique, it is possible to involve the students more in the presentation-by asking students for their ideas and suggestions, getting them to contribute what they know already.

The following are the rationales behind using elicitation technique in the classroom

- To evaluate the student's learning
- To analyze the learners' needs ( what they do not know)
- To promote active learning
- To promote learner-centered teaching
- To motivate the students allowing them to display their image
- To diminish teacher talk time(TTT) and increase students' talk time(STT)

Different things can be elicited from the students. Some of them are: vocabulary, contexts, meanings, rules, ideas, pronunciation, answers of questions, feelings and memories.

**How to elicit?**

a. *Using different questions*

Different kinds of questions can be asked to elicit information from students.

*Yes/no questions*

Yes/no questions are appropriate at beginning level. Less bright students can also be involved.

- Did Mr. Yadava go to Pokhara by plane

*Choice questions*

- Do you prefer tea or coffee?

*Wh-questions*

- How was the movie Spiderman?

*Inferential questions*

- What do you think could be the reason some people have recurring dream?

b. *Eliciting from pictures*

Pictures from either textbooks or other sources like newspapers or magazines can be used in the classroom to elicit new vocabulary. This activity focuses on what questions to ask to elicit language from a picture. For instance, a teacher takes a picture about farming in Terai region and asks the following questions:

- Where are they going to?
- What are they going to do?

*c. Acting out (Mimes)*

Different moods like angry, happy, and sad and movements of body like walking can be acted out and can be elicited from the student.

*d. Prompts*

Prompts are not questions but they do get students talking. Prompts can best be used after a text has been well exploited. Prompts can be made into a proper question form by prefixing them with Could you....? , or Who will...? For instance,

- Tell me about........
- Summarize the poem in your own words.

*e. Giving definitions or explanations or examples*

Definitions or explanations of abstract concepts can be used to elicit. For instance, offering definitions, the word democracy or bravery etc. can be elicited.

*f. Using concrete objects*

Concrete objects like pen, hanky scissors etc. can be used in the class to elicit words.

## Play Language Games

Communicative language teaching often makes use of games. The students find them enjoyable, and if they are properly designed, they give students valuable communicative practice. Different language learning games like bingo, secret messages, word games, guessing games, chain story etc. can be played in the class. Games do not only work as time fillers or mere warm-up activities but they also help learners to learn language unconsciously.

**Guessing game**

The guessing games are not only for fun but provide intensive language practice. Guess the picture; guess the sentence can be used very hilariously by language teachers in the EFL classroom.

**Guess the picture**

The teacher possesses a set of flashcards with simple pictures. The teacher picks up one of them, does not show it to the class and ask the students to guess by asking questions. For example,

*Teacher:* *Guess how I went to Janakpur*
*Students:*

- *Did you go by car?*
- *Did you go by bus?*

### Guess the sentence

The teacher writes a sentence on a piece of paper or card. He does not show it to the students but writes the basic structure on the board. For instance,

*Teacher:* *I went (somewhere) to (do something)*
*Student:*

- *Did you go to market?*
- *Did you go to college?*

### Use Songs, Rhymes and Jokes

Particularly with the students of primary level, the use of songs and rhymes is highly beneficial. When the students recite or sing they assume the command of supra-segmental or prosodic features of language. Songs and rhymes also give insights into the target language culture. They are motivating. Songs, poems and rhymes have musical qualities and music creates a happy and relaxed atmosphere.

### Rhyme

London Bridge is falling down
Falling down, falling down
London Bridge is falling down, my fair lady

Build it up with bricks and stone,
Bricks and stone, bricks and stone
Build it up with bricks and stone, my fair lady

Particularly with the students of primary level, the use of songs and rhymes is highly beneficial. When the students recite or sing they assume the command of supra-segmental or prosodic features of language.


This article is coordinated by NELTA.

(The author is associated with Thakur Ram Multiple Campus and NELTA, Birgunj)

# फुर्सद



## शब्द खेल-१७



नामः ___________________

ठेगानाः ___________________

### तेर्सो

१) आफ्ना महान् गुणहरूको प्रभाव अरूमा पार्ने व्यक्ति/महाशय
४) लाउने भाव, क्रिया वा प्रक्रिया/पहिरन
६) रेखाद्वारा तयार गरिएको कुनै चित्र/रेखाचित्र
७) पहिलेदेखि चलिआएको भनेर कुनै किसिमको सोचविचार नगरी अँगालिएको रीतिरिवाज
९) आफ्ना दुःखपीर आदि अरूसित पोख्ने काम/दुःख बेसाइ/बिलौना
१०) अनुमान/अन्दाज
१२) बिग्रेर, भत्केर, नासिएर आदि किसिमले स्वाहा हुने स्थिति
१३) ढुंगा माटो आदिमा लाग्ने चिप्लो पदार्थ/लेउ
१६) देवराज इन्द्रको स्वर्गस्थित बगैंचाको नाम
१७) हातहतियारसहितको फौज/सेना र त्यसको सरसामान/ मानिसको ताँती

### ठाडो

१) खाँबा गाडेर फल्याक बिछ्याई बनाइएको बस्ने वा घाँस पराल आदि राख्ने ठाउँ
२) नुन हालिएको/नुन बढी भएको
३) धरती; पृथ्वी/एक देवीको नाम
४) गोलमाल/लटनपटन/गडबडी/छ्यासमिस
५) जेरूसलम राजधानी भएको यहुदीहरूको स्वतन्त्र राष्ट्र
८) जीवन निर्वाह गर्ने पद्धति/लवाइ खवाइ, व्यवहार परम्परा आदिको ढाँचाकाँचा
९) धेरै परिश्रमले थाकेर लस्त भएको/अति थकित
११) यस लोकको जिन्दगानी/सांसारिक प्रपञ्च/जिन्दगी
१४) परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता/भगवान्/परमेश्वर
१५) समुद्रको पानी वेगले बहँदा वा छचल्किँदा उठेको लहर

## आयुर्वेद अमलाको ओखती

अमला भिटामिन 'सी' को सबभन्दा राम्रो स्रोत हो । एउटा अमलामा हुने भिटामिन 'सी' बराबरको भिटामिन 'सी' लिने हो भने हामीले केरा भए चारवटा, ठूलो सुन्तला भए दुई वटा र गोलभेँडा भए आठ वटा खानुपर्ने हुन्छ । अमलालाई ओखतीको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

१) शरीरमा कतै धारिलो हतियारले लागेर घाउ भएको छ भने घाउ लागेको ठाउँमा ताजा अमलाको रस लगाइदिनुस्, रगत थामिन्छ ।
२) ताजा अमलाको रस दुई चिया चम्चा र त्यति नै मात्रामा मिश्री मिसाएर पिइदिएमा अम्लपित्त (एसिडिटी) शमन हुन्छ ।
३) ५० मिलिलिटर मात्रामा ताजा अमलाको रस र महको घोल पिइसकेपछि एक गिलास (२५० मि.लि.) दूध पिउनुभयो भने त्यसले तपाईँको ज्ञान-तन्तुलाई उत्तम पोषण दिन्छ । केही दिन यसरी नै पिइरहनुभयो भने शरीरमा नवीन शक्ति, चेतना र यौवनको संचार हुन थाल्छ ।
४) २-४ घण्टाको लागि पानीमा अमला भिजाइराख्नुस् अनि त्यही पानीले नुहाउनुस् । यसले तपाईँको आयु बढाउँछ र कपाल पनि चाँडै फुल्न दिँदैन ।
५) बच्चाको बोली प्रस्ट भइरहेको छैन अथवा भकभके भएर कुरा गर्ने गर्छ भने त्यो बच्चालाई ताजा अमला चपाइराख्न दिनुपर्छ । यसले गर्दा बच्चाको जिब्रो पातलो भएर जान्छ र घाँटीबाट स्पष्ट स्वर निस्कन थाल्छ ।
६) महिलाको पिसाब फेर्ने अंगमा पोल्ने र चिलाउने भइरहेको छ भने अमलाको ताजा रसमा चिनी हालेर दिनहुं पिइदिने गर्नुपर्दछ, निको हुन्छ ।

**नियमः** शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञानको सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० चैत २०६६** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर ।

## सुडोकु–१७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ८ | | | ४ | | | १ | ९ |
| ९ | | | ५ | | १ | | | ८ |
| | | ५ | | | | ६ | | |
| | ६ | | | ८ | | | ९ | |
| ८ | | | २ | | ९ | | | ४ |
| | ५ | | | १ | | | २ | |
| | | ८ | | | | ७ | | |
| ७ | | | ८ | | ५ | | | १ |
| ५ | ९ | | | २ | | | ८ | ६ |

**नाम:** ___________________

**ठेगाना:** ___________________

## सुडोकु–१५ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ४ | ९ | ८ | ३ | ५ | ६ | २ | १ |
| ६ | १ | ५ | ७ | २ | ४ | ३ | ९ | ८ |
| २ | ८ | ३ | ९ | ६ | १ | ४ | ७ | ५ |
| ४ | ७ | ८ | २ | १ | ६ | ९ | ५ | ३ |
| ५ | ३ | १ | ४ | ७ | ९ | ८ | ६ | २ |
| ९ | ६ | २ | ५ | ८ | ३ | १ | ४ | ७ |
| १ | ९ | ७ | ६ | ५ | ८ | २ | ३ | ४ |
| ३ | ५ | ६ | १ | ४ | २ | ७ | ८ | ९ |
| ८ | २ | ४ | ३ | ९ | ७ | ५ | १ | ६ |

## सामान्यज्ञान–१७

१. 'हरित क्रान्ति' अन्नको उत्पादनसँग, 'श्वेत क्रान्ति' दूध उत्पादनसँग अनि 'नीलो-क्रान्ति' माछा उत्पादनसँग सम्बन्धित छ भने 'पहेंलो-क्रान्ति' ले केको उत्पादनसँग सम्बन्ध राख्छ ?

२. मानिसलाई बाँच्नका निम्ति अक्सिजन नभई नहुने कुरा हो । एउटा व्यक्तिलाई दैनिक रूपमा औसत साढे दुई किलो अक्सिजनको आवश्यकता पर्दछ । अब भन्नुहोस् एउटा स्वस्थ रूखले दैनिक कति अक्सिजन पैदा गर्न सक्छ ?

३. नेपालको कालीगण्डकी नदीमा पाइने शालिग्राम ढुङ्गाको वरिपरि एमोनाइट जमेर बनेको सारो वस्तु हो, यसमा चुम्बकीय शक्ति हुन्छ । अब भन्नुहोस्, हिन्दू धर्मावलम्बीले विष्णुको चिन्ह मानेर पूजा गर्ने यो वस्तु नेपालका कुन राजाको पालादेखि प्रचलनमा आएको हो ?

४. १९९० सालको नेपालको पहिलो एसएलसी परीक्षामा सहभागी ३४ परीक्षार्थीमध्ये १९ जना मात्र उत्तीर्ण भएका थिए । दोस्रो श्रेणीको अंकमै बोर्ड प्रथम हुने ती भाग्यमानी को थिए र उनले कुल कति अंक हासिल गरेका थिए ?

५. माछाको सिकार गर्न सिपालु माटीकोरे चराहरू सिमसार क्षेत्रमा पाइन्छन् । माटीकोरे चराको अङ्ग्रेजी नाम के हो ?

### सामान्यज्ञान–१५ को सही उत्तर

१. गोहीको शरीरमा आँसु पैदा गर्ने ग्रन्थी नै हुँदैनन्, के को आँसु बगाओस् ! यथार्थ के हो भने सिकार खाँदा उसको शरीरमा भएको लवण पानीमा घोलिएर बाहिर निस्कन्छ । त्यस्तो नुनिलो पानी निस्कने ग्रन्थी चाहिँ उसको आँखा नजिक हुन्छ । हाम्रा अज्ञानी आँखाले त्यसैलाई आँसु देख्छन् ।


२. संसारमा बर्सेनि औसत २० वटा भाषा लोप भइरहेको मानिन्छ ।

३. अहिलेसम्म भएका विश्वकप फूटबल प्रतियोगितामा लगातार भाग लिने देश ब्राजिल हो ।

४. दुवै आँखा खुल्ला राखेर निदाउने जीव माछा (डल्फिन) हो ।

५. सन् १९५३ मा पहिलोपटक सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्दा तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले संयुक्त राष्ट्रसंघ, बेलायत, नेपाल र भारतको झण्डा चुचुरोमा गाडेका थिए ।

## अन्ताक्षरी-१७




**नामः** _ _ _ _ _ _

**ठेगानाः** _ _ _ _ _ _

१) रूद्राक्षका दानाको माला/जपमाला (४)
२) लामा खुट्टा हुने/अग्लो र नसुहाउँदो खालको/लाम्टाङे मानिस (४)
३) मनग्ये/छेलोखेलो/रासका रास/थुप्रो-थुप्रो (२)
४) कानको पुछारमा झुण्डिएको नरम अवयव (२)
५) घोच्ने किसिमले टुप्पो तिखारिएको (२)
६) पाखा भित्ताको बाँझो जग्गा/आली, कान्ला आदि भत्केर बिग्रेको जग्गा (३)
७) आवागमनका कुनै पनि साधन/बाटोघाटो (४)
८) तरल पदार्थ थोपा थोपा गरी चुहुने वा खस्ने चाल (४)
९) डराएर वा परिस्थितिसँग हारेर भाग्ने काम (४)
१०) 'सकारात्मक'को विपरीत शब्द (५)
११) नाटक, कथा, उपन्यास आदिमा पात्रहरूका बीचमा हुने वार्तालाप (५)
१२) नाक, मुख नचाएर नक्कल पारेर कुरा गर्ने पुरूष (६)
१३) लोभ र लालचले हुने अधर्म विचार (६)
१४) नीतिले बताएअनुसारको/नीतिबमोजिमको (५)
१५) कुनै गुटमा नलाग्ने/कसैको पक्ष नलिने (३)
१६) ठाउँ/थलो/स्थान/धरातल (२)

### शब्दखेल-१५ को सही उत्तर

तेर्सोः १) अविराम ४) अति ६) मास ८) कानुन ९) मखमली ११) तिरिमिरी १३) अलमल १५) आनन्दित १७) रसिलो १८) रन्को २०) भर २१) नामसारी
ठाडोः २) विधि ३) महाकाली ४) अवनति ५) रसबरी ७) लाम १०) मलम १२) रिबन १३) असुरक्षा १४) लरबर १५) आलोचना १६) तर १९) वासा

### अन्ताक्षरी-१५ को सही उत्तर

१) कसकास २) सहोदर ३) रमझम ४) मनमोहक ५) कबुलियतनामा ६) मालपोत ७) तमाम ८) मनोरञ्जन ९) नलुवा १०) वाचाल ११) लजालु १२) लुछालुछ १३) छलकपट १४) टहल १५) लथालिङ्ग

---

**शब्दखेल-१५ः** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *नारायणकुमार श्रेष्ठ,* नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- नेत्रबहादुर के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- प्रतिमा राई, सेन्ट जेभियर्स स्कूल, गोदावरी, ललितपुर
- दलबहादुर यस्माली, ठूलोचौर मावि, मैदी-७, धादिङ
- महेश्वरप्रसाद खतिवडा, त्रियुगा उमावि, गाईघाट, उदयपुर
- हेमराज अर्याल, नलाङ निमावि, नलाङ, धादिङ
- रमेशमोहन अधिकारी, कालिका मावि, नामटार, मकवानपुर
- इन्द्रकुमार श्रेष्ठ, सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुङ्गा
- ईश्वरी श्रेष्ठ, पाटन संयुक्त क्याम्पस
- रमेश ढुङ्गाना, भानु उमावि, डाँडाबजार, धनकुटा
- वासुदेव पोखरेल, महारूद्र मावि, बोलङ, हिमगंगा-८, रामेछाप
- बलराम दोरङ्गा, जनप्रिय मावि, भाटखोला, स्याङ्जा
- बद्रीप्रसाद घिमिरे, टेकानपुर-४, सिन्धुपाल्चोक
- इन्द्रबहादुर थापा, सर्वोदय जनक मावि, विनामारे, बाग्लुङ
- मीठू डल्लाकोटी, श्री निमावि, बजरहट्टी, वीरेन्द्रनगर, चितवन
- उद्धवप्रासद सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- कमलप्रसाद फुँयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- पुस्तराज कँडेल, चण्डीदेवी निमावि, हर्दिनेटा-९, गुल्मी
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मल्कवाङ-७, म्याग्दी
- वसन्त काफ्ले, वोया-५, भोजपुर (हालः कीर्तिपुर)
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूलेतेनुपा-५, धनकुटा
- दानबहादुर मगर, काठमाडौं
- सविता सापकोटा, प्रगति उमावि, हेटौंडा-९, मकवानपुर
- दिव्यराज सुवेदी, पञ्चकन्या प्रावि, ओखे-१, भोजपुर

**सुडोकु-१५ः** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *अमृतप्रसाद चापागाई,* पाङ धैरेनी उमावि, पर्वत ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- विश्वनाथ दाहाल, श्री माध्यमिक विद्यालय, लदाभीर-२, सिन्धुली
- कमलप्रसाद फुँयाल, नेत्रकाली, उमावि, आँपडाँडा, सिन्धुली
- पाण्डवकुमार पौडेल, जनसेवा प्रावि, बाघहाने-३, सुर्खेत
- सुमन श्रेष्ठ, भ्याली भ्यू, मध्यबानेश्वर, काठमाडौं
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर, रामेछाप
- राजकुमार राई, प्रभात से.ई. स्कूल, कटारी-४, उदयपुर
- विवेक श्रेष्ठ, ग्रामीण आदर्श ब. क्याम्पस, नेपालटार, काठमाडौं
- नवराज सापकोटा, वृद्धि कल्याण प्रावि, श्रीनाथकोट, गोरखा
- धनञ्जय आचार्य, सरस्वती मावि, पाम्का, सुर्खेत
- भवानी आचार्य, सर्वोदय जनक मावि, विनामारे, वाग्लुङ
- कपिलबहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- मंगल लिम्बू, धरान-१९, भिक्टोरिया चोक, सुनसरी
- विवेक पन्त, डल्लु, का.म.न.पा.-१५, काठमाडौं
- ध्रुवप्रसाद ढकाल, फुजेल-५, गोरखा
- माधव अधिकारी, जनहित मावि, खनालथोक-८, काभ्रे
- रेनु खनाल, पिपलधारा-५, गुल्मी
- इन्दिरा पराजुली, ज्याम्दी-८, काभ्रेपलाञ्चोक
- चन्द्रमणि अर्याल, दुलेगौंडा-९, बेलचौतारा, तनहुँ
- रामशरण पुडासैनी, कल्याणीदेवी मावि, जिलिङ, नुवाकोट
- राजनारायण मण्डल, सिपातीनघरे सं.उमावि, सिन्धुपाल्चोक
- मीठू डल्लाकोटी, श्री निमावि बजरहट्टी, चितवन
- चन्द्र प्रकाश बजगाईं, छतिवन-५, गोठखोला, मकवानपुर
- पूर्णप्रसाद भट्ट, मुक्रापदेवी मावि, जेर्तुङ-२, बोराङ, धादिङ

- धनुषराजु राई 'राशि', कटारी-६, उदयपुर
- उपेन्द्रबाबु ढकाल, सूर्योदय प्राविं, कट्टेलडाँडा, गोरखा
- निरञ्जनकुमार श्रेष्ठ, दुर्गा उमावि, मागादेउराली, दोलखा
- धननारायण श्रेष्ठ, कल्लावारी मावि, दूधपोखरी-८, दोलखा
- रामकाजी लकाई खड्का, साँगुते मावि, फस्कू-२, दोलखा
- वीरसिंह बगाल, लटीनाथ प्रावि, बरमुडे, दार्चुला
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझुवा-४, रामेछाप
- ओमबहादुर भण्डारी, बघौडा-९, रमाइलोडाँडा, माडी, चितवन
- गीता जोशी, कीर्तिपुर-९, काठमाडौं
- रामफल राना, राष्ट्रिय प्रावि, परासन-२, कञ्चनपुर
- ध्रुवकुमार नेपाल, जिल्ला भू-संरक्षण कार्यालय, स्याङ्जा
- वसन्त काफ्ले, वोया-५, भोजपुर
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूलेतेनुपा-५, धनकुटा
- बमकान्त भट्टराई, प्रगति प्रावि, देवदह-१, रूपन्देही
- लक्ष्मी राई, तोपगाछी, झापा
- प्रतिमा राई, सेन्ट जेभियर्स स्कूल, गोदावरी, ललितपुर
- दानबहादुर मगर, काठमाडौं
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मल्कवाङ्-७, म्याग्दी
- रामाकान्त चौधरी, नेपाल टेलिकम, के.का., भद्रकाली
- रामप्रसाद शर्मा, बालजागृति प्रावि, म्याग्दी
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- इरू श्रेष्ठ, खार्छे, ललितपुर
- प्रदीप बस्नेत, गोल्मादेवी मावि, उदमवास-३, सिन्धुपाल्चोक

**अन्ताक्षरी-१५:** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *बलराम इटनी,* त्रिपुरा सुन्दरी, उमावि, खरी-४, धादिङ ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- बद्रीप्रसाद घिमिरे, टेकानपुर-४, सिन्धुपाञ्चोक
- लालबहादुर साउद, महाकाली बाल विद्यालय, मझगाउँ, भीमदत्त न.पा.-१७, कञ्चनपुर
- कमलप्रसाद फुँयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- बलराम दोरङ्गा, जनप्रिय मावि, भाटखोला, स्याङ्जा
- देवी कुमारी राई, काँकु मावि, भेडाचौर, सोलुखुम्बु
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मल्कवाङ-७, म्याग्दी
- कृष्णप्रसाद अधिकारी, खाल्ले-८, खोटाङ
- पुस्तराज कँडेल, चण्डीदेवी निमावि, हर्दिनेटा-९, गुल्मी
- रमेशमोहन अधिकारी, कालिका मावि, नामटार, मकवानपुर
- नेत्रबहादुर के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- गोविन्दबहादुर घर्ती, सर्वोदय जनक मावि, विनामारे, बाग्लुङ
- मीनकुमार दाहाल, शीतला मावि, खाल्ले, खोटाङ
- राजु बुढाथोकी, लाकुरीडाँडा प्रावि, दोलखा
- जगन्नाथ पौड्याल, सरस्वती मावि, सिमघाट-८, सुर्खेत
- रमेश ढुङ्गाना, भानु उमावि, डाँडाबजार-१, धनकुटा
- रामशरण पुडासैनी, कल्याणीदेवी मावि, जिलिङ-३, नुवाकोट
- उद्धवप्रसाद सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- शिवकुमारी राई, जलेश्वर प्रावि, फलाँटे-४, धनकुटा
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूलेतेनुपा-५, धनकुटा
- प्रकाश खड्का, वेस्ट प्वाइन्ट इङ्लिस बोर्डिङ स्कूल, झलारी-७, कञ्चनपुर
- रामाकान्त चौधरी, नेपाल टेलिकम केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा
- नरेन्द्रकुमार नगरकोटी, रयाले-३, काभ्रे
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- इरू श्रेष्ठ, एनसीएम कलेज, धोबीघाट
- नारायण सापकोटा, थुमाको डाँडा-७, कास्की

**सामान्यज्ञान-१५ को कसैबाट पनि सही समाधान प्राप्त हुन सकेन ।**



# पत्रकारिता छोडेर शिक्षक



नरेन्द्र रौले


## रतन अएडि

**प्रअ, रत्न मावि, कैलाशमाण्डौ, बाजुरा**


**शिक्षक बन्ने सपना पाल्नुभएको थियो ?**

पटक्कै थिएन ।

**कसरी शिक्षक बन्नुभयो त ?**

म २०५५ सम्म काठमाडौंमा पत्रकारिता गर्थें । ०५६ को आमनिर्वाचनका बेला समाचार सङ्कलनका लागि बाजुरा आइपुगें । त्यो बेला राजेन्द्र दाहाल *(हाल यस पत्रिकाका सम्पादक)* ले 'चुनावमा धामी-झाँक्रीको प्रयोग' विषयमा खोजमूलक रिपोर्टिङ गर्न पठाउनुभएको थियो । तर त्यतिबेला यतै भुलें र पत्रकारिता छाडेर शिक्षण पेशामा पसें । राजेन्द्र दाइले पेस्कीस्वरुप दिनुभएको रु.४ हजार अझैसम्म फिर्ता गरेको छैन ।

**पत्रकारिता र शिक्षणमध्ये कुन पेशा राम्रो रहेछ ?**

पेशाले पत्रकारिता र सेवाले शिक्षक पेशा राम्रो लाग्यो ।

**राजधानीमा पत्रकारिता गरिरहेको व्यक्ति एक्कासि बाजुरा पुग्दा अप्ठ्यारो लागेन ?**

शुरुशुरुमा अनौठो लागेको थियो । काठमाडौंमा बिताइरहेको जीवन रमाइलो थियो । दुर्गममा आउँदा निकै कष्ट भोग्नुपर्‍यो । घुलमिल हुन समय लाग्यो । बिस्तारै रमाइलो लाग्दै गयो । अहिले त एकदम 'इन्ज्वाय' गरिराखेको छु ।

**बेकारमा शिक्षक हुन आइएछ भन्ने त लागेको छैन ?**

छैन । कहिलेकाहीं आफूले काम गर्दाका साथीहरूको याद भने अवश्य आउँछ ।

**अरू स्कूलभन्दा कुन कुन कुरामा तपाईंको स्कूलले फरक पहिचान बनाएको छ ?**

धेरै कुरामा फरक छ । हामीकहाँ बालमित्रवत् पढाइ हुन्छ । दण्डलाई निरुत्साहित गरेका छौं । विद्यार्थीहरूलाई पिट्ने काम पटक्कै हुँदैन । बरु स-साना कुरादेखि लिएर स्कूलका कतिपय कुरामा पनि विद्यार्थीहरूलाई नै निर्णय गर्न लगाउँछौं । पढाइसँगै अतिरिक्त क्रियाकलाप पनि गर्छौं । पढेलेखेका, जान्नेबुझ्ने र संघसंस्थाका प्रतिनिधिहरूलाई हरेक हप्ता स्कूलमा निम्त्याएर उहाँहरूले बटुल्नुभएको विषयगत ज्ञानलाई विद्यार्थीमाझ बाँड्न लगाउँछौं ।

**शिक्षकको भूमिका के हो ?**

हामी त सहजकर्ता मात्र हौं ।

**विद्यालयको शैक्षिक नतिजा कस्तो छ ?**

२०६६ को एसएलसी परीक्षामा ५१ जनामध्ये ८ जना प्रथम श्रेणीसहित सबैले पास गरे । २०६४ मा ७५ जना मध्ये ७४ ले पास गरेर जिल्लामै उत्कृष्ट स्थान हासिल गर्न सफल भयौं जसबापत जिशिकाले रु.१ लाख प्रदान गर्‍यो । एसएलसी बाहेक अन्य कक्षाहरूमा पनि अपेक्षाकृत राम्रो नतिजा छ ।

**शिक्षण पेशामा कस्ता कठिनाईहरू झेल्नुपर्छ ?**

एकैचोटि सामाजिक रुपान्तरण गर्न गाह्रो र असम्भव हुँदोरहेछ । गरिबी, अशिक्षा र जनचेतनाको कमी भएको ठाउँमा धेरै चिजसँग पौंठेजोरी खेल्नुपर्छ । पाठ्यसामग्रीको अभाव, भौगोलिक कठिनाई र दरबन्दीको कमी जस्ता धेरै समस्या छन् ।

**तपाईं प्रअ बनेपछि भएका उल्लेखनीय काम ?**

जीर्ण हुँदै गएको भवन मर्मत भयो । काठमाडौंका विभिन्न संघ, संस्था र व्यक्तिहरूसँग सहयोग लिएर पुस्तकालयको स्थापना गरियो । हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप गर्ने परिपाटी बसालें । यसै शैक्षिक सत्र २०६६ देखि विद्यालयको लोगोसहित टाइ र समान ड्रेसको सुरुआत गर्ने यो बाजुराको पहिलो स्कूल भएको छ ।

**आफूहरूले स्कूलको शैक्षिक गुणस्तर सुधार गर्न गरेको प्रयासप्रति सन्तुष्ट हुनुहुन्छ ?**

छैन । काठमाडौंका विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्न धेरै मेहनत गर्नुपर्छ । हामी त्यस्तै योग्य र सबल बनाउन खोजिरहेका छौं । जसका लागि ठूलै क्रान्ति गर्नुपर्ने छ ।

**शिक्षक भएर ध्यान दिनुपर्ने कुरा के के हुन् ?**

शिक्षक मात्र होइन गुरु बन्ने प्रयास गर्नुपर्छ । विद्यार्थीलाई मानव बनाउने प्रयत्न गर्नुपर्छ ।

**अरू शिक्षकलाई के सुझाव दिनुहुन्छ ?**

ग्रामीण क्षेत्रमा शैक्षिक स्थिति खस्कँदै गएको छ । शिक्षकहरूले अतिरिक्त समय दिएर विद्यार्थीहरूको पढाइको गुणस्तर सुधार्नमा लगाउनुपर्छ । सधैं कुट्ने, पिट्नेभन्दा पनि रमाइलो तरिकाबाट उनीहरूलाई पढाउने वातावरणको सिर्जना गर्नुपर्छ । 📖

प्रस्तुतिः **नरेन्द्र रौले**

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

१. ताप्लेजुङ्ग
सरस्वती पुस्तक पसल, ०२४-४६०१७१

२. पाँचथर
सरस्वती पुस्तक पसल,
फिदिम: ०२४-६९००८३

३. इलाम
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

४. झापा
- श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दमक: ०२३-५८४१२५, ९८४२६२०७५७
- जीविका इन्टरप्राइजेज
बिर्तामोड: ९८४२६२४६७७

५. सङ्खुवासभा
शिखर बुक्स एण्ड स्टेशनरी
खाँदबारी: ०२९-५६०००७, ९८४२०५१६८४

६. तेह्रथुम
श्रेष्ठ भण्डार
म्याङलुङ: ०२६-४६०१९३, ९८४१६८७७०७

७. भोजपुर
त्रिवेणी छापाखाना, ०२९-४२०१९०

८. मोरङ
- वाणी प्रकाशन
विराटनगर: ०२१-५२८१२०, ९८०४३०१४४१
- कट्टेल डिष्ट्रिब्युसन एजेन्सी
विराटनगर: ९८५२०२२५३३, ०२१-५३२३८७

९. सिरहा
सीता नोबेल न्युज सेन्टर
लहान-१: ०३३-५६००२७, ९८४२८२००८१

१०. उदयपुर
अनुप पुस्तक पसल
कटारी: ०३५-४५००१३, ९७४३००८१३३

११. खोटाङ
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल: ०३६-४२०२३२, ९८४२८४९२३२

१२. सर्लाही
गणेश स्टेशनरी
लालबन्दी: ०४६-५०११३८

१३. सिन्धुली
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

१४. रामेछाप
- जे.एन. पुस्तक पसल
मन्थली: ०४८-५४०३१०, ९७४१०५००११
- मिलिजुली पुस्तक तथा स्टेशनरी
मन्थली: ०४८-५४००८३

१५. दोलखा
- हारती स्टेशनरी एण्ड सप्लायर्स
भीमेश्वर: ०४९-४२१३२७, ९८४४०६५४६६
- जिरी स्टेशनरी
जिरी: ०४९-६९०४७८, ९७४४००१०१६

१६. काभ्रे
- प्रगति पुस्तक पसल
बनेपा: ०११-६६१२५७, ९८४१६०६५०६
- श्रेष्ठ ट्रेडर्स
पनौती: ०११-४४००५४, ९८४१४७४९५१
- सञ्जय स्टोर
धुलिखेल: ०११-४९०४६४, ९८५१०६३४३४

१७. सिन्धुपाल्चोक
केशव स्टेशनरी
चौतारा: ०११-६२०२२६, ९८४१९२४४३७

१८. रौतहट
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर: ०५५-५४०५०२

१९. बारा
गौरीशङ्कर पुस्तक पसल
निजगढ: ०५३-५४०१९२, ९८४५०३४९७१

२०. पर्सा
माइस्थान बुकसप
वीरगन्ज: ०५१-५२३४५०

२१. मकवानपुर
समाचार केन्द्र
स्कूल रोड, हेटौंडा: ९८४५१०५०७१

२२. काठमाडौं
- ए.बी.जी. स्टेशनरी
बुढानिलकण्ठ: ०१-४३७७४९५
- रवि न्यूज हाउस
फर्पिङ: ९८४१२७८९२३

२३. भक्तपुर
न्यू कस्टोमर सोलुसन
सूर्य विनायक: ९८०३०८१५०२

२४. चितवन
नारायणी पुस्तक सदन
नारायणगढ: ०५६-५२१२८०, ९८४५०६३९२३

२५. धादिङ
- त्रिपुरा पुस्तक पसल
धादिङवेसी: ०१०-५२०१९०
- न्यू धादिङ स्टेशनरी
निलकण्ठ: ०१०-५२०६६५
- हिमाल बुक्स एण्ड स्टेशनरी
धादिङ, बैरेनी: ०१०-५२९२६०

२६. नुवाकोट
उत्सुक जेनेरल स्टोर
बिदुर: ०१०-५६०४१९

२७. नवलपरासी
मिलन पुस्तक पसल
सुनवल: ०७८-५७०२११, ९८४७०२२१०८

२८. तनहुँ
- गण्डकी पुस्तक पसल
दमौली: ०६५-५६०१२८, ९८५६०२४४५६
- अविद स्टेशनर्स
डुम्रे: ०६५-५८००५५, ९८४६०६०८०१

२९. गोरखा
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग: ०६४-४२०१६३, ९८५६०२७३७५

३०. लमजुङ
झरना पुस्तक पसल
बेसीशहर: ०६६-५२०५१०, ९८४६०९९८३६

३१. रूपन्देही
- सरल स्टेशनरी केन्द्र
भैरहवा: ०७१-५२१७३४, ९८४७०२३२२९
- विशाल पुस्तक पसल
बुटवल: ०७१-५४६५५९

३२. पर्वत
जय दुर्गा स्टेशनरी, कुस्मा: ०६७-४२०२९३

३३. गुल्मी
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

३४. पाल्पा
श्रेष्ठ न्युज एजेन्सी
तानसेन: ०७५-५२०१८२

३५. अर्घाखाँची
उमेश छापाखाना
सन्धिखर्क: ०७७-४२०१७०

३६. दाङ
- खनाल पुस्तक पसल
भालुबाङ: ०८२-५८०१५८
- रावल पुस्तक पसल
लमही, फोन: ०८२-५४००८०
- जनता बुक स्टल, घोराही
फोन: ०८२-५६०२६९, ९८४७८३२१५४
- नयाँ ज्योती अफसेट प्रेस
तुलसीपुर, फोन: ०८२-५२०९२१

३७. बाँके
- हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
फोन: ०८१-५२३८४८
- न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
फोन: ०८१-५२२५६३, ९८४८०२२७९९
- न्यू आदर्श बुक्स एण्ड स्टेशनरी
वी.पी.चोक, नेपालगञ्ज, ०८१-५२३८१५
- क्षितिज न्यूज कर्नर
कोहलपुर, फोन: ०८१-५४१६०८

३८. बर्दिया
- जनप्रिय पुस्तक पसल
गुलरिया: ०८४-४२०२११
- न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

३९. सुर्खेत
- संगम पुस्तक पसल
सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६
- अल्फा स्टेशनरी
बुद्धपथ: ०८३-५२११३७
- न्यू बिहानी पुस्तक पसल
छिन्चु, फोन: ०८३-५४००५३

४०. दैलेख
शर्मा स्टेशनरी
दैलेख: ०८९-४२००७४, ८४८०६२८९६

४१. कैलाली
निलम पुस्तक पसल
अत्तरिया: ०९१-५५०७३८, ९८५८४२०७३८

४२. अछाम
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४१११९२९७

४३. कञ्चनपुर
महाकाली समाचार केन्द्र
महेन्द्रनगर: ०९९-५२१६५३

४४. डडेलधुरा
तारापुञ्ज स्टेशनरी
०९६-४२०१९५, ९७४१०४७५४०

४५. दार्चुला
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५

यहाँहरूलाई उपलब्ध भइरहेको *शिक्षक* मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।

म.क्षे.हु.नि. द.नं. ५/२०६५/०६६

